असोज - १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क ११ | २०८० असोज १-१५ | पूर्णाङ्क ७४९

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- अध्यक्ष**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री नगेन्द्रकेशरी पोखरेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री अविधान सापकोटा
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री पुष्पा पराजुली

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	२	इजलास नं. ६	११
इजलास नं. १	६	इजलास नं. ७	४
इजलास नं. ३	६	इजलास नं. ८	५
इजलास नं. ४	७	इजलास नं. १०	३
इजलास नं. ५	३	इजलास नं. १४	७
जम्मा	**२४**	**जम्मा**	**३०**

कूल जम्मा २४ + ३० = ५४

नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः

सअ बुलेटिन, २०८..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०८०, असोज – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			१ - ३
१.	परमादेशसमेत	जीवन कुमार प्रधानसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत	१
२.	उत्प्रेषणयुक्त परमादेश	गोमा कुमारी गुरूङ वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत	२
इजलास नं.१			३ - १०
३.	भ्रष्टाचार (रिसवत/घुस)	गुलाब चौधरी वि. नेपाल सरकार	३
४.	भ्रष्टाचार (रिसवत/घुस)	शैलेन्द्रकुमार कर्ण वि. नेपाल सरकार	४
५.	भ्रष्टाचार (रिसवत/घुस)	विष्णुराज आचार्य वि. नेपाल सरकार, अंगुरकुमार सिग्देल वि. नेपाल सरकार	६
६.	अंश दर्ता	दुःखी यादव वि. उपेन्द्र यादव	७
७.	भ्रष्टाचार (रिसवत/घुस)	भरतकुमार थापा क्षेत्री वि. नेपाल सरकार	८
८.	अंश	भोलाप्रसाद सुवेदीसमेत वि. युवराज सुवेदी, युवराज सुवेदी वि. भोलाप्रसाद सुवेदीसमेत	१०
इजलास नं. ३			१० – १७
९.	उत्प्रेषण / परमादेशसमेत	प्रमोद कुमार चौधरीसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत	१०
१०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. शिवबहादुर बुढासमेत	११
११.	नामसारी निर्णय बदर	प्रदिप शमशेर ज.ब.रा. वि. प्रज्ञान शमशेर ज.ब.रा.	१२
१२.	उत्प्रेषण	युवराज शर्मासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं	१४
१३.	सार्वजनिक जग्गाको दर्ता बदरसमेत	चन्दादेवी चौधरीसमेत वि. कृष्णप्रसाद पौडेलसमेत	१५
१४.	अंश दर्ता	गौरी देवीसमेत वि. लालबाबु हाथीसमेत, रामपुजन हाथीसमेत वि. गौरी देवीसमेत, लालबाबु हाथी वि. गौरी देवीसमेत	१६

इजलास नं. ४			१७ – २५
१५.	निषेधाज्ञा	रामकेवल शाह रौनियार वि. बुढानिलकण्ठ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, गोल्फुटार, काठमाडौंसमेत	१७
१६.	निषेधाज्ञा	नेपाल विद्युत् प्राधिकरण, दरबार मार्ग, काठमाडौं वि. माई झ्याली हाइड्रोपावर प्रा.लि., ललितपुर	१८
१७.	कर्तव्य ज्यान र चोरी	हरिबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिबहादुर तामाङसमेत	१९
१८.	जबरजस्ती करणी	तुलसीप्रसाद घिमिरे वि. नेपाल सरकार	२१
१९.	जबरजस्ती करणी	कविराज आचार्य वि. नेपाल सरकार	२२
२०.	उत्प्रेषण	माइली कपालीको नाउँमा जित सिंह कपाली वि. अल्फा बचत तथा ऋण सहकारी संस्था लि., काभ्रेपलाञ्चोकसमेत	२३
२१.	उत्प्रेषणसमेत	राजेन्द्र प्रसाद साह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं	२४

इजलास नं. ५			२५ – २७
२२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामकुमार विश्वकर्मा	२५
२३.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. ओमशंकर चौधरीसमेत	२५
२४.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. ओभरसिजका कन्सल्टेन्सी प्रा.लि. का प्रबन्ध निर्देशक शिव पुनसमेत	२६
इजलास नं.६			**२७ – ३५**
२५.	वैदेशिक रोजगार कसुर	छेनाम तामाङ वि. नेपाल सरकार	२७
२६.	कर्तव्य ज्यान	लफे भन्ने पिरमकुमार साउद वि. नेपाल सरकार	२८
२७.	बहुविवाह	नेपाल सरकार वि. शेषकान्त अधिकारीसमेत	२९
२८.	निषेधाज्ञा	शशिकान्त झा वि. विन्दालाल साह तेली	२९
२९.	परमादेश	रविन्द्रनाथ श्रेष्ठसमेत वि. उडहिल लामा संयुक्त उपक्रम महाराजगन्ज	३०
३०.	परमादेश	जमदार मियाँ वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज, पर्सासमेत	३१

३१.	परमादेश	रेणुकुमारी बस्नेत वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज पर्सासमेत	३१
३२.	लागु औषध (ब्राउन सुगर)	नेपाल सरकार वि. रजित भण्डारी	३२
३३.	अदालतको अवहेलना	विजय श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय रामेछापसमेत	३२
३४.	विना इजाजत वन हानि नोक्सानी	शर्माराज पुरीसमेत वि. नेपाल सरकार, देउमान राईसमेत वि. नेपाल सरकार	३३
३५.	भ्रष्टाचार (घुस/रिसवत)	सुशोभन श्रेष्ठ वि. नेपाल सरकार	३४
इजलास नं.७			३५ – ४०
३६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जय चन्द भन्ने जै चन्द	३५
३७.	दूषित लिलाम बदरसमेत	नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय वि. विश्वास लोहनीसमेत	३७
३८.	भ्रष्टाचार (नक्कली प्रमाणपत्र)	धर्मराज यादव वि. नेपाल सरकार	३८
३९.	गैरकानूनी निर्माण भत्काई कारबाही गरिपाऊँ	तारकेश्वरी प्रधान वि. प्रमिलादेवी श्रेष्ठसमेत	३९
इजलास नं.८			४० – ४९
४०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. करण भन्ने मानबहादुर दुरैली वि.क.	४०
४१.	मोही दर्ता नामसारी	सुमित्रा देवी यादवनी वि. घाना देवी यादवनी	४१
४२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. डिकु भन्ने अमृता राईसमेत	४२
४३.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. खम्बी वि.क., मिठुकुमारी शाह वि. नेपाल सरकार, नेपाल सरकार वि. रामचन्द्र वि.क.	४५
४४.	कर्तव्य ज्यान	अर्जुन धिमाल वि. नेपाल सरकार, पुजन राई वि. नेपाल सरकार, निमन राई वि. नेपाल सरकार, लण्डन भन्ने इच्छाकुमार राई वि. नेपाल सरकार, अमीर राईसमेत वि. नेपाल सरकार	४८
इजलास नं.१०			५० - ५२
४५.	बैंकिङ कसुर	निर्मल तामाङ वि. नेपाल सरकार	५०
४६.	बन्दी प्रत्यक्षीकरण	रविन पाख्रिनको नाउँमा निमा पाख्रिन वि. राजश्व अनुसन्धान विभाग, ललितपुर	५१

४७.	बैंकिङ कसुर	निर्मला तामाङ वि. नेपाल सरकार	५१
इजलास नं.१४			**५२ - ६०**
४८.	निर्णय बदरसमेत	बालचन्द्र पाण्डेसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय, काठमाडौंसमेत	५२
४९.	नापी दर्ता बदर	अमर बहादुर पाल वि. मानबहादुर पाल	५४
५०.	उत्प्रेषण	सुरेश थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत	५५
५१.	बन्दी प्रत्यक्षीकरण	हेमबहादुर थापाको नाउँमा कमलबहादुर थापा वि. जिल्ला प्रहरी परिसर, काठमाडौंसमेत	५६
५२.	अंश	जोगी पासी वि. प्रभौती पासीसमेत	५८
५३.	बन्दी प्रत्यक्षीकरण	प्रमोद भन्ने नन्दु साह वि. पर्सा जिल्ला अदालत तहसिल फाँट, पर्सासमेत	५९
५४.	बन्दी प्रत्यक्षीकरण	विजय कुमार यादव वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबारसमेत	६०

संयुक्त इजलास

१

स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा. श्री मनोजकुमार शर्मा, *०७३-WO-०२०३, परमादेशसमेत, जीवन कुमार प्रधानसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत*

विवादित जग्गा वि.सं.२०३२ सालभन्दा अघिदेखि बसोबास गरिआएकोले उक्त जग्गाबाट निवेदकहरूलाई हटाइएमा निवेदकहरू घरबारविहीन हुने हुँदा चिरभोगसमेतका आधारमा निवेदकहरूलाई उल्लिखित स्थानमा स्थायी रूपमा बस्न, घर बनाउन र जग्गाधनी प्रमाण पुर्जासमेत प्रदान गर्नु गराउनु भनी परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रहेको र उक्त जग्गा साबिकमा नेपाल पुनर्बास कम्पनी हाल नाम परिवर्तन भई कायम भएको राष्ट्रिय आवास कम्पनी लिमिटेडलाई नेपाल सरकारबाट हस्तान्तरण भएको जग्गा रहेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूको प्रतिलिपिहरू तथा लिखित जवाफको बेहोराबाट देखिन्छ । उक्त जग्गा नापजाँच गराउनको लागि कम्पनीले पटक पटक प्रयास गर्दासमेत निवेदकहरूकै बाधा अवरोधका कारण उक्त कार्य सम्पन्न हुन नसकेको देखिन्छ। तथापि उक्त जग्गा कम्पनीको ट्राभर्स नक्साभित्रको जग्गा रहेको भन्ने कुरा उक्त कम्पनीको लिखित जबाफको बेहोराबाट देखिने।

यस विवादका सम्बन्धमा विवाद समाधान गर्नका लागि नेपाल सरकारले पटक पटक प्रयास गरेको देखिए तापनि विवादका विषय जहाँको ताहीँ रहेको देखिएको यस अवस्थामा नेपाल राजपत्र २०४९।३।८ खण्ड ४२ भाग ३ सङ्ख्या ११ मा श्री ५ को सरकारले जग्गा (नाप जाँच) ऐन,२०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नवलपरासी कावासोती क्षेत्रको पूर्व जङ्गल, पश्चिम डण्डा खोला, उत्तर जङ्गल, दक्षिण राजमार्ग, यति चार किल्लाभित्रको शिवबस्ती गा.वि.स. अन्तर्गत पर्ने कम्पनीले प्लान गरी वितरण गरेको जग्गा नापजाँच गर्न आदेश दिएको देखिन्छ। उक्त राजपत्रमा प्रकाशित सूचनाबमोजिम कार्य अगाडि बढाउन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा कार्यटोलीको बैठक मिति २०७०।१२।२८ मा बसी निर्णयसमेत भएको देखिन्छ । उक्त निर्णयमा मागदाबी भएको जग्गा कम्पनीलाई हस्तान्तरित क्षेत्रभित्रको पर्ने हो वा होइन, वन कार्यालय, नापी कार्यालय र कम्पनी प्राविधिकसमेत संयुक्त टोलीबाट स्थलगत बुझी प्रतिवेदन पेस गर्नु भनी उल्लेख भएको देखिन्छ । मिति २०७०।१२।२८ को निर्णय अनुसारको काम हालसम्म पनि सम्पन्न भएको नदेखिँदा उक्त विवादित जग्गा को कसको हो भनी यकिन भएको देखिएन। साथै उक्त जग्गा नाप नक्सासमेत नभएकोले उक्त जग्गाको हालसम्म पनि जग्गाधनी प्रमाण पुर्जा बनेको नदेखिँदा प्रस्तुत बिवाद लामोसमयसम्म निरन्तर चलिरहने र विवादको टुङ्गो नलगाउँदा अन्योलताको स्थिति सिर्जना भई समाजमा नकारात्मक असर पर्न जानेसमेत देखिने।

अत: उक्त विवादित जग्गाको हालसम्म पनि नापनक्सा नभएकोले जग्गाधनी प्रमाणपुर्जा बनेको नदेखिँदा विवादित जग्गाको स्वामित्वका सम्बन्धमा यकिन हुन नसकेको कारण विवाद बल्झिरहेको देखियो। तसर्थ, मिति २०५०।९।२२ मा तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित कार्यटोलीको मिति २०७०।१२।२८ मा गरेको निर्णयअनुसार माग भएका जग्गा कम्पनीलाई हस्तान्तरित क्षेत्रभित्रको पर्ने हो वा होइन, वन कार्यालय, नापी कार्यालय र कम्पनी प्राविधिकसमेत संयुक्त टोलीबाट स्थलगत बुझी प्रतिवेदन पेस गर्नु भनी भएको निर्णय यथाशीघ्र कार्यान्वयन गरी उक्त जग्गा के कसको हो भनी यकिन गरी उक्त जग्गाको सम्बन्धमा आवश्यक निकास दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम्।

२

स.का.मु. प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा. श्री मनोजकुमार शर्मा, *०७३-WO-०९६१, उत्प्रेषणयुक्त परमादेश, गोमा कुमारी गुरूङ वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत*

निवेदक गोमा कुमारी गुरूङलाई मिति २०७१।१२।०३ मा च.नं.१/ विशेष पदस्थापना/५९ को पत्र जारी गर्दै निजलाई प.हे.न समूहको अधिकृत छैठौँ तहको प.हे.न मा विशेष पदस्थापन गरेको देखिन्छ । सोपश्चात् स्वास्थ्य मन्त्रालयको मिति २०७३।३।१४ को पत्रले विशेष पदस्थापन संशोधनको पत्र जारी गर्दै मन्त्रालयको च.नं.१/ विशेष पदस्थापना/ ५९ को विशेष पदस्थापना पत्रमा पदस्थापना भएको पद सि.अ.न.मी निरिक्षक (प.हे.न) बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले मिति २०७२।३।१२ को निर्णयानुसार संशोधन गरिएको छ भनी पत्राचार भएको देखिन्छ । नेपाल स्वास्थ्य सेवा नियमावली,२०५५ को नियम ७ मा ऐनको दफा ५ को उपदफा (१) बमोजिम सेवाका विभिन्न तहहरूमा रहने पदहरू अनुसूची-३ मा उल्लेख भएबमोजिम हुने छन् भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा नियमावलीको अनुसूची-३ मा सेवामा रहने पद नामहरू भनी वर्गीकरण गरी समूह : कम्युनिटी नर्सिङ / पब्लिक हेल्थ नर्सिङको सि.नं. १५ मा वरिष्ठ काउन्सलर / सि.अ.न.मी निरीक्षक / वरिष्ठ अ.न.मी. निरीक्षक छैठौँ तहको हुने व्यवस्था गरी पब्लिक हेल्थ नर्स सि.नं.१६ मा रही पाँचौं तहको कर्मचारी रहने व्यवस्था गरेको छ । यसरी निवेदिका यसभन्दा अघि पाँचौं तहको कर्मचारी रही निजलाई छैठौँ तहमा स्तरवृद्धि गरिएको हुँदा निजलाई स्तरवृद्धि गरिएको छैठौँ तहअनुसारको सि.अ.न.मी निरीक्षक पदनाम दिइएको देखिने ।

निज निवेदिकाले आफूलाई प.हे.न.अधिकृत छैठौँ तहमा पदस्थापना गरी कामकाज गर्न पाउँ भन्ने निवेदन जिकिरतर्फ हेर्दा, निज निवेदिका अ.न.मी. रा.प.अन. द्वि.प्रा. बाट सेवा प्रवेश गरी बढुवा हुँदै हालको अधिकृत छैठौँ तहमा स्तरवृद्धि भएको देखिन्छ । निजले माग गरेको प.हे.न पद पाँचौं तहको पद रहेको र निजहाल स्तरवृद्धि भई छैठौँ तहमा पुगिसकेको अवस्थालाई नकार्न मिल्ने देखिएन । अ.न.मी पद र प.हे.न दुई छुट्टाछुट्टै पद रहेकोले अलग अलग पदको लागि अलग अलग योग्यता आवश्यक हुन्छ । निवेदक अ.न.मी. पदबाट सेवा प्रवेश गरी निजको योग्यता अ.न.मीतर्फ रहेको देखिँदा निजलाई सि.अ.न.मी निरीक्षक पद नाम दिइएको मिलेकै देखियो । साथै निवेदिकाले आफूसँग प.हे.न अधिकृत छैठौँ तहको लागि चाहिने आवश्यक योग्यता आफूसँग भएको जिकिर लिएको पनि नदेखिँदा विपक्षीहरूबाट मिति २०७३।३।१४ मा भएको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

नेपाल स्वास्थ्य सेवाका कर्मचारीले नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली,२०५५ को प्रावधानबमोजिम नै पदनाम दिनुपर्ने हुन्छ । यसरी प्रचलित कानूनले तोकेको मापदण्डबमोजिम पदनाम दिने तथा पाउने भएको र निजलाई दिइएको पदनाम प्रचलित कानूनविपरीत रहेको नदेखिएको, निजलाई मिति २०७२।०३।१२ को निर्णय अनुसार २०७३।३।१४ मा लेखिएको पत्रबमोजिम स्वास्थ्य मन्त्रालयले प्रदान गरेको हालको पदनामबाट निवेदिकाको मान, मर्यादा तथा पहिचानसमेतमा प्रतिकूल असर पर्नेसमेत देखिन आउँदैन । मिति २०७३।३।१४ मा साबिकमा भएको विशेष पद स्थापना संशोधन गरी सि.अ.न.मी. निरीक्षक (प.हे.न) भनी संशोधन गरेउपर करिब ९ महिनापश्चात् मिति २०७३।१२।१ मा प्रस्तुत निवेदन पर्न आएको देखिँदा विलम्बको सिद्धान्तसमेतको आधारमा निवेदक मागबमोजिम आदेश जारी हुनुपर्ने नदेखिने ।

अत: उल्लिखित तथ्य कानूनी व्यवस्था समेतको आधारमा निवेदक गोमा कुमारी गुरूङलाई निजको योग्यता अनुसार हालको पद सि.अ.न.मी. निरीक्षक (प.हे.न) पदावधि दिइएको हुँदा मिति २०७३।३।१४ मा विशेष पदस्थापना संशोधन गरी निजलाई सि.अ.न.मी.निरीक्षक (प.हे.न) बाट

पदस्थापना गर्ने गरी स्वास्थ्य मन्त्रालयबाट भएको पत्राचारलाई अन्यथा भन्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रद्धा विष्ट

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम्।

इजलास नं. १

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७४-CR-०७९१, भ्रष्टाचार (रिसवत/घुस), गुलाब चौधरी वि. नेपाल सरकार*

गाउँ विकास समितिको कार्यालय, बथनाहामा वडा नं.१ देखि ९ सम्मको महिला, दलित र बालबालिकाहरूको चेतना अभिवृद्धिको लागि, शैक्षिक भ्रमण गर्नको लागि रामसिकिल देवीले बथनाहा गा.वि.स. को कार्यालयबाट रू.१,००,०००।- (एक लाख) पेश्की लिएकोमा उक्त कार्य सम्पन्न गरी पेस्की फछ्र्यौटको लागि बिल भरपाईसमेत गा.वि.स. मा पेस गर्दा साबिक गाउँ विकास समितिको कार्यालय, बथनाहा हाल गाउँ विकास समितिको कार्यालय, मझौरा बिसनपुरका गा.वि.स. सचिव गुलाब चौधरीले घुसबापत रू.१०,०००।- (दश हजार) माग गरेको भनी उजुरीकर्ता निवेदक रामसिकिल देवीको निवेदनबमोजिम निज गा.वि.स. सचिव गुलाब चौधरीलाई माग गरेको रकम दिनका लागि रू.१०,०००।- आयोगबाट निकासा भई निवेदकबाट निज गा.वि.स. सचिव गुलाब चौधरीले बुझेको हुँदा निजलाई बिगो रू.१०,०००।- (दस हजार रूपियाँ) कायम गरी सजाय मागदाबी गरिएको देखिन्छ । यस मुद्दाको उठान अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट फेनोल्फ्थालिन (Phenolphthalein) पाउडर लगाई उजुरीकर्ता निवेदक रामसिकिल देवीलाई भरपाई कागज गराइदिएको रू. १०,०००।-निज प्रतिवादीबाट बरामद भएको, सोही लिने दिने पुष्टि हुने श्रव्यदृश्य र भिडियो रेकर्डसमेतलाई मूल प्रमाणको रूपमा बिगो कायम गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दिइएको नोटहरू नै बरामद भएको देखिएबाट उक्त रकम राज्यकोषबाट उपलब्ध भएको रकम नै थियो भन्ने तथ्यमा समेत विवाद नदेखिने।

यस सम्बन्धमा, यस अदालतबाट निवेदक विष्णुप्रसाद घिमिरे/विपक्षी सङ्घीय संसदसमेत/मु.नं ०७४-WC-००२० मा "राज्य कोषको रकम भ्रष्टाचार प्रयोजनका लागि उपलब्ध गराउन प्रचलित कुनै ऐनले अनुमति प्रदान गरेको देखिँदैन । ऐनद्वारा अख्तियारी प्रदान नगरिएको अवस्थामा नियममा प्रावधान समावेश गरेर रिसवत प्रयोजनका लागि राज्य कोषको रकम प्रदान गर्नु मनासिब हुँदैन । विवादित नियमावलीमा रिसवतको रकम जफत हुने ऐनमा रहेको प्रावधान प्रतिकूल व्यवस्था गरिएकोसमेत देखिन्छ। रिसवतको रूपमा दिइएको र बरामद गरिएको रकम पुनः आयोगले नै फिर्ता लिने गरेको पाइन्छ। पहिले रकम दिने, रिसवत लिन दुरूत्साहन दिने, रकम दिलाउने, त्यसपछि मानिस पक्राउ गर्ने, मुद्दा चलाउने र सजाय दिलाउने, बरामद गरेको रकम आफैँसँग राख्ने र पुनः अर्को व्यक्तिलाई त्यसै गरी समात्ने कार्य प्रणालीबाट मातृ-ऐनमा रहेको रिसवतको रकम जफत हुने प्रावधानलाई सङ्कुचित पारेको वा नियमले अपवादको अवस्था सिर्जना गरेको देखिन आउँछ । यसबाट स्वच्छ अनुसन्धानप्रतिको विश्वसनीयतासमेत कमजोर बन्न जाने अवस्था देखियो । माथि उल्लिखित समग्र पक्षमा विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानलाई अमान्य र बदर भनी घोषित गर्नु आवश्यक, मनासिब र वाञ्छनीय देखिन आयो" भनी बदर घोषित गरिएको अवस्था छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार सङ्कलन गरिएको अर्थात् प्रत्यर्थी आयोग स्वयंले दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण ग्रहणयोग्य नहुने भनी संवैधानिक इजलासबाट व्याख्या भई निर्णय भएको पाइने।

प्रतिवादीले कसुर गरेकोमा अनुसन्धानमा

साबित रहेको देखिए तापनि अदालतमा भने कसुर गरेकोमा इन्कार रहेको देखिन्छ। निवेदकलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीलाई कारबाही गर्नका लागि सरकारी रकम दिएर पठाई उक्त रकम प्रतिवादीको साथबाट बरामद गरेको देखिन्छ। सरकारी तवरबाट नै प्रमाण सिर्जना गरेको प्रमाणबाहेक अन्य कुनै अन्य तवरबाट कसुर पुष्टि गर्नसक्ने अवस्था देखिँदैन। यसरी बरामद भई आएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित रहेको अन्य प्रमाण ग्राह्य हुने वा नहुने भन्ने विषय विचारणीय हुने।

प्रतिवादीको साथबाट नम्बर टिपिएको उक्त रू. १०,०००।- रकम बरामद भएको आधारमा सजाय मागदाबी भएको र अन्य थप प्रमाणबाट पुष्टि हुन सक्ने प्रस्तुत मुद्दामा पेस भएका अन्य प्रमाणहरू जस्तै सि.डि. लगायत बयान बकपत्रसमेत उक्त बरामद भएको रकमसँग सम्बन्धित देखिँदा र यसरी बरामद भइआएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित प्रमाणसमेत प्रमाण ग्राह्य हुन नसक्ने अवस्था र अन्य कुनै भरपर्दो प्रमाणबाट यी प्रतिवादीहरूले घुस/रिसवत लिएको भन्ने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादीले आरोपित कसुर गरेको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रकम उपलब्ध गरी, गराइ, प्रतिवादीबाट बरामद गरिएको कार्य संविधान विपरीत रहेकोले प्रमाणमा ग्राह्य हुन नसक्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएकोसमेतका माथि विवेचित आधार, कारण, प्रमाणहरूसमेतबाट प्रतिवादी गुलाव चौधरी रिसवतबापतको रकम रू.१०,०००।- (दस हजार रूपियाँ) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेकोले निजलाई सोही ऐनको दफा ३(१)(क) बमोजिम १(एक) महिना कैद र बिगोबमोजिम जरिवाना हुने गरी कसुरदार ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।९।६ को फैसला त्रूटिपूर्ण देखिएकाले उल्टी भई निज पुनरावेदक प्रतिवादी गुलाव चौधरीलाई आरोप दाबीबाट सफाइ हुने।

इजलास अधिकृत (उपसचिव): राजकुमार दाहाल/ ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ साउन ३० गते रोज २ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७४-CR-१०१६, भ्रष्टाचार (रिसवत/घुस), शैलेन्द्रकुमार कर्ण वि. नेपाल सरकार*

भूमिसुधार कार्यालय नेपालगन्ज बाँकेका नायब सुब्बा शैलेन्द्रकुमार कर्णले काम गर्न आलटाल गरी दुःख हैरानी दिई रू. २०,०००।- (बिस हजार) दिएमा मात्र काम मिलाइदिन्छु भनी घुस/रिसवत माग गरेको भन्ने उजुरीकर्ता निवेदक रामफेरन चमार र विजय थापाको निवेदनबमोजिम निज शैलेन्द्रकुमार कर्णलाई माग गरेको रकम दिनका लागि रू.२०,०००।- आयोगबाट निकासा भई निवेदकबाट निज शैलेन्द्रकुमार कर्णले बुझेको हुँदा निजलाई बिगो रू.२०,०००।- (बिस हजार रूपियाँ) कायम गरी सजाय मागदाबी गरिएको देखिन्छ । यस मुद्दाको उठान अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट फेनोल्फ्थालिन (Phenolphthalein) पाउडर लगाई उजुरी निवेदक रामफेरन चमार र विजय थापालाई भरपाई कागज गराइदिएको रू. २०,०००।- निज प्रतिवादीबाट बरामद भएको, सोही लिनेदिने पुष्टि हुने श्रव्य दृश्य र भिडियो रेकर्डसमेतलाई मूल प्रमाणको रूपमा बिगो कायम गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट दिइएको नोटहरू नै बरामद भएको देखिएबाट उक्त रकम राज्यकोषबाट उपलब्ध भएको रकम नै थियो भन्ने तथ्यमा समेत विवाद नदेखिने।

यस सम्बन्धमा,यस अदालतबाट निवेदक विष्णुप्रसाद घिमिरे/विपक्षी सङ्घीय संसद्समेत/मु.नं ०७४-WC-००२० मा "राज्य कोषको रकम भ्रष्टाचार प्रयोजनका लागि उपलब्ध गराउन प्रचलित कुनै ऐनले अनुमति प्रदान गरेको देखिँदैन। ऐनद्वारा अख्तियारी

प्रदान नगरिएको अवस्थामा नियममा प्रावधान समावेश गरेर रिसवत प्रयोजनका लागि राज्य कोषको रकम प्रदान गर्नु मनासिब हुँदैन । विवादित नियमावलीमा रिसवतको रकम जफत हुने ऐनमा रहेको प्रावधान प्रतिकूल व्यवस्था गरिएकोसमेत देखिन्छ । रिसवतको रूपमा दिइएको र बरामद गरिएको रकम पुनः आयोगले नै फिर्ता लिने गरेको पाइन्छ । पहिले रकम दिने, रिसवत लिन दुरूत्साहन दिने, रकम दिलाउने, त्यसपछि मानिस पक्राउ गर्ने, मुद्दा चलाउने र सजाय दिलाउने, बरामद गरेको रकम आफैँसँग राख्ने र पुनः अर्को व्यक्तिलाई त्यसै गरी समात्ने कार्य प्रणालीबाट मातृ-ऐनमा रहेको रिसवतको रकम जफत हुने प्रावधानलाई सङ्कुचित पारेको वा नियमले अपवादको अवस्था सिर्जना गरेको देखिन आउँदछ । यसबाट स्वच्छ अनुसन्धानप्रतिको विश्वसनीयतासमेत कमजोर बन्न जाने अवस्था देखियो । माथि उल्लिखित समग्र पक्षमा विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानलाई अमान्य र बदर भनी घोषित गर्नु आवश्यक, मनासिब र वाञ्छनीय देखिन आयो" भनी बदर घोषित गरिएको अवस्था छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार सङ्कलन गरिएको अर्थात् प्रत्यर्थी आयोग स्वयंले दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण ग्रहणयोग्य नहुने भनी संवैधानिक इजलासबाट व्याख्या भई निर्णय भएको पाइने ।

निवेदक रामफेरन चमार र विजय थापालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीहरूलाई कारबाही गर्नका लागि सरकारी रकम दिएर पठाई उक्त रकम प्रतिवादीको साथबाट बरामद गरेको देखिन्छ । सरकारी तवरबाट नै प्रमाण सिर्जना गरेको प्रमाणबाहेक अन्य कुनै अन्य तवरबाट कसुर पुष्टि गर्न सक्ने अवस्था देखिँदैन । यसरी बरामद भइआएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित रहेको अन्य प्रमाण ग्राह्य हुने वा नहुने भन्ने विषय विचारणीय हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट नम्बर टिपिएको उक्त रू. २०,०००।- रकम बरामद भएको आधारमा सजाय मागदाबी भएको र अन्य थप प्रमाणबाट पुष्टि हुनसक्ने प्रस्तुत मुद्दामा पेस भएका अन्य प्रमाणहरू जस्तै सि.डि. लगायत बयान बकपत्रसमेत उक्त बरामद भएको रकमसँग सम्बन्धित देखिन्छ । यसरी बरामद भइआएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित अन्य प्रमाणसमेत प्रमाण ग्राह्य हुनसक्ने रहेन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराएको रकमबाहेक अन्य कुनै भरपर्दो प्रमाणबाट यी प्रतिवादीहरूले घुस/रिसवत लिएको भन्ने पुष्टि हुने अवस्था नदेखिने ।

माथि उल्लिखित प्रकरणहरूबाट उक्त रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अनुसार उपलब्ध गराएको रकमसँग सम्बन्धित देखिँदा मु.नं ०७४-WC-००२० मा उल्लिखित सिद्धान्तको अनुसार नियम ३० बदर भइसकेको व्यवस्थाबमोजिम आयोगबाट रकम दिई, दिलाई, सोही रकम प्रतिवादीबाट बरामद गरिएकै मात्र आधारमा प्रतिवादीहरूलाई घुस/रिसवत लिएको कसुरदार ठहर गर्नु न्यायसङ्गत नहुने भएकोले सुरू फैसला सदर गरिपाउँ भन्ने वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग यो इजलास सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीले आरोपित कसुर गरेको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रकम उपलब्ध गरी, गराई, प्रतिवादीबाट बरामद गरिएको कार्य संविधान विपरीत रहेकोले प्रमाणमा ग्राह्य हुन नसक्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएकोसमेतका माथि विवेचित आधार, कारण, प्रमाणहरूसमेतबाट प्रतिवादी शैलेन्द्रकुमार कर्णले रिसवतबापतको रकम रू.२०,०००।- (बिस हजार रूपियाँ) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेकोले निजलाई कसुरमा सोही ऐनको दफा ३(१)(क) बमोजिम १(एक) महिना कैद र

बिगोबमोजिम जरिवाना हुने गरी कसुरदार ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।१०।२५ को फैसला त्रूटिपूर्ण देखिएकाले उल्टी भई निज पुनरावेदक प्रतिवादी शैलेन्द्रकुमार कर्णलाई आरोप दाबीबाट सफाइ हुने।

इजलास अधिकृत (उपसचिव): राजकुमार दाहाल/ ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ साउन ३० गते रोज २ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७४-CR-१६३१, ०७५-CR-२०१४, भ्रष्टाचार (रिसवत/घुस), विष्णुराज आचार्य वि. नेपाल सरकार, अंगुरकुमार सिग्देल वि. नेपाल सरकार*

भूमिसुधार कार्यालय काठमाडौंका नायब सुब्बा अंगुरकुमार सिग्देलले काम गर्न आलटाल गरी दुःख हैरानी दिई रू.५०,०००।- (पचास हजार) दिएमा मात्र काम मिलाई भनी घुस/रिसवत माग गरेको भन्ने उजुरीकर्ता निवेदक रमेशप्रसाद आचार्यको निवेदनबमोजिम निज अंगुरकुमार सिग्देललाई माग गरेको रकम दिनका लागि रू.५०,०००।- आयोगबाट निकासा भई निवेदकबाट अर्का प्रतिवादी बिष्णुराज आचार्यमार्फत रू.५०,०००।- (पचास हजार रूपियाँ) निज अंगुरकुमार सिग्देलले बुझेको हुँदा निजलाई बिगो रू.५०,०००।- (पचासहजार रूपियाँ) कायम गरी सजाय मागदाबी गरिएको देखिन्छ। यस मुद्दाको उठान अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट फेनोल्फ्थालिन (Phenolphthalein) पाउडर लगाई उजुरी निवेदक रमेशप्रसाद आचार्यलाई भरपाई कागज गराइदिएको रू. ५०,०००।- निज प्रतिवादीबाट बरामद भएको, सोही लिनेदिने पुष्टि हुने श्रव्य दृश्य र भिडियो रेकर्डसमेतलाई मूल प्रमाणको रूपमा बिगो कायम गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दिइएको नोटहरू नै बरामद भएको देखिएबाट उक्त रकम राज्यकोषबाट उपलब्ध भएको रकम नै थियो भन्ने तथ्यमासमेत विवाद नदेखिने।

यस सम्बन्धमा, यस अदालतबाट निवेदक विष्णुप्रसाद घिमिरे/विपक्षी सङ्घीय संसद्समेत/मु.नं ०७४-WC-००२० मा "राज्य कोषको रकम भ्रष्टाचार प्रयोजनका लागि उपलब्ध गराउन प्रचलित कुनै ऐनले अनुमति प्रदान गरेको देखिँदैन। ऐनद्वारा अख्तियारी प्रदान नगरिएको अवस्थामा नियममा प्रावधान समावेश गरेर रिसवत प्रयोजनका लागि राज्य कोषको रकम प्रदान गर्नु मनासिब हुँदैन । विवादित नियमावलीमा रिसवतको रकम जफत हुने ऐनमा रहेको प्रावधान प्रतिकूल व्यवस्था गरिएको समेत देखिन्छ। रिसवतको रूपमा दिइएको र बरामद गरिएको रकम पुनः आयोगले नै फिर्ता लिने गरेको पाइन्छ। पहिले रकम दिने, रिसवत लिन दुरूत्साहन दिने, रकम दिलाउने, त्यसपछि मानिस पक्राउ गर्ने, मुद्दा चलाउने र सजाय दिलाउने, बरामद गरेको रकम आफैँसँग राख्ने र पुनः अर्को व्यक्तिलाई त्यसै गरी समात्ने कार्य प्रणालीबाट मातृ-ऐनमा रहेको रिसवतको रकम जफत हुने प्रावधानलाई सङ्कुचित पारेको वा नियमले अपवादको अवस्था सिर्जना गरेको देखिन आउँदछ। यसबाट स्वच्छ अनुसन्धानप्रतिको विश्वसनीयतासमेत कमजोर बन्न जाने अवस्था देखियो। माथि उल्लिखित समग्र पक्षमा विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानलाई अमान्य र बदर भनी घोषित गर्नु आवश्यक, मनासिब र वाञ्छनीय देखिन आयो भनी बदर घोषित गरिएको अवस्था छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार सङ्कलन गरिएको अर्थात् प्रत्यर्थी आयोग स्वयंले दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण ग्रहणयोग्य नहुने भनी संवैधानिक इजलासबाट व्याख्या भई निर्णय भएको पाइने।

निवेदक रमेशकुमार आचार्य र प्रतिवादी अंगुरकुमार सिग्देलका बिचमा रकम लेनदेन भएको देखिँदैन। प्रतिवादी बिष्णुराज आचार्यलाई निवेदक रमेशकुमार आचार्यले रू.५०,०००।- अर्का प्रतिवादी अंगुरकुमार सिग्देललाई दिनु भनी दिँदासमेत यस

कामको बापत भनेर उल्लेख गरेकोसमेत देखिँदैन। दुवै प्रतिवादीहरू घुस लेनदेन गरेको कुरामा इन्कार रहेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीहरूलाई कारबाही गर्नका लागि सरकारी रकम दिएर पठाई उक्त रकम प्रतिवादीको साथबाट बरामद गरेको देखिन्छ । सरकारी तवरबाट नै प्रमाण सिर्जना गरेको प्रमाणबाहेक अन्य कुनै तवरबाट कसुर पुष्टि हुनसकेको अवस्था देखिँदैन । यसरी बरामद भइआएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित रहेको अन्य प्रमाण ग्राह्य हुने वा नहुने भन्ने विषय विचारणीय हुने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट नम्बर टिपिएको उक्त रू.५०,०००।- रकम बरामद भएको आधारमा मात्र सजायको मागदाबी भएको देखिन्छ। प्रस्तुत मुद्दामा पेस भएका अन्य प्रमाणहरू जस्तै सि.डि. लगायत बयान बकपत्रसमेत उक्त बरामद भएको रकमसँग सम्बन्धित देखिन्छ । यसरी बरामद भइआएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित प्रमाणसमेत प्रमाण ग्राह्य हुनसक्ने अवस्था रहेन । प्रस्तुत मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराएको रकमबाहेक अन्य कुनै भरपर्दो प्रमाणबाट यी प्रतिवादीहरूले घुस/ रिसवत लिएको भन्ने अवस्था नदेखिने।

माथि उल्लिखित प्रकरणहरूबाट उक्त रकम तथा पेस हुन आएका अन्य प्रमाणहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अनुसार उपलब्ध गराएको रकमसँग सम्बन्धित देखिँदा मु.नं. ०७४-WC-००२० मा उल्लिखित सिद्धान्तअनुसार नियम ३० बदर भइसकेको अवस्थामा आयोगबाट रकम दिई, दिलाई, सोही रकम प्रतिवादीबाट बरामद गरिएकै मात्र आधारमा प्रतिवादीहरूलाई घुस/रिसवत लिएको कसुरदार ठहर गर्नु न्यायसङ्गत नहुने भएकोले सुरू फैसला सदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीहरूले आरोपित कसुर गरेको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रकम उपलब्ध गरी, गराई, प्रतिवादीबाट बरामद गरिएको कार्य संविधान विपरीत रहेकोले प्रमाणमा ग्राह्य हुन नसक्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएकोसमेतका माथि विवेचित आधार, कारण, प्रमाणहरूसमेतबाट प्रतिवादी अंगुरकुमार सिग्देलले रिसवतबापतको रकम रू.५०,०००।- (पचास हजार रूपियाँ) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१)(ख) बमोजिम ३(तीन) महिना १०(दश) दिन कैद र रू.५०,०००।- (पचास हजार रूपियाँ) जरिवाना हुने र अर्का प्रतिवादी विष्णुराज आचार्यले उक्त रकम प्रतिवादी अंगुरकुमार सिग्देललाई पुऱ्याई मतियारको रूपमा कार्य गरेको देखिँदा निजलाई उक्त ऐनको दफा ३(१)(ख) ले हुने सजायको आधा अर्थात् दफा २२ बमोजिम १(एक) महिना २०(बिस) दिन कैद र रू.२५,०००।- (पच्चिसहजार रूपियाँ) जरिवाना हुने गरी कसुरदार ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७४।९।६ को फैसला त्रूटिपूर्ण देखिएकाले उल्टी भई निज पुनरावेदक प्रतिवादीहरू विष्णुराज आचार्य र अंगुरकुमार सिग्देललाई आरोप दाबीबाट सफाइ हुने।

इजलास अधिकृत(उप-सचिव): राजकुमार दाहाल/ ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ साउन ३० गते रोज २ शुभम्।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७२-CI-१०६८, अंश दर्ता, दु:खी यादव वि. उपेन्द्र यादव*

सुरू सप्तरी जिल्ला अदालतबाट पुनरावेदक वादीकी पत्नी तुरन्तीदेवीलाई समेत अ.ब. १३९ बमोजिम बुझी, मुद्दामा प्रतिवादीसमेत कायम गरी निजको नामको सम्पत्तिलाई बन्डा लगाएको देखिँदैन । तर सुरू अदालतको फैसलाउपर परेको

पुनरावेदनमा पुनरावेदन अदालत राजविराजबाट निज वादीकी पत्नी तुरन्तीदेवीको नाम दर्ताको कि.न. ५५१, ४५, ५६४, ५७८ का जग्गासमेतबाट प्रतिवादी उपेन्द्र यादवले ३ भागको १ भाग अंश पाउने गरी फैसला भएको देखियो । पुनरावेदन अदालत राजविराजले उक्त फैसला गर्दा जग्गासँग सम्बन्धित व्यक्ति निज तुरन्तीदेवीलाई बुझेको भन्ने देखिँदैन । तुरन्तीदेवीको नाममा दर्ता रहेको सम्पत्ति बन्डा गरिदिने फैसला गर्दा निज स्वयंलाई समेत बुझी, निजको भनाइ सुनी र निजका तर्फबाट प्रमाण पेस गर्ने पर्याप्त मौका दिई प्रमाणको परीक्षण हुनुपर्नेमा सो गरेको अवस्था नदेखिएकोले निज वादीकी पत्नी तुरन्तीदेवीलाई स्वच्छ सुनुवाइको मौकाबाट वञ्चित गरेको भन्ने देखिन आयो । न्याय सम्पादन प्रक्रियालाई निष्पक्ष एवं पूर्वाग्रहरहित बनाउन आवश्यक पूर्वसर्तको रूपमा रहने स्वच्छ सुनुवाइको सिद्धान्त प्राकृतिक न्यायको अकाट्य सिद्धान्त हो । यस सिद्धान्तविपरीत भए गरिएका कार्यहरूले कानूनी वैद्यता प्राप्त गर्न नसक्ने हुन्छन् । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजबाट फैसला हुँदा निज तुरन्तीदेवीको उचित प्रतिनिधित्वबिना नै निजको नाम दर्ताको जग्गाबाट समेत प्रतिवादी उपेन्द्र यादवले ३ भागको १ भाग अंश पाउने गरी भएको फैसला स्वच्छ सुनुवाइको सिद्धान्तविपरीत हुँदा न्यायको रोहमा मिलेको देखिन नआउने ।

साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको १९२ नं. मा "...मुद्दामा फैसला गर्दा एउटै मिसिलबाट गर्नुपर्ने काममध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने बेहोरासँग फैसला गर्न हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने उक्त व्यवस्था हाल प्रचलनमा रहेको मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ३७ मा रहेको "बुझ्नुपर्ने कुरा बाँकी राखी फैसला गर्न नहुने" भन्ने कानूनी व्यवस्थाअन्तर्गत निरन्तर गरिएको देखिन्छ । साथै "मुद्दामा निर्णय गर्नुपर्ने विवादित प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालत, निकाय वा अधिकारीसमक्ष पठाउन सकिने" भन्ने न्याय प्रशासन ऐन, २०७३ को दफा १४(१)(घ) मा रहेको कानूनी व्यवस्था रहेको देखिने ।

प्रस्तुत मुद्दामा वादीकी पत्नी तुरन्तीदेवीको नाममा दर्ता रहेका जग्गाहरूमा समेत बन्डा लाग्ने गरी पुनरावेदन अदालत राजविराजबाट फैसला हुँदा निज तुरन्तीदेवी यादवलाई बुझ्दै नबुझी निजको नामका जग्गाहरूमा समेत बन्डा लाग्ने गरी भएको फैसला स्वच्छ सुनुवाइको सिद्धान्तविपरीत देखिँदा पुनरावेदन अदालत राजविराजको उक्त मिति २०७१।३।०९ को फैसला बदर हुने ।

इजलास अधिकृत: कमलकान्त जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ भदौ २६ गते रोज १ शुभम् ।

७

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७४-CR-०६१८, भ्रष्टाचार (रिसवत/घुस), भरतकुमार थापा क्षेत्री वि. नेपाल सरकार*

जनचेतना सामुदायिक वन उपभोक्ता समूह, बानियाभार -४, बर्दियाबाट लिलाम बिक्री भएका काठका गोलिया रामभरत थारूले लिलाम सकार गरी निजको प्रनित सःमिल तथा फर्निचर उद्योगसम्म लैजान चलान स्वीकृतिका लागि कार्यालय प्रमुख सहायक वन अधिकृत भरतकुमार थापालाई अनुरोध गर्दा आलटाल गरेको र निज भरतकुमार थापाले घुसबापत रू.६०,०००।- (साठी हजार) माग गरेको भनी उजुरीकर्ता निवेदक रामभरत थारूको निवेदनबमोजिम निज कार्यालय प्रमुख सहायक वन अधिकृत भरतकुमार थापालाई माग गरेको रकम दिनका लागि रू.६०,०००।- आयोगबाट निकासा भई निवेदकबाट निज कार्यालय प्रमुख सहायक वन अधिकृत भरतकुमार थापाले बुझेको हुँदा निजलाई बिगो रू.६०,०००।- (साठी हजार रूपियाँ) कायम गरी सजाय मागदाबी गरिएको देखिन्छ । यस मुद्दाको उठान अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट

फेनोल्फ्थालिन (Phenolphthalein) पाउडर लगाई उजुरी निवेदक रामभरत थारूलाई भरपाई कागज गराइदिएको रू.६०,०००।- निज प्रतिवादीको बिस्ताराको सिरानीमुनिबाट बरामद भएको, सोही लिनेदिने पुष्टि हुने श्रव्य दृश्य र भिडियो रेकर्डसमेतलाई मूल प्रमाणको रूपमा बिगो कायम गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दिइएको नोटहरू नै बरामद भएको देखिएबाट उक्त रकम राज्यकोषबाट उपलब्ध भएको रकम नै थियो भन्ने तथ्यमा समेत विवाद नदेखिने।

यस सम्बन्धमा, यस अदालतबाट निवेदक विष्णुप्रसाद घिमिरे/विपक्षी सङ्घीय संसदसमेत/मु.नं ०७४-WC-००२० मा "राज्य कोषको रकम भ्रष्टाचार प्रयोजनका लागि उपलब्ध गराउन प्रचलित कुनै ऐनले अनुमति प्रदान गरेको देखिँदैन । ऐनद्वारा अख्तियारी प्रदान नगरिएको अवस्थामा नियममा प्रावधान समावेश गरेर रिसवत प्रयोजनका लागि राज्य कोषको रकम प्रदान गर्नु मनासिब हुँदैन । विवादित नियमावलीमा रिसवतको रकम जफत हुने ऐनमा रहेको प्रावधान प्रतिकूल व्यवस्था गरिएकोसमेत देखिन्छ । रिसवतको रूपमा दिइएको र बरामद गरिएको रकम पुनः आयोगले नै फिर्ता लिने गरेको पाइन्छ । पहिले रकम दिने, रिसवत लिन दुरूत्साहन दिने, रकम दिलाउने, त्यसपछि मानिस पक्राउ गर्ने, मुद्दा चलाउने र सजाय दिलाउने, बरामद गरेको रकम आफैँसँग राख्ने र पुनः अर्को व्यक्तिलाई त्यसै गरी समात्ने कार्य प्रणालीबाट मातृ-ऐनमा रहेको रिसवतको रकम जफत हुने प्रावधानलाई सङ्कुचित पारेको वा नियमले अपवादको अवस्था सिर्जना गरेको देखिन आउँदछ । यसबाट स्वच्छ अनुसन्धानप्रतिको विश्वसनीयतासमेत कमजोर बन्न जाने अवस्था देखियो । माथि उल्लिखित समग्र पक्षमा विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानलाई अमान्य र बदर भनी घोषित गर्नु आवश्यक, मनासिब र वाञ्छनीय देखिन आयो" भनी बदर घोषित गरिएको अवस्था छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार सङ्कलन गरिएको अर्थात् प्रत्यर्थी आयोग स्वयम्ले दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण ग्रहणयोग्य नहुने भनी संवैधानिक इजलासबाट व्याख्या भई निर्णय भएको पाइने।

प्रतिवादी भरतकुमार थापा क्षेत्री आफ्नो बिस्ताराको सिरानीमुनिबाट रकम बरामद भएको तथ्यमा साबित रहे पनि घुस रिसवत माग गरेकोमा भने अनुसन्धानमा तथा अदालतमा समेत इन्कार रहेको देखिन्छ । निवेदक रामभरत थारूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीलाई कारबाही गर्नका लागि सरकारी रकम दिएर पठाई उक्त रकम प्रतिवादीको साथबाट बरामद गरेको देखिन्छ। सरकारी तवरबाट नै प्रमाण सिर्जना गरेको प्रमाणबाहेक अन्य कुनै अन्य तवरबाट कसुर पुष्टि गर्न सक्ने अवस्था देखिँदैन । यसरी बरामद भई आएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित रहेको अन्य प्रमाण ग्राह्य हुने वा नहुने भन्ने विषय विचारणीय हुने।

प्रस्तुत मुद्दामा प्रतिवादीको बिस्ताराको सिरानीमुनिबाट नम्बर टिपिएको उक्त रू. ६०,०००।- रकम बरामद भएको आधारमा सजाय मागदाबी भएको र अन्य थप प्रमाणबाट पुष्टि हुन सक्ने प्रस्तुत मुद्दामा पेस भएका अन्य प्रमाणहरू जस्तै सि.डि. लगायत बयान, बकपत्रसमेत उक्त बरामद भएको रकमसँग सम्बन्धित देखिँदा र यसरी बरामद भइआएको रकम नै प्रमाण ग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्बन्धित प्रमाणसमेत प्रमाण ग्राह्य हुन नसक्ने अवस्था र अन्य कुनै भरपर्दो प्रमाणबाट यी प्रतिवादीले घुस/रिसवत लिएको भन्ने अवस्था नदेखिने।

माथि उल्लिखित प्रकरणहरूबाट उक्त रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अनुसार उपलब्ध गराएको रकमसँग सम्बन्धित देखिँदा मु.नं ०७४-WC-००२० मा उल्लिखित सिद्धान्तको अनुसार नियम ३० बदर भइसकेको व्यवस्थाबमोजिम आयोगबाट रकम दिई, दिलाई, सोही रकम प्रतिवादीबाट बरामद गरिएकै मात्र

आधारमा प्रतिवादीलाई घुस/रिसवत लिएको कसुरदार ठहर गर्नु न्यायसङ्गत नहुने भएकोले सुरू फैसला सदर गरिपाउँ भन्ने वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीले आरोपित कसुर गरेको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रकम उपलब्ध गरी, गराइ, प्रतिवादीबाट बरामद गरिएको कार्य र सोको व्यवस्था संविधानविपरीत रहेकोले प्रमाणमा ग्राह्य हुन नसक्ने भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएकोसमेतका माथि विवेचित आधार, कारण, प्रमाणहरू तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादी भरतकुमार थापा रिसवतबापतको रकम रू.६०,०००।- (साठी हजार रूपियाँ) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेकोले निजलाई सोही ऐनको दफा ३(१)(ग) बमोजिम ४(चार) महिना कैद र बिगोबमोजिम रू.६०,०००।- जरिवाना हुने गरी कसुरदार ठहर्‍याएको विशेष अदालत काठमाडौंको मिति २०७४।१।२५ को फैसला त्रूटिपूर्ण देखिएकाले उल्टी भई निज पुनरावेदक प्रतिवादी भरतकुमार थापा क्षेत्रीलाई आरोप दाबीबाट सफाइ हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७९ साउन ३० गते रोज २ शुभम्।

८

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. डा.श्री कुमार चुडाल, *०७१-CI-०२५८, ०७१-CI-०३९८, अंश, भोलाप्रसाद सुवेदीसमेत वि. युवराज सुवेदी, युवराज सुवेदी वि. भोलाप्रसाद सुवेदीसमेत*

पर्वत जिल्ला अदालतबाट मिति २०७०।३।१३ मा भएको फैसलामा केही उल्टी गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०७१।२।६ मा भएको फैसलामा कि.नं.३०, ४९, २९९ र १७५५ का जग्गाहरूलाई पुनरावेदक गोविन्दप्रसादको स्वआर्जन भई बन्डा नलाग्ने भनी भएको फैसला मिलेको नदेखिँदा सो फैसला केही उल्टी भई पर्वत जिल्ला अदालतको फैसलाको तपसिलमा उल्लिखितमध्ये कि.नं.३० सगोलको भई बन्डा लाग्ने र कि.नं. ४९, २९९, १७५५ का जग्गाहरू निजी आर्जनको देखिएकाले बन्डा नलाग्ने र अन्य सम्पत्तिबाट हाल जीवित अंशियार ४ जना मात्र बाँकी रहेकाले वादीले ४ भागको १ भाग अंश पाउने ठहर्छ । सो हदभन्दा बढीमा पुनरावेदक दुवै पक्षको पुनरावेदन जिकिर नपुग्ने। प्रस्तुत निर्णयका सम्बन्धमा मा.न्या.श्री हरिकृष्ण कार्कीको पुनरावेदनको फैसला उल्टी गरी कि.नं.४९, २९९, १७५५ समेत बन्डा लाग्ने गरी भएको रायसँग सहमत हुन नसकिएकाले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम संयुक्त इजलासको दायरीको लगत कट्टा गरी सुनुवाइको लागि पूर्ण इजलासमा पेस गर्ने।

इजलास अधिकृत: टीकाबहादुर थापा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ भदौ २० गते रोज १ शुभम्।

इजलास नं. ३

९

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७४-WO-०६९३, उत्प्रेषण/परमादेशसमेत, प्रमोद कुमार चौधरीसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

दुई बैंक गाभिनुभन्दा अगाडि दुवै बैंक आ-आफ्नै स्वतन्त्र अस्तित्वमा रहेको पाइन्छ । "गाभ्ने गाभिने" कार्यले गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कुरालाई जनाउँदछ । गाभिनुपूर्व दुवै बैंक तथा संस्थाको सेयर स्वाप अनुपात (Share Swap Ratio) र आधार नेट वर्थ (Base Net Worth) यकिन गर्दा संस्थाको वित्तीय अवस्थासमेतका विभिन्न आधारमा गरिनुपर्ने मान्यता

वा प्रचलनसमेत रहेको छ । Due Diligence Audit अनुसार एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि. को प्रतिकित्ता सेयरको मूल्य रू. ४४८४।३० कायम भएको र सो मूल्यको आधारमा एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को १ कित्ता सेयर बराबर राष्ट्रिय वाणिज्य बैंकको ६.३१०८ कित्ता सेयर अर्थात् १:६.३१०८ सेयर स्वाप अनुपात कायम हुने भनी उल्लेख गरिएको देखिन आउँछ । एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि. मा सर्वसाधारणको ०.७४ प्रतिशत (३०९१० कित्ता) सेयर रहेको देखिन्छ । यसबाट सर्वसाधारण सेयरधनीहरू अल्पसङ्ख्यक रहेको तथ्य प्रस्ट छ । कुनै कम्पनीको कानूनी हैसियत परिवर्तन गर्दा वा कम्पनीको कुनै नीतिगत निर्णय गर्दा अल्पसङ्ख्यक सेयरधनी (Minority Shareholders) को वैध स्वार्थ वा हित प्रतिकूल हुने गरी स्वेच्छाचारी तवरबाट निर्णय गर्न हुँदैन । अल्पसङ्ख्यक सेयरधनीको हित संरक्षणतर्फ पनि समुचित दृष्टि दिनु आवश्यक हुन्छ । यस प्रसङ्गमा प्रस्तुत विवादतर्फ दृष्टिगत गर्दा दुई बैंक मर्जर हुने निर्णय हुनुपूर्वको मूल्याङ्कनबाट दुई बैंकको सेयर स्वाप अनुपात समान रहेको भन्ने देखिँदैन । एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को १ कित्ता सेयर बराबर रू. ४,४८४।३० रकम दिने भन्ने कुरालाई पनि विपक्षीतर्फबाट स्वीकार गरिएकै छ । निवेदकतर्फबाट एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को १ सेयर बराबर राष्ट्रिय वाणिज्य बैंकको मर्जर अगाडिको मूल्याङ्कनबाट १:६.३१०८ सेयर स्वाप अनुपात रहेको भन्ने दाबी लिइएको र सो कुरालाई विपक्षीबाट अन्यथा भनी खण्डन भएको पनि देखिएन। यसरी एकातर्फ १:६.३१०८ को सेयर स्वाप अनुपातलाई स्वीकार गर्ने अर्कोतर्फ सेयर दिँदा १:१ को अनुपातमा दिने भन्ने विषय नै विरोधाभाषपूर्ण देखिन्छ; न्यायोचित नदेखिने।

अतः एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक आपसमा गाभिएको (मर्जर भएको) देखियो । सो गाभ्ने गाभिने सम्बन्धमा कुनै प्रक्रियागत कानूनी त्रूटि कायम रहेको भई निर्णय बदर गर्नुपर्नेसम्मको अवस्था विद्यमान रहेको देखिन आएन । तसर्थ मर्जरसम्बन्धमा भएका काम कारबाही र निर्णय बदर गर्न उत्प्रेषणको आदेश जारी गर्न परेन । सेयरधनीहरूको सेयर समायोजन सम्बन्धमा सेयर अनुपात अनुकूल समायोजन गर्नु न्यायोचित हुने भएकाले Due Dilegence Audit Report तथा एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को मिति २०७४।१०।३ को पत्रसमेतका आधारमा सर्वसाधारणको एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.मा रहेको सेयरबापत प्रतिकित्ता रू. ४,४८४।३० का दरले रकम फिर्ता दिनु दिलाउनु अथवा एन.आइ. डि.सी. डेभलपमेन्ट बैंक लि. को १ कित्ता सेयरबापत राष्ट्रिय वाणिज्य बैंकको ६.३१०८ सेयर (अर्थात् १=६.३१०८ सेयर) को अनुपातमा सर्वसाधारण सेयर धनीलाई राष्ट्रिय वाणिज्य बैंकको सेयर उपलब्ध गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल वैशाख ५ गते रोज ५ शुभम्।

१०

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७७-RC-००२४, कर्तव्य ज्यान, नेपाल सरकार वि. शिवबहादुर बुढासमेत*

प्रतिवादीहरूमध्येका शिवबहादुर बुढा, शालिक बुढा र नारायण बुढाको आरोपित कसुरमा संलग्नता छ छैन भन्नेतर्फ विचार गर्दा, सहप्रतिवादी रहेका खड्क बहादुर बुढाले मौकामा बयान गर्दा आफूलगायत प्रतिवादीहरू शालिक, शिवबहादुर र नारायणसमेत भई दधिरामलाई दाउराले कुटपिट गरेको सोही चोटको कारणले मृतकको मृत्यु भएको भन्ने बेहोरा लेखाएका छन भने अदालतमा बयान गर्दा पनि मृतकलाई शिव बहादुर बुढा, शालिक बुढा र नारायण बुढाले कुटपिट गरेको भनी लेखाएका छन् । यसै गरी अर्का सहप्रतिवादी नारायण सिं बुढाले मृतकलाई फरार रहेका प्रतिवादीहरूले कुटपिट गरेका रहेछन् भनी अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत

बयान गरेको देखिन्छ। निज प्रतिवादीहरूको सो बयान बेहोरालाई घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन साक्षीहरूको बकपत्रलगायतका अन्य प्रमाणले समर्थन गरेकोले प्रतिवादीहरू शिवबहादुर बुढा, शालिक बुढा र नारायण बुढाको दधिरामलाई कुटपिट गर्ने वारदातमा संलग्नता रहेको र सोही कुटपिटको कारण दधिरामको मृत्यु भएको देखिने।

प्रतिवादी खड्कबहादुर बुढालाई यस अदालतको मिति २०७३।९।१९ को फैसलामा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैद हुने राय ठहर भएसरह प्रतिवादीहरू शिवबहादुर बुढा, शालिक बुढा र नारायण बुढालाई पनि १२ वर्ष कैदको सजाय हुनु उपयुक्त हुने भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट व्यक्त रायका सम्बन्धमा रहेको कानूनी व्यवस्था हेर्दा, तत्काल प्रचलित मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. मा ऐनले सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ। अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ भन्ने व्यवस्था रहेको देखिन्छ। मुलुकी ऐनको सो व्यवस्थालाई प्रतिस्थापित गर्ने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क.मा कम सजाय तोक्ने र राय पेस गर्ने व्यवस्था रहेको र सो दफाको उपदफा (१) मा प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएमा निजलाई जन्मकैदको सजाय दिँदा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले घटी सजाय गर्न उपयुक्त देखेमा सोको कारण खुलाई रायसहितको फैसला गर्नसक्ने छ । उपदफा (२) मा उपदफा (१) बमोजिमको कसुरदारलाई हुनुपर्ने सजायको प्रस्तावसहित पैँतिस दिनभित्र मिसिलसहित पुनरावेदन सुन्ने अदालतमा राय पेस गर्नुपर्ने छ भन्ने र उपदफा (३) मा उपदफा (२) बमोजिम राय पेस भएको विषयमा पुनरावेदन सुन्ने अदालतले पनि घटी सजाय गर्ने ठहर गरेकोमा सर्वोच्च अदालतमा राय पेस गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू शिवबहादुर बुढा, शालिक बुढा र नारायण बुढालाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं.बमोजिम सजायमा छुट दिने गरी सुरू तथा पुनरावेदन तहबाट राय व्यक्त भए तापनि निजहरूले आफूमाथिको अभियोगलाई प्रतिवाद नगरी सुरू म्याद गुजारी बसेको, न्यायिक प्रक्रियामा सहयोग गरेको नदेखिएको र कसुर गर्ने कार्यमा रहेको संलग्नता खड्कबहादुर बुढाको भन्दा फरक अवस्थाको देखिनुको साथै निजहरूले दधिराम भुषाललाई पुऱ्याएको चोट पिर गम्भीर प्रकृतिको भएकै कारण निजहरू फरार रहेको हुन सक्ने अवस्थासमेतलाई विचार गर्दा, निजहरूलाई घटी सजाय गर्न नपर्ने देखिएकाले निज प्रतिवादीहरूलाई प्रतिवादी खड्कबहादुर बुढासरह १२ वर्ष कैद हुने गरी सजायमा छुट दिने उच्च अदालतको रायसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीहरू शिवबहादुर बुढा, शालिक बुढा र नारायण बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६।१।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७७ साल फाल्गुन ७ गते रोज ६ शुभम्।

११

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा, *०७१-CI-०९०८, नामसारी निर्णय बदर, प्रदिप शमशेर ज.ब.रा. वि. प्रज्ञान शमशेर ज.ब.रा.*

प्रस्तुत मुद्दामा पिता स्व. इन्दुशम्सेर ज.ब.रा. ले फिरादी प्रदीप शम्सेर ज.ब.रा. लगायत विपक्षी आमा मञ्जु राणासमेतको अंशभाग आफ्नो जिम्मामा राखी पिता पुर्खाको चलअचल सम्पत्ति पुनरावेदक वादीका दाजुहरू प्रकृति शम्सेर ज.ब.रा. र प्रज्वल शम्सेर ज.ब.रा.लाई र.नं.१०२०६ मिति २०४३।३।१९ बाट अंश छोडपत्र गरिदिएको र हाल इन्दुशम्सेरको स्वर्गवास भइसकेको हुँदा बाँकी रहेको अंशियारहरूमा आमा मञ्जु राणा र फिरादी प्रदीपशम्सेर ज.ब.रा. दुई जना रहेको भनी आमा मञ्जु राणाउपर पुनरावेदक वादीले अंश मुद्दा दायर गरेको पाइयो । उक्त र.नं.१०२०६ को लिखत पारित भएपश्चात् यी पुनरावेदक वादीको आमा बुबाको जीवनकालमा नै मिति २०५३।४।१३ मा प्रत्यर्थी प्रज्ञानशमशेरले र.नं.२८७८ बाट शेषपछिको बकसपत्रको लिखत पारित गराइलिएको र शेषपछि हक पुग्ने गरी लिखत गरिदिने पिता इन्दुशमशेरको मिति २०६०।७।१३ मा मृत्यु भएपश्चात् मिति २०६१।४।१५ को मालपोत कार्यालय डिल्लीबजारको निर्णयबाट दा.खा. नामसारी गरेको देखिने।

मिति २०३०।३।७ र.नं. ५२०२ को पारित लिखतबाट यी पुनरावेदक वादीले सो मितिमा नै अंश पाइसकेको हो कि भनी शंका गर्नुपर्ने अवस्था भए तापनि यी पुनरावेदक वादीसमेतका पिता इन्दु शमशेरले पुनरावेदक वादीका दाजुहरू प्रकृतिशमशेरर प्रज्वलशमशेरलाई र.नं.१०२०६ मिति २०४३।३।१९ को पारित लिखतबाट अंश दिएको र सो पारित लिखतमा श्रीमती मन्जु राणाको भाग र कान्छो छोरा यी पुनरावेदक वादी प्रदीपशमशेरको भाग "म जिम्मा राखेको" भनी सो लिखतमा उल्लेख भएको देखिँदा यी पुनरावेदक वादीको अंश पिता इन्दुशमशेरकै जिम्मामा रहेको अवस्था देखिन्छ। वि.सं. २०३० सालमा छुट्टी भिन्न भए पनि यी वादीका दाजुहरूले २०४३।३।१९ मा पिताबाट अंश प्राप्त गरेको देखिँदा यी पुनरावेदक वादीले दाजुहरूसरह अंश नपाउने भन्नु न्यायोचित हुँदैन। पुनरावेदक वादीका पिताका नाममा आमा मन्जु राणा र यी वादीको भागको सम्पत्ति जिम्मा रहेको देखिँदा निज इन्दुशमसेरको नाममा रहेको सम्पत्तिमध्ये ३ भागको १ भाग सम्पत्ति यी पुनरावेदक वादीको अंशहक रहेको भन्ने देखिन आयो। पुनरावेदक वादीको अंशहकको सम्पत्ति निजको मन्जुरीबेगर पुनरावेदक वादीको आमा बाबुको जीवनकालमा वादीका बाबुबाट शेषपछिको बकसपत्र लिखत पारित गरी लिनुदिनु गर्ने कार्यले वादीलाई अंशहकबाट बेदखल गर्ने निहित उद्देश्यले गरेको होइन भन्न सकिने अवस्था रहने।

अंश हक नैसर्गिक हक हो । सगोलको अंशियारका नाममा रहेको जग्गा नामसारी र दर्ता गराउँदैमा अन्य अंशियारहरूको हक जान सक्दैन । त्यस्तै एउटा अंशियारको अंश हकको जग्गा निजको मन्जुरविना अर्को अंशियारले नामसारी दर्ता गराएमा त्यो दूषित दर्ता हुन्छ। दूषित दर्ता बदर गराउन हदम्यादको सीमा बाधक बन्न सक्दैन। प्रस्तुत मुद्दामा प्रत्यर्थीको मिलेमतोमा पुनरावेदक वादीको मन्जुरी नलिई निजको अंश हक मेट्ने दूषित नियतले मिति २०५३।४।१३ मा शेषपछिको बकसपत्र लिखत लिएदिएको र सोही बकसपत्र लिखतको आधारमा मिति २०६१।०४।१५ को नामसारी दाखिल खारेज निर्णय भए गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ। यस्तो अवस्थामा पुनरावेदन अदालत पाटनबाट हदम्यादको आधारमा फिराद खारेज गर्ने गरी भएको फैसला त्रूटिपूर्ण भई न्यायोचित नदेखिने।

अतः वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।०६।०५ को फैसला उल्टी गरी हदम्यादको आधारमा फिरादपत्र खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।०१।०२ को फैसला त्रूटिपूर्ण देखिँदा उल्टी हुने ठहर्छ । यी पुनरावेदकको हुन आउने ३ भागको १ भाग सम्पत्तिसमेत शेषपछिको बकसपत्र हुने गरी भएको विवादित मिति २०५३।४।१३ को शेषपछिको बकसपत्र लिखत सो हदसम्म दूषित तवरबाट भए गरेको देखिँदा सो हदसम्म उक्त लिखत र उक्त लिखतको आधारमा मिति २०६१।०४।१५ मा मालपोत कार्यालय डिल्लीबजारबाट दाखिल खारेज

नामसारी गर्ने सम्बन्धमा भएको निर्णयको ३ भागको १ भाग बदर भई उक्त ३ भागको एक भाग सम्पत्ति पुनरावेदक वादी प्रदिप शमशेर ज.ब.रा.को नाममा नामसारी हुने।

इजलास अधिकृत: भेषराज कोइराला/ओजा लामिछाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १३ गते रोज २ शुभम्।

१२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डा.श्री मनोजकुमार शर्मा, *०६९-WO-१०६५, उत्प्रेषण, युवराज शर्मासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं*

प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सुनुवाइको उचित मौका नै नदिई स्वेच्छाचारी तरिकाले निवेदकहरूका नाउँमा दर्ता रहेका कि.नं. १६०, १६२, १६४, १६५, १६६, १७२ र १७३ समेतका जग्गा सार्वजनिक कायम गर्नु भनी मिति २०६८।९।६ मा निर्णय गरेकोले सो निर्णय बदर गरिपाउँ भनी रिट परेको देखियो । उक्त जग्गाहरू २०४६ सालमा नै कृष्णप्रसाद पौडेल र युवराज शर्माका नाममा जग्गा दर्ता भई उक्त जग्गाहरूको नयाँ जग्गाधनी प्रमाण दर्ता पुर्जा २०५४ सालमा प्राप्त गरेको देखिन्छ। त्यसरी कानूनबमोजिमको हकभोग र स्वामित्व रहेको उल्लिखित जग्गाहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।९।६ मा "नवलपरासी जिल्ला, जमुनिया गा.वि.स. सङ्घ साबिक कि.नं. ५८ को क्षेत्रफल बिगाह ४४-१३-८ जग्गा मिति २०२४।११।२९ मा भएको सर्भे नापीका समयमा जोताहाको नाम, थर वतन महलमा जङ्गल र कैफियतमा आवाद बेलायक भनी जनिएको र नापी कार्यालय नवलपरासीको फिल्डबुकमा “मालपोत कार्यालय नवलपरासीको मिति २०५१।४।२४ नि. ५।०५१।१२ ले श्री ५ को सरकारका नाउँमा दर्ता भएको जानकारी प्राप्त" भन्ने उल्लेख भएको सो जग्गा हाल विभिन्न ५० व्यक्तिका नाममा कित्ता काट गरिएको देखिएकाले यस्तो प्रकृतिको जग्गा व्यक्ति विशेषले दर्ता गराएको अवस्थामा पनि उक्त दर्ता बदर भई नेपाल सरकारको नाममा कायम हुने मालपोत ऐन, २०३४ को दफा २४ मा रहेको देखिँदा २०२४ सालमै सरकारी सार्वजनिक प्रकृतिको देखिएको उक्त कि.नं. ५८ लाई कित्ताकाट गरी कायम भएका सम्पूर्ण कित्ता जग्गा उल्लिखित कानूनी व्यवस्था अनुसार जे जो प्रक्रिया पूरा गर्नुपर्ने हो गरी नेपाल सरकारको नाममा स्रेस्ता पुर्जा तयार भएपछि सक्कल जग्गाधनी प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा पठाउन र सोको जानकारी यस आयोग तथा जिल्ला वन कार्यालय नवलपरासीमा दिन मालपोल कार्यालय, नवलपरासी र नापी कार्यालय, नवलपरासीलाई लेख्ने" भनी निर्णय भएको भन्ने मिसिल संलग्न उक्त निर्णयको प्रतिलिपिबाट देखिएको र उक्त निर्णय कार्यान्वयन गर्न भनी मालपोत कार्यालय, नवलपरासीमा पत्राचार गरेको देखिन्छ । उक्त निर्णय गर्दा जग्गा दर्तावाला निवेदकहरूलाई सुनुवाइको मौका प्रदान गरेको नदेखिने।

यसप्रकारको निर्णय गर्नुअगाडि सुनुवाइको मौका प्रदान गर्नु आवश्यक हुन्छ । कसैका बिरूद्ध निर्णय गर्नुअगाडि निजलाई सुनुवाइको मनासिब अवसर प्रदान गरिनुपर्ने हुन्छ । यसलाई प्राकृतिक न्यायको एक महत्त्वपूर्ण सिद्धान्तको रूपमा लिइन्छ र यसको अनुशरण गरिनुपर्दछ भनी यस अदालतबाट अनेकौं विवादका सन्दर्भमा पटक-पटक व्याख्या भएका पनि छन्। यसै रिट निवेदनसँग लगाउमा रहेका ०७५-CI-०८३० र ०७५-CI-०८३० का मुद्दामा वादी दाबीका कि.न.१६०, १६२, १६४, १६५, १६६, १७२ र १७३ का जग्गाहरू सार्वजनिक कायम नहुने ठहरी भएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७२।११।५ को फैसला सदर हुने ठहरी यसै इजलासबाट आजै फैसलासमेत भएको अवस्था छ। यस्तो अवस्थामा केवल प्रत्यर्थी आयोगको अह्रौटे आदेश र पत्रका आधारमा मात्र असर पर्ने पक्षलाई सुनुवाइको मौका नै प्रदान नगरी एकपक्षीयरूपमा निर्णय गर्नु उचित देखिँदैन। यसबाट

विवादित निर्णय गर्दा प्रक्रियागत त्रूटि कायम रहन गएको देखिने।

अत: बाध्यात्मकरूपमा पालन गर्नुपर्ने सुनुवाइको मौका प्रदान गर्नेसम्बन्धी कुराको उल्लङ्घन गरी प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।९।६ मा भएको निर्णय र सो निर्णयको आधारमा मालपोत कार्यालय नवलपरासी र नापी कार्यालय, नवलपरासी लेखिएको मिति २०६८।९।२४ को पत्र र सोबमोजिम भएका काम कारबाही कानूनप्रतिकूलको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: कृष्ण गिरी

इति संवत् २०७९ साल मंसिर १६ गते रोज ६ शुभम्।

१३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डा.मनोजकुमार शर्मा, *०७५-CI-०८१९, सार्वजनिक जग्गाको दर्ता बदरसमेत, चन्दादेवी चौधरीसमेत वि. कृष्णप्रसाद पौडेलसमेत*

विवादित जिल्ला नवलपरासी, जमुनिया गा.वि.स. वडा नं. ८घ साबिक कि.नं. ५८ का जग्गाहरू तत्काल श्री ५ को सरकारले तिब्बतीयन शरणार्थीहरूलाई वितरण गरी बाँकी रहेका जग्गाहरू नवलपरासी जिल्लामा अधिकार सम्पन्न वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका तत्कालीन रा.प.स. माननीय श्री कृष्णप्रसाद उप्रेती आयोगको मिति २०४६।१।७ को निर्णयले कि.नं.१६०, १६१, १६२,१६३ जग्गा प्रत्यर्थी कृष्णप्रसाद पौडेलका नाउँमा र कि.नं. १७२, १७३,१६६, १६५ र १६४ का जग्गाहरू प्रत्यर्थी युवराज शर्माका नाउँमा दर्ता भएकोमा सुकुम्बासी समस्या समाधान आयोगले सूचना प्रकाशित गरी पुराना पुर्जा राखि नयाँ पुर्जा दिएको भन्ने प्रत्यर्थीहरूले पेस गरेको जग्गाधनी दर्ता प्रमाण पुर्जाको कैफियत महलमा उल्लिखित प्रतिलिपिबाट देखिन्छ । उक्त जग्गा तत्कालीन सरकारले तोकेको मूल्य लिई प्रत्यर्थीहरूलाई दिएको तथ्यमा पुनरावेदकले अन्यथा भन्नसकेको पाइँदैन। तत्पश्चात् उक्त जग्गाको २०६४ सालसम्मको तिरो तिरी हालसम्म प्रत्यर्थीहरूको निरन्तर भोग गरिरहेका देखिन्छ । सुरू अदालतबाट भई आएको नापनक्सा मुचुल्कालाई दृष्टिगत गर्दा कि.नं. ५८ बाट कित्ता काट गरी विवादित जग्गा मात्र नभई अन्य जग्गा पनि अन्य व्यक्तिहरूका नाउँमा गएको देखिन्छ। सो जग्गाउपर मुद्दा परेको देखिदैन। सो जग्गा तत्कालीन सरकारले बस्ती बसाउने नीतिबमोजिम अधिकार सम्पन्न आयोग गठन गरी कानूनी प्रक्रिया अपनाई वितरण गरेको भन्ने कुरा मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । त्यसरी कानूनबमोजिम गठन गरेको निकायमार्फत वितरण गरेको जग्गा के कति कारणले सार्वजनिक कायम हुनुपर्ने हो सोको प्रमाण पुनरावेदक/वादीहरूबाट पेस हुनसकेको देखिँदैन । उक्त जग्गा तत्कालीन सरकारले गठन गरेको आयोगले मिति २०४६।१।१७ मा निर्णय गरी वितरण गरेकोमा सो निर्णय भएको यतिका वर्षसम्म मुद्दा नपरी निर्णय भएको करिब २२ वर्षपछि अर्थात् २०६८ सालमा फिराद दिनुपर्नाको औचित्यता प्रमाणित हुने आधार, कारण र प्रमाण पुनरावेदकले गुजार्न सकेको देखिँदैन। यस्तो अवस्थामा हदम्यादको आधारमा फिराद खारेज हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला कानूनबमोजिम मिलेको देखिँदा पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन नआउने।

तसर्थ, सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।११।५ को फैसला कानूनबमोजिम मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: कृष्ण गिरी

इति संवत् २०७९ साल मंसिर १६ गते रोज ६ शुभम्।

यसै लगाउका मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-CI-०८२०, फैसला बदर, चन्दादेवी चौधरीसमेत वि. कृष्णप्रसाद पौडेल।

१४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७२-CI-१२६०, ०७१-CI-१४५२, ०७१-CI-१४९४, अंश दर्ता, गौरी देवीसमेत वि. लालबाबु हाथीसमेत, रामपुजन हाथीसमेत वि. गौरी देवीसमेत, लालबाबु हाथी वि. गौरी देवीसमेत*

प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेको प्रमाणहरू कागजहरूसमेत हेर्दा, कि.नं.२४ को जग्गा स्व.पाटोदेवी सुडीनले खटिक मुसहरबाट मिति २०४४।९।७ मा खरिद गरी दोकानी कलम नापी भएको र कि.नं.२५ को जग्गा खट्टर मुसहरबाट मिति २०४१ सालमा करारनामाबाट खरिद गरेको भन्ने पेस भएका प्रमाण कागजातहरूबाट देखिन्छ । उक्त दुवै कित्ता जग्गाहरू मिति २०१३।३।१९ मा मानो छुट्टिएपछि स्व.पाटोदेवीले खरिद गरेको देखिँदा सो जग्गामा स्व.पाटोदेवो स्वआर्जनको देखिँदा उक्त जग्गामा रामलखनको श्रीमती स्व.पाटोदेवीका अंशियारबाहेक अन्य अंशियारहरूको अंश हक लाग्ने नदेखिने ।

त्यस्तै स्व.पाटोदेवीका नाउँमा दर्ता रहेको कि.नं.३७५ को जग्गा प्रतिवादी मनोजकुमार हाथीलाई र.नं.६१६(ख) मिति २०६१।४।१५ गते हालैदेखिको बकसपत्रको लिखतको आधारमा स्व.पाटोदेवी सुडीनले रजिस्ट्रेसन गरिदिएको देखिन्छ भने कित्ता नं.३७६ को जग्गा स्व.पाटोदेवी सुडिनका नाउँमा हालसम्म कायमै रहेको देखिन्छ । उक्त दुवै कित्ता जग्गाहरू मानो छुट्टिएको मितिपश्चात् कतैबाट खरिद गरेको नभई साबिकदेखि नै स्व.पाटोदेवीका नाउँमा दर्ता कायम भइआएको देखिन्छ । यसरी साबिकदेखि नै दर्ता कायम रहेको जग्गालाई स्व.पाटोदेवी सुडिनको स्वआर्जन भनी जिकिर लिए तापनि सो जिकिरलाई पुष्टि गर्ने तथ्ययुक्त र भरपर्दो प्रमाण स्व.पाटोदेवीका हक खाने अंशियारहरूबाट पेस हुन सकेको पाइएन । अन्यथा प्रमाणित हुन नसकेको अवस्थामा जुनसुकै अंशियारका नाउँमा रहेको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६ अनुसार सगोलकै मान्नुपर्ने हुन्छ । यस आधारमा सो सम्पत्ति सगोलकै सम्पत्ति मान्नुपर्ने देखिने ।

कि.नं.३६७ र ३६८ को जग्गाको सम्बन्धमा हेर्दा, कि.नं.३६७ को जग्गा रामेश्वर हाथीबाट र.नं.८७५४ मिति २०३४।३।२१ र कि.नं.३६८ को जग्गा मिठु हाथीबाट र.नं.८७५५ मिति २०३४।३।२१ मा स्व. रामलखनको श्रीमती पाटोदेवी सुडीनले खरिद गरेको भन्ने पेस भएको राजीनामाको प्रतिलिपिबाट देखिन्छ । निजहरूका मूल अंशियारहरूबिच मिति २०१३।३।१९ मा मानो छुट्टिएपश्चात् मिति २०३४।३।२१ मा स्व. रामलखनको श्रीमती पाटोदेवी सुडीनले खरिद गरेको भन्ने देखिन्छ।मुलुकी ऐन, अंशबन्डा महलको १८ नं.मा "........अंश नभए पनि मानो छुट्टिई भिन्न बसेका वा रजिस्ट्रेसन नगरी खती उपती आफ्नो हिस्सासँग मात्र राखी खानु पिउनु गरेकोमा एकै ठाउँमा भए पनि मानो छुट्टिई भिन्न भएको ठहर्छ । त्यस्तो कमाएको धन लाएको ऋण आफ्नो आफ्नो हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यस आधारमा यी स्व.महन्त हाथीका अंशियारहरू अर्थात् यी वादी प्रतिवादीहरू मिति २०१३।३।१९ मा मानो छुट्टिएपछि रामलखनको श्रीमती पाटोदेवीले खरिद गरेको देखिँदा उक्त कि.नं.३६७ र ३६८ का जग्गाहरूमा स्वाभाविक रूपमा स्व. रामलखन र पाटोदेवीका हाँगातर्फका अंशियारबाहेक अन्य अंशियारहरूको हक लाग्ने अवस्था रहँदैन । यस अवस्थामा उक्त कि.नं.३६७ र ३६८ जग्गा स्व.महन्त हाथीका हाँगातर्फका सबै अंशियारहरूको अंशबन्डा लगाउने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला न्यायोचित नदेखिने ।

तसर्थ, कि.नं.३६७ र ३६८ को जग्गा रामलखनको हाँगातर्फका अंशियारहरूबिच मात्र अंश भाग बन्डा लाग्ने हुँदा महन्त हाथीका छोराहरू रामशरण र रामपृतको हागातर्फ समेत अंश लाग्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला सो हदसम्म केही उल्टी हुने ठहर्छ । सोबाहेक अन्य कुराको हकमा पुनरावेदन अदालत जनकपुरको मिति २०७१।६।२७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतहरू:- शैलेन्द्र खड्का र शारदा फुयल

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

यसै लगाउका मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्

- ०७१-CI-१४५३, ०७१-CI-१४९३, अंश दर्ता, रामपुजन हाथीसमेत वि. नारायण हाथीसमेत, लालबाबु हाथी वि. नारायण हाथीसमेत।

इजलास नं. ४

१५

मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७५-CI-०६४६, निषेधाज्ञा, रामकेवल शाह रौनियार वि. बुढानिलकण्ठ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, गोल्फुटार, काठमाडौंसमेत*

काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ११, एकताबस्ती मण्डीटारस्थित सञ्चालनमा आएको कवाडी सि.सि कारखानाले त्यहाँको वातावरण एवम् जनताको स्वास्थ्यमा नकारात्मक असर परेको हुँदा उक्त कारखाना सो स्थानबाट अन्यत्र स्थानमा तत्काल हटाइपाउँ भनी टोलबासीहरूले टोल सुधार समिति, एकताबस्ती, मण्डीटारको अध्यक्षसमक्ष मिति २०७३।१०।१३ मा निवेदन दिएको भन्ने मिसिल संलग्न रहेको निवेदन कागजातबाट देखिन्छ। यस्तै मिति २०७३।१२।०८ मा बुढानिलकण्ठ नगरपालिका कार्यालयका कार्यकारी अधिकृत श्री विश्वजराज मरासेनीको अध्यक्षतामा नगरपालिका कार्य सञ्चालन वोर्डको निर्णयलाई हेर्दा "व्यापक फोहोर गरेको र स्वास्थ्यमा हानि पुऱ्याएको हुँदा कवाडी उद्योगलाई पूर्णरूपमा उक्त स्थानबाट हटाउने" भनी निर्णय भएको देखिन्छ। सोही निर्णयबमोजिम कवाडी उद्योग २ महिनाभित्र स्थानान्तरण गराउन भनी मिति २०७३।१२।०९ मा सम्बन्धित निकायलाई उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा पत्राचार गरेको पाइन्छ। यसैगरी उच्च अदालत पाटनबाट मिति २०७४।१२।२१ मा वातावरण प्रभाव मूल्याङ्कन गर्नेसम्बन्धी आदेश भएकोमा वातावरण इन्जिनियर राघव गौतमले स्थलगत निरीक्षण गरी वातावरण प्रदूषण सम्बन्धमा बुढानिलकण्ठ नगरपालिकामा चढाएको प्रतिवेदनलाई हेर्दा, यस विषयमा स्थलगत अनुगमन गर्ने क्रममा बोटलहरू धोइपखाली गरेर बोटलमा बाँकी रहेको केमिकल र रक्सीहरू ढलमा मिसाएर उक्त ढल सिधै खोलामा पठाइने गरेको पाइयो। उक्त कार्यले नदीलाई प्रदूषित मात्र नभई विषादीयुक्त बनाउने सम्भावना पनि रहेको देखियो भनी प्रतिवेदनको प्रकरण नं. १ मा उल्लेख भएको पाइयो। उल्लिखित प्रतिवेदनबाट कवाडी उद्योगले प्रत्यक्षरूपमा त्यहाँको वातावरण एवम् बासिन्दाहरूको स्वास्थ्यमा नकारात्मक असर गरेको भन्ने प्रस्ट देखिने।

नेपालको संविधानको धारा ३०(१) मा स्वच्छ वातावरणको हकअन्तर्गत "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ" भन्ने उल्लेख भएको देखिन्छ। यसरी संविधानले नै सम्पूर्ण नागरिकले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई संरक्षण गरेसँगै कुनै मानव जातिलाई प्रतिकूल असर पार्ने गरी कसैले वातावरण प्रदूषण गर्न नहुने र गर्न नपाउने भन्ने नै हुन्छ। यसैगरी वातावरण संरक्षणमा के-कुन निकायको दायित्व रहने भन्ने सम्बन्धमा कानूनी प्रावधानहरूलाई हेर्दा, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ को ग(४) मा "नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी नगरपालिकाले वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने" भनी उल्लेख भएको पाइन्छ। यस्तै फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र दफा ४ मा फोहोर मैलाको व्यवस्थापन गर्ने दायित्व स्थानीय निकायको हुने भन्ने उल्लेख गरेकोले नगर क्षेत्रभित्र फोहोर व्यवस्थापन गर्नेसमेतको अधिकार नगरपालिकामा रहे भएको देखिन्छ। उल्लिखित कानूनी प्रावधानहरूलाई हेर्दा वातावरण संरक्षण एवम् फोहोर मैला व्यवस्थापन सम्बन्धमा सम्बन्धित नगरपालिकाको प्रमुख दायित्व एवम् भूमिका हुने भन्ने देखिने।

तसर्थ, यी पुनरावेदक निवेदकले सञ्चालन गरेको कवाडी उद्योगबाट स्थानीय व्यक्तिहरूलाई पर्न गएको वातावरणीय असुविधासमेतलाई दृष्टिगत गरी मिति २०७६।१२।८ मा बुढानिलकण्ठ नगरपालिका कार्यालयबाट भएको निर्णय र सोबमोजिम भएको पत्राचारसमेत कानूनसम्मत नै रहेभएको देखिँदा पुनरावेदक निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपरेन भनी रिट निवेदन खारेज ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।०४।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल आश्विन ८ रोज ६ शुभम्।

१६

मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७३-CI-१६४१, निषेधाज्ञा, नेपाल विद्युत् प्राधिकरण, दरबार मार्ग, काठमाडौं वि. माई झ्याली हाइड्रोपावर प्रा.लि., ललितपुर*

पुनरावेदक प्रत्यर्थी प्राधिकरणले पुनरावेदन जिकिरमा सम्झौताको दफा ३८.१५ बमोजिम आयोजनाको भौतिक प्रगति ५० प्रतिशतभन्दा कम भएमा परफरमेन्स जमानत जफत हुने छ भन्ने प्रावधान रहेको र सोही प्रावधानको पालना नभएकोले परफरमेन्स जमानत जफतका लागि विपक्षी निवेदकलाई पत्राचार गरेको भन्ने देखिन्छ । सो सन्दर्भमा मिसिल संलग्न रहेको च.नं.६९ मिति २०७३।६।१६ को पत्र हेर्दा आयोजनाको समग्रमा ९० प्रतिशत कार्य सम्पन्न भई हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको र चाँडै नै निर्माण कार्य सम्पन्न गरिने भनी नेपाल विद्युत् प्राधिकरणलाई लेखी पठाएको देखिन्छ । विपक्षी निवेदक कम्पनीले अदालतसमक्ष पेस गरेको प्रगति विवरणलाई हेर्दा आयोजनाको काम समग्रमा ९० प्रतिशत सम्पन्न भएको भनी उल्लेख भएको देखिन्छ । यसरी विपक्षी निवेदक कम्पनीले प्राधिकरणलाई आयोजना अन्तिम चरणमा रहेको भनी पत्राचार गर्दै Monthly Progress Report मा समेत आयोजनाको काम समग्रमा ९० प्रतिशत सम्पन्न भएको भनी दाबी गरेकोमा प्राधिकरणले उक्त पत्र एवम् Report लाई अन्यथा भनी प्रमाण पेस गर्नसकेको देखिए साथै यी दुवै पक्षबिच अदालतमा विचाराधीन रहेको मुद्दाको अन्तिम फैसलालाई मान्न सर्तमा सहमति भई Required Commercial Operation Date नवीकरण भएको हुँदा यी पक्षहरूबिचमा उक्त करार सम्झौता कायम रहेको र पुनरावेदकसँग करारीय सम्झौता कायम रहेको कारण हाल आयोजनाको काम सम्पन्न भई उत्पादित बिजुली प्राधिकरणले खरिद गरेको भन्ने कुरालाई समेत पुनरावेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले स्वीकार गर्नुभएको भन्ने देखिँदा यस स्थितिमा विपक्षी निवेदकले सम्झौताको दफा ३८.१५ र ३८.१६ को सर्तबमोजिमको कार्य सम्पन्न नगरेको कारण जनाई बैंक ग्यारेन्टी जफतको लागि गरेको पत्राचार कानूनअनुरूप भए गरेको मान्न मिल्ने अवस्था नदेखिई विपक्षी निवेदक कम्पनीको मागबमोजिम बैंक ग्यारेन्टीको रकम जफत नगर्नु, नगराउनु भनी पुनरावेदक प्राधिकरणको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने।

तसर्थ, पुनरावेदक प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरण र विपक्षी निवेदक माथिल्लो माई'सी' जलविद्युत् आयोजनाबिचमा सहमति भई आयोजनाको Required Commercial Operation Date संशोधन भएको र दुई पक्षहरूबिच भएका पत्राचारहरूबाट समेत यी दुवै पक्षबिचमा मिति २०६८।१२।२३ मा भएको विद्युत् खरिद बिक्रीसम्बन्धी सम्झौता कायमै रहेको भन्ने देखिँदा विपक्षी निवेदक कम्पनीको निवेदन माग दाबीबमोजिमको निषेधाज्ञा आदेश जारी हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७३।०७।२४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल आश्विन ८ रोज ६ शुभम्।

१७

मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-CR-२१४३, २२३०, कर्तव्य ज्यान र चोरी, हरिबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिबहादुर तामाङसमेत*

पुनरावेदक/प्रतिवादीको उपस्थिति रहे नरहेको र निजले मृतकलाई आक्रमणलगायतका कार्य गरे नगरेको सम्बन्धमा हेर्दा, यी पुनरावेदक/प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रहे पनि उक्त वारदातस्थलमा निजको उपस्थिति रहेको कुरालाई घुमाउरो पाराले स्वीकार गरेको देखिन्छ। जुन कुरालाई निजले मृतक भुषण किलम्वू, राजु तामाङ र अक्कलबहादुर तामाङ ५० मिटर टाढाबाट देखेको, तर निजहरूलाई प्रस्ट चिन्न नसकेको, राजुले लट्ठीले हानेको, पिटिसकेपछि राजु, अक्कल र भुषण किलम्वू उभिइ ५ मिनेटजति गफ गरेपछि निजहरू तीनैजना भागेका हुन् (स.ज. ५) भन्ने बयानले पुष्टि गरेको देखिन्छ भने मौकाको बयानमा मृतक भुषण किलम्वूसँग भएको पैसा लुट्नको लागि पूर्वयोजना बनाई निजलाई आक्रमण गरेको, राजु तामाङसँग मिली लाठीले कुटपिट गरेको र मरेपछि लास व्यवस्थापनसमेत गरेको भनी उक्त घटना वारदातको सिलसिलेवार रूपमा स-विस्तार खुलाइदिएको देखिन्छ। यस स्थितिमा यी पुनरावेदक प्रतिवादी आफैँ वारदातस्थलमा उपस्थित भई मृतक भुषण किलम्वूको ज्यानै मार्ने उद्देश्यले योजनावद्ध र प्रत्यक्ष रूपमा जङ्गलको एकान्त ठाउँमा पुऱ्याई आक्रमण गरेको, काठको लाठी, ढुङ्गाहरू तयारी रूपमा राखेको, मृतक सो ठाउँनजिक पुगेपछि पूर्वयोजना मुताबिक आक्रमण गरेको, लात एवम् काठको लाठीले पटकपटक प्रहार गरी मारेको भन्ने तथ्य स्थापित भएको देखिँदा ज्यान मार्ने कार्यमा निजको भूमिका मुख्य व्यक्तिको रूपमा रहेको अवस्था हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखियो । आफूउपरको अभियोग दाबी नै पुष्टि नभएको अवस्थामा आरोपित कसुरमा सजाय गरेको उच्च अदालत पाटनको फैसला उल्टी गरी सफाइ पाउँ भन्ने पुनरावेदक/हरिबहादुर तामाङको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले मौकामा बयान गर्दा मृतकसँग रू. २०,०००।– मात्र लिई चार जनाले बाँडिलिएको भने तापनि अदालतमा सो कुराको खण्डन गरेको देखिन्छ। यी प्रतिवादीबाट चोरी भएको भनिएको रकम बरामद भएको अवस्था पनि छैन । यी प्रतिवादीले मृतकबाट खोसेको रकम कतै लुकाएको, अन्य कसैलाई दिएको वा अन्य कार्यमा खर्च गरेको देखिने आधार पनि पाइँदैन । यसरी यी प्रतिवादीले मृतकको रकम लिए खाएको भन्ने कुरा पुष्टि हुन नसकेको र निजको साथबाट सो रकम बरामदसमेत हुन नसकेको स्थितिमा निजलाई अभियोग माग दाबीकै आधारमा मात्र कसुरदार ठहर गरी सजाय गर्न मिल्ने नदेखिने।

सहप्रतिवादी हरिबहादुर तामाङले मौकामा बयान गर्दा आफू आरोपित कसुरमा साबित हुँदै प्रतिवादीहरू काइँला तामाङ र श्यामबहादुर तामाङको नाम पोल गरेको देखिन्छ। यी प्रतिवादीहरूले आफूलाई भुषण किलम्वूको ज्यान मार्ने कार्यमा उक्साएको वा सल्लाह दिएको वा वारदातस्थलमा उपस्थिति रहेको भन्न नसकी राजु तामाङ र आफू भई दुई जनाले मात्र मृतकलाई लखेट्ने, पक्रने, कुटपिट गरी मार्ने र मरिसकेपछि फाल्ने साथै मृतकसँग भएको रकम खोस्ने कार्य गरेको भनी लेखाइदिएको पाइन्छ। यी प्रतिवादी काइला तामाङ र श्यामबहादुर तामाङले मौकामा बयान गर्दा आफूहरूले वारदातस्थल नजिकसम्म भुषण किलम्वूलाई पुऱ्याउनेसम्मको काम गरेको भनी अनुसन्धानमा बयान गरेको देखिए पनि निजहरूले अदालतमा बयान गर्दा भने आरोपित कसुरमा पूर्ण रूपमा इन्कार रहेको पाइन्छ। मृतक भुषण किलम्वूसँगै जलबिरेतर्फ गएका भनिएका निजका साथी सुमन सिल्पकारले आफू जलबिरेमै बसेको, त्यहाँसम्म प्रतिवादी काइँला तामाङ लिन आएपछि निजसँग भुषण किलम्वू, भरत श्रेष्ठ र अक्कलबहादुर तामाङ नागमणि लिन गएको भनी र अर्का साथी भरत श्रेष्ठले

आफूहरूलाई लिन काइला तामाङ आएको, निजसँग आफूलगायत भुषण किलम्वू र अक्कलबहादुर तामाङ नागमणि लिन जलबिरेबाट हिँडेपछि बाटोमा श्यामबहादुर तामाङसँग भेट भई ओखरेनी जङ्गलमा पुगेपछि काइँला तामाङका अन्य साथीहरूले माथिबाट ढुङ्गा गुडाउन थालेपछि भागेको भनी मौकामा कागज गरेको देखिए पनि निजहरू दुवैजनाले अदालतमा उपस्थित भई बकपत्र गरी उक्त भनाइलाई समर्थन गर्न सकेको नदेखिँदा निजहरूको उक्त मौकाको भनाइ प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने नदेखिने। प्रतिवादीहरू भुषण किलम्वूको ज्यान मार्ने योजनामा पसेको, निजको ज्यान मार्ने षड्यन्त्र गरेको वा सो कार्यमा सहप्रतिवादी हरिबहादुर तामाङलाई कुनै सहयोग गरेको भन्ने कुरा मिसिलसंलग्न कागजातबाट शंकारहित तवरबाट स्थापित हुनसकेको पाइँदैन। यी प्रतिवादीहरूसँग कुनै रकम बरामद हुननसकेको, निज प्रतिवादीहरूले रकम चोरेको, लुटेको वा मृतक भुषण किलम्वूसँग अन्य व्यक्तिले चोरी ल्याएको रकम बाँडफाँड गरी लिएखाएको भन्ने कुरा पनि मिसिलसंलग्न कागजातबाट खुल्न नसक्नुका साथै यी प्रतिवादीहरूको नाम पोल गर्ने सहप्रतिवादी हरिबहादुर तामाङले नै भुषण किलम्वूसँग भएको रकम चोरी गरेको भन्ने कसुर स्थापित हुन नसकी चोरीको आरोपित कसुरबाट सफाइ पाइसकेको अवस्थामा निजले चोरी ल्याएको रकम यी प्रतिवादीहरूले लिए खाएको होला भनी अनुमान गर्न मिल्ने देखिएन।

अर्का प्रतिवादी सिंहबहादुर तामाङको हकमा हेर्दा निजले मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निजको मौकाको बयानमा श्यामबहादुर तामाङको मोवाइल नं. अक्कलबहादुर तामाङलाई उपलब्ध गराइदिएको भन्नेसम्म खुले पनि सो कुराको पुष्टि कतैबाट हुनसकेको पाइँदैन भने अर्कोतर्फ यतिले मात्र निजउपरको अभियोग दाबीलाई पुष्टि गर्न पर्याप्तता हुने देखिँदैन। त्यसैगरी प्रतिवादी पाल्देन तामाङ र साइँला तामाङको हकमा हेर्दा निजहरू दुवैजनाले अक्कलबहादुर तामाङसँग भरत श्रेष्ठको कोठामा पुगी आफ्नो गाउँमा एक जना बुढी आमासँग नागमणि रहेको कुरा व्यक्त गरेको भन्ने उल्लेख भएको देखिए पनि अदालतमा बयान गर्दा सो बेहोरालाई समेत अस्वीकार गरेको देखिन्छ। कर्तव्य ज्यान मुद्दाको कसुरमा मुख्य कसुरदार ठहर भएका सहप्रतिवादी हरीबहादुर तामाङले यी तीनैजना प्रतिवादीहरू अर्थात् सिंहबहादुर तामाङ, पाल्देन तामाङ र साहिला तामाङको नाम पोल गरेको अवस्था पनि छैन। यी प्रतिवादीहरूको वारदातस्थलमा उपस्थिति रहेको वा भुषण किलम्वूको ज्यान मार्ने कार्यमा संलग्नता रहेको वा ज्यान मार्ने कार्यमा योजना बनाएको वा षड्यन्त्र गरेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट नदेखिने।

प्रतिवादीहरू काइँला तामाङ, श्यामबहादुर तामाङ, सिंहबहादुर तामाङ, पाल्देन तामाङ र साइँला तामाङलाई भुषण किलम्वूको ज्यान मार्ने विषयमा जानकारी भएको वा भुषण किलम्वूको ज्यान मार्नसक्ने कुरामा मत सल्लाह गरेको वा षड्यन्त्र गरेको देखिने कागजात मिसिल संलग्न पेस दाखिल हुनसकेको पाइँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीमा आफ्नो दाबी प्रमाणित गर्ने दायित्व रहेकोमा वादी पक्षले यी प्रतिवादीहरूउपर लगाएको अभियोग दाबी प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिँदा शंकाको भरमा मात्र प्रतिवादीहरूलाई सजाय गर्नु कानूनसम्मतसमेत नदेखिँदा प्रतिवादीहरू साइला तामाङ, काइँला तामाङ, श्यामबहादुर तामाङ, सिंहबहादुर तामाङ र पाल्देन तामाङलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू सदर गरेको उच्च अदालत पाटनको भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, केही नेपाल कानून संशोधन गर्न बनेको ऐन, २०७४ को दफा ३९ अनुसार सर्वश्वको व्यवस्था नभएकोले प्रतिवादीमध्येका हरिबहादुर तामाङको हकमा सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम निजलाई जन्म कैदको सजाय गरी सर्वश्वसमेत गरेको हदसम्म केही उल्टी गरी निज प्रतिवादीलाई मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरी अन्य प्रतिवादीहरू काइँला तामाङ, श्यामबहादुर तामाङ, सिंहबहादुर तामाङ, साहिँला तामाङ र पाल्देन तामाङको हकमा अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७२।३।२८ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५/०६/२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७८ साल श्रावण १८ गते रोज २ शुभम्।

१८

मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-CR-०८१७, जबरजस्ती करणी, तुलसीप्रसाद घिमिरे वि. नेपाल सरकार*

पीडितको मौकाको कागज हेर्दा, "मिति २०७३/११/२१ गते घरमा एक्लै बसिरहेकोमा प्रतिवादी आएर चुरोट देउ भन्दै किचनमा गएर किचनमा जानासाथ मलाई समातेर भित्तामा लगी मैले लगाएको कपडाको सुरूवाल खोलेर मेरो सुसु गर्नेमा निजको सुसु गर्ने दलेर छिराउन खोज्दा निकै बेरसम्म नछिरेपछि बायाँ हातको चोरी औँला मेरो सुसु गर्ने ठाउँमा छिराएर खेलाई दुखेको कारण म रून थालेपछि सो कुरा कसैलाई नभन्नु भनी पन्ध्र रूपियाँ दिएर कसैलाई भनेमा मारिदिन्छु भनेकोले सहेर बसेको र मिति २०७३।११।२४ मा पनि प्रतिवादी आएर जबरजस्ती करणीको प्रयास गरेको कारण मैले बोजुलाई भनेको हो" भनी भनेको र सो बेहोरालाई समर्थन हुने गरी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । मौकामा घटना विवरण कागज गर्ने जुनिता लिम्वूले सुरू अदालतमा आई (स.ज.७)मा मिति २०७३।११ २१ मा पीडितलाई जबरजस्ती करणी गरेको भनेको र (स.ज. ८) मा पीडिताको घरको किचनमा जबरजस्ती करणी गरेको भनी मौकाको कागजको बेहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, वस्तुस्थिति मुचुल्काका नीशा लिम्बूले मिति २०७३।११।२१ गते घरको किचनमा करणी गरेको भनी ऐ २४ गते सुनी थाहा पाएको भनी(स.ज.८) बकपत्र गरेको तथा पीडितको हजुरआमा जाहेरवालाले सुरू अदालतमा समेत आई जाहेरीलाई समर्थन हुने गरी बकपत्र गरेको देखिने।

साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३(१) मा भएको व्यवस्था हेर्दा, "दश वर्षभन्दा मुनिकी बालिका भए १० देखि १५ वर्ष कैद सजाय हुने भन्ने" उल्लेख भएको देखिन्छ। मिसिल संलग्न स्थानीय पञ्जिकाधिकारीको कार्यालय तिरिङ्गे गा.वि.स. वार्ड नं. २ ताप्लेजुङबाट जारी भएको जन्म दर्ताको प्रमाणपत्र हेर्दा, निजको उमेर मिति २०६४।०२।०३ भन्ने देखिन्छ । उल्लिखित प्रमाण कागजबाट वारदातको समयमा निज पीडितको उमेर १० वर्षभन्दा कम रहेको भन्ने देखिन आई प्रतिवादीले १० वर्षभन्दा कम उमेरकी यी पीडित नाबालिकाउपर निजको योनिमा हातले खेलाएको र लिङ्गसमेत पीडितको योनीमा दलेको भन्ने देखियो । यसरी प्रतिवादीले यी नाबालिकाउपर एक पटक मात्र नभई पटक पटक रूपमा गरेको भन्ने देखियो । उल्लिखित अवस्थामा निज प्रतिवादी तुलसीप्रसाद घिमिरेलाई न्यूनतम कैद १०(दश) वर्ष कैद सजाय र रू.३५,०००।- (पैँतिस हजार) पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसलालाई अन्यथा भन्नुपर्ने नदेखिने।

अतः प्रतिवादी तुलसीप्रसाद घिमिरेलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(१) नं. को कसुर अपराधमा ऐ. को ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र पीडितलाई ऐ. को १० नं. बमोजिम रू.३५,०००।- क्षतिपूर्ति दिलाइ भराइदिने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।११।२३

को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: शारदादेवी पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल भदौ २९ रोज ३ शुभम्।

१९

मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशकुमार ढुङ्गाना, *०७४-CR-११४१, जबरजस्ती करणी, कविराज आचार्य वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट Hymen not intact भन्ने उल्लेख भएको र परीक्षण प्रतिवेदन जाँच गर्ने विशेषज्ञ डा. गिरिधारी शर्माले समेत उच्च अदालत पोखरामा आई बकपत्र गर्दा "योनि मार्गमा भएको झिल्ली च्यातिएको अवस्थामा थियो" भन्ने उल्लेख गरेको पाइने।

श्रीमतीसँग सम्बन्ध विच्छेद भए पनि छोराछोरीसँग हुँदैन । जबरजस्ती करणीजस्तो यति ठुलो जघन्य अपराधमा आफ्नै नाबालक छोरीउपर सामाजिक रूपमै कलङ्क लाग्ने गरी आफ्नै श्रीमान्उपर जाहेरी दिनुपर्ने कुनै कारण रहेको देखिँदैन । आफ्नो तथा परिवारको इज्जतमा नै नराम्रो दाग लगाउने गरी आफ्नै श्रीमान्प्रति झुटो जाहेरी दिएको भन्ने कुरा पत्यारलाग्दो मान्न सक्ने देखिँदैन । यौन कार्य के हो भन्नेसम्म राम्रोसँग मतलब परिणाम बुझ्न नसक्ने अवस्थाको एक १३ वर्षीय नाबालिकाले विनाआधार कारण आफूउपर आफ्नै सहोदर बुबाबाट यति ठुलो सामाजिक रूपमा कलङ्क लाग्ने गरी भएको जघन्य यौन आक्रमण भएको तथ्यलाई उजागर गर्दै प्रस्तुत आरोप लगाएको अवस्था देखिँदा प्रतिवादीले जिकिर लिएबमोजिम काल्पनिक वारदात सिर्जना गरी आरोप लगाएको भन्न मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादीले जाहेरवाली, पीडित भनिएकी पोखरा-३७ र बुझिएका परिवर्तित रमेशले बकपत्र गरिसकेपछि झुटा बेहोराको जाहेरी र कागज भएकोले पुनः बकपत्र गराइपाउँ भनी सुरू अदालतमा तथा उच्च अदालतमा निवेदन दिई सनाखतसमेत गरे पनि त्यसको सुनुवाइ भएन भन्ने जिकिर लिएको सन्दर्भमा हेर्दा, प्रमाण परीक्षणका निश्चित समय र प्रक्रियाहरू हुन्छन् । हाम्रो जस्तो अभियोजनात्मक प्रणाली अवलम्बन गरेको मुलुकमा एउटा पक्षको साक्षीले अदालतमा बोलेको कुरालाई अर्को पक्षले जिरह गर्न पाउँछ । स्वच्छ सुनुवाइको सिद्धान्तलाई हरेक चरणमा पालना गरिनुपर्ने र फौजदारी मुद्दामा साक्षीहरूको बढी प्रधानता हुने हुँदा पीडितलगायतका व्यक्तिहरूलाई अदालतले तोकेको समयमा एक पटक साक्षी परीक्षण गरिसकेपछि पुनः साक्षी परीक्षण हुने अवस्था रहँदैन त्यसमाथी बकपत्र भइसकेपछि दिएका निवेदनहरूको सनाखत गराइपाउँ भन्ने मागलाई उच्च अदालतले अस्वीकार गरी आदेश गरिसकेको अवस्था छ । यस स्थितिमा पीडितलगायतका व्यक्तिहरू सुरू अदालतमा आई मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र गरेको र स्वास्थ्य परीक्षणसमेतबाट जबरजस्ती करणी गरेको ठहर भएको अवस्थामा पुनरावेदक प्रतिवादी कविराज आचार्यले आफ्नै नाबालक छोरी वर्ष १३ की पीडित पोखरा ३७ लाई जबरजस्ती करणीको कसुर गरेको ठहर गरी भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरेको उच्च अदालत पोखराको फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी कविराज आचार्यलाई गरेको सजाय मिलेको छ छैन भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादी कविराज आचार्यलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ११ वर्ष कैद र आफ्नै छोरीलाई करणी गरेको हुँदा हाडनाता करणीको महलको (१) नं. बमोजिम १० वर्ष कैदसमेत थप हुने र पीडितलाई क्षतिपूर्तिबापत रू.१,५०,०००।- (एक लाख पचास हजार) भराइदिने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसलामा उच्च अदालत पोखराबाट क्षतिपूर्ति सम्बन्धमा सुरू जिल्ला अदालतको फैसला सदर गरेको र सजायको हकमा, जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम प्रतिवादीलाई ८(आठ) वर्ष कैद गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निजलाई आठ वर्ष कैद र हाडनाता करणीको महलको १ नं. बमोजिम १०(दश) वर्ष थप कैद गरी १८(अठार)

वर्ष कैद गर्नुपर्नेमा २१ वर्ष कैद गरेको उक्त फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी कविराज आचार्यलाई १८ (अठार) वर्ष कैद हुने गरी फैसला भएको देखियो । सो सन्दर्भमा हेर्दा, प्रतिवादीबाट पीडितले पाउने क्षतिपूर्तिको सम्बन्धमा उच्च अदालत पोखराबाट सुरू जिल्ला अदालतको फैसला सदर गरेकोले सो सम्बन्धमा केही बोलिरहनु परेन । सजायको हकमा हेर्दा, प्रतिवादीबाट भएको अपराधको गम्भीरतालाई विचार गर्दा, हाडनाता करणीमा स्वविवेकको प्रयोग गर्न मिल्ने अवस्था नभई निश्चित कैद १० वर्ष हुने अवस्था देखिएको हुँदा स्वविवेक प्रयोग हुन सक्ने जबरजस्ती करणीको ३(२) नं बमोजिम ८ वर्ष कैद गर्दा पनि १८ वर्ष कैद हुने र यसो गर्दा न्यायको मक्सद पुग्ने नै देखिन्छ । यसरी पीडित नाबालिकाको उमेर अनुसार जबरजस्ती करणीको ३(२) नं. बमोजिम ८ वर्ष कैद र हाडनाता करणीको १ नं बमोजिम पूरै १० वर्ष कैद सजाय गरी १८ (अठार) वर्ष कैद गरेको उच्च अदालत पोखराबाट भएको फैसला कैद सजायको हकमा पनि मिलेकै देखिने ।

अतः प्रतिवादी कविराज आचार्यलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ११ वर्ष कैद र हाडनाता करणीको महलको (१) नं. बमोजिम १० वर्ष कैदसमेत थप हुने र पीडितलाई क्षतिपूर्तिबापत रू.१,५०,०००।- (एक लाख पचास हजार) भराइदिने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट फैसला भएकोमा क्षतिपूर्तिको हकमा सुरू सदर गर्दै कैदको हकमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद र हाडनाता करणीको महलको १ नं. बमोजिम १०(दश) वर्ष थप कैदसमेत गरी १८(अठार) वर्ष कैद हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७४।५।२०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

इति संवत् २०७८ साल भदौ २७ रोज १ शुभम् ।

२०

मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा. श्री मनोजकुमार शर्मा, *०७२-WO-०८४७, उत्प्रेषण, माइली कपालीको नाउँमा जित सिंह कपाली वि. अल्फा बचत तथा ऋण सहकारी संस्था लि., काभ्रेपलाञ्चोकसमेत*

सहकारी नियमावली, २०४९ को नियम २५ को उपनियम (१) को खण्ड (घ) मा "लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरू गरी बन्द हुने समयभन्दा एक घण्टाअगाडि समाप्त गर्नुपर्ने छ । लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नुपर्ने छ" भनी व्यवस्था रहेको पाइन्छ । मिति २०७१/०५/२५ को उक्त सहकारी संस्थाको धितो लिलामको मुचुल्का हेर्दा उक्त दिन दिनको ३ बजेदेखि ४ बजेसम्म मात्र लिलाम बिक्रीको कार्यक्रम राखी धितो लिलामको मुचुल्का खडा गरेको देखिन्छ । यसरी लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरू गरी बन्द हुने समयभन्दा एक घण्टाअगाडि समाप्त गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्थाको विपरीत एक घण्टाको समय राखी बोलपत्रमार्फत लिलाम बढाबढ भएको कार्यलाई समेत उचित मान्न नमिल्ने ।

सहकारी नियमावली, २०४९ को नियम २५को उपनियम (४) मा "बाँकी बक्यौता असुलउपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनुपर्ने छ ।" भन्ने व्यवस्था रहेको देखिन्छ । मिसिल संलग्न विपक्षी सहकारी संस्थाबाट प्राप्त निवेदकले लिएको ऋणसम्बन्धी सक्कल फाइल हेर्दा जग्गाधनी यी निवेदकलाई त्यस्तो कुनै प्रकारको सूचना पठाएको देखिँदैन । यसरी नियमबमोजिम पठाउनुपर्ने सूचना पठाएको नदेखिएको र नियमावलीले तोकेकोभन्दा न्यून समयावधि तोकी लिलाम प्रक्रिया सम्पन्न गरेको देखिँदा त्यस्तो लिलामलाई बैध मान्न नमिल्ने ।

निवेदकले अल्फा बचत तथा ऋण सहकारी

संस्था लि.बाट कर्जा लिँदा रिट निवेदकको नाममा रहेका जग्गाहरू निजले धितो राख्न दिएकोमा जमानीको रूपमा रहेका जग्गाधनीलाई समेत जानकारी नै नदिई धितो राखिएका जग्गाहरू लिलाम गरी सहकारी आफैँले सकार गर्ने गरी मालपोत कार्यालयबाट भएको कार्यलाई प्रचलित कानून, न्याय, प्राकृतिक न्यायका सिद्धान्त तथा यस अदालतबाट प्रतिपादन भएका सिद्धान्तअनुसार कानूनसम्मत भएको देखिएन । विपक्षी अल्फा बचत तथा ऋण सहकारी संस्था लि.ले निवेदकमध्ये माइली कपालीले जमानी रूपमा धितो सुरक्षण लेखी दृष्टि बन्धकी पारित गरिदिएको कि.नं १०३६ र १०७ का जग्गाको लिलाम प्रक्रियामा खडा गरिएको मिति २०७१/०५/२५को लिलाम मुचुल्का र २०७१/११/०५मा सञ्चालक समिति बैठकको निर्णयले उक्त सम्पत्ति अल्फा बचत तथा ऋण सहकारी आफैँले लिलाम सकार गरी लिएको काम कारबाही र सो आधारमा मालपोत कार्यालय धुलिखेल काभ्रेपलान्चोकबाट मिति २०७१/१२/१६ मा दाखेल खारेज नामसारीसमेतका उक्त जग्गा लिलाम तथा नामसारीसम्बन्धी सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब, विपक्षीले धितोबापत लिएको निवेदकको सम्पत्ति पुन: मूल्याङ्कन गरी कर्जा असुलीको प्रक्रिया अघि बढाउनु भनी विपक्षी अल्फा बचत तथा ऋण सहकारी संस्था लि.को नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: पुष्कल राज प्रसाई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र २७ गते रोज २ शुभम्।

२१

मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा. श्री मनोजकुमार शर्मा, *०७९-WO-०१८९, उत्प्रेषणसमेत, राजेन्द्र प्रसाद साह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौं*

प्रशासकीय अदालतको अधिकार सीमित हुँदा कर्मचारीसम्बन्धी सम्पूर्णजसो विवादहरू सर्वोच्च अदालतमा प्रवेश गर्ने अवस्था थियो। त्यस्तै बैंक वित्तीय संस्थासम्बन्धी मुद्दाहरू सर्वोच्च अदालतमा नै आउने गरेको थियो । नयाँ संविधान जारी भएसँगै कानूनमा परिवर्तन गरी साधारण अधिकार क्षेत्रको विस्तार भएको छ । सुरूका दिनहरूमा रिट क्षेत्राधिकारको प्रयोग गरी सर्वोच्च अदालतमा सोझै आउने बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको मुद्दाहरू श्रम अदालतमा, गठन आदेशअन्तर्गत बनेका समितिका कर्मचारी, निजामतीदेखि स्थानीय तहका कर्मचारीसम्बन्धी मुद्दाहरू प्रशासकीय अदालतले हेर्ने गरी अधिकार क्षेत्रको निर्धारण गरी कानूनमा परिवर्तन भएको छ। यो कुरालाई अनदेखा गरी सरूवाको विषयमा स्पष्ट रूपमा प्रशासकीय अदालतलाई पुनरावेदकीय क्षेत्राधिकार प्रदान गरेको अवस्था देखिँदा देखिँदै सोभन्दा कम गम्भीर प्रकृतिका काजमा खटाउने वा कामकाजमा खटाउने कुराहरूलाई असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गर्न पाउने गरी व्याख्या गरी रिट क्षेत्राधिकारको प्रयोग गर्नु र उपचारको सहज व्यवस्था विद्यमान हुँदाहुँदै न्यायको याचकलाई कार्यबोझको चपेटामा रहेको यस अदालतको असाधारण अधिकारक्षेत्रमा सोझै प्रवेश गराउनु न्यायमा सहज पहुँचको दृष्टिबाट समेत उचित हुने देखिँदैन । निवेदक यस अदालतमा प्रवेश गर्नुपूर्व प्रशासकीय अदालतमा पुनरावेदन लिएर गएको र सो अदालतले पुनरावेदन लाग्दैन भनी दरपिठ गरेको अवस्थासमेत नहुँदा अहिले नै सो अदालतका नाममा कुनै आदेश जारी गर्नुपर्ने अवस्था नभई यस अदालतले क्षेत्राधिकारको सम्बन्धमा गरेको व्याख्याबारे जानकारी दिनुसम्म पर्याप्त हुने ।

निवेदकलाई आफ्नो दरबन्दी रहेको सिम्रौनगढ नगरपालिकाको स्वास्थ्य शाखा संयोजकको जिम्मेवारी निर्वाह गर्दै आएकोमा नगरपालिकाको मिति २०७९।०४।११ को निर्णयले संयोजकको जिम्मेदारीबाट हटाई सो जिम्मेदारी आफूभन्दा कनिष्ट कर्मचारीलाई दिई आफूलाई स्वास्थ्य चौकी कचोर्वामा कामकाज गर्न खटाएको विषयलाई निजले चुनौती दिएको सन्दर्भमा निवेदक वरिष्ठ हो वा होइन, वरिष्ठताको गणना के कसरी हुने हो, वरिष्ठलाई हटाई

कनिष्ठलाई जिम्मेदारी दिन मिल्ने हो वा होइन र काम गरी आएको कर्मचारीलाई अन्यत्रै कामकाज गर्न खटाउने कार्य कानूनअनुरूप हुन्छ वा हुँदैन भन्ने कुरा प्रशासकीय अदालतले नै पुनरावेदनको रोहमा हेर्नसक्ने र कामकाज गर्न खटाएको विषय सो विषय कायम रहेसम्म चुनौतीयोग्य हुने भएबाट निवेदकले प्रशासकीय अदालतबाट नै प्रभावकारी उपचार प्राप्त गर्न सक्ने हुँदा हाल यो विषयमा प्रवेश गरी निर्णय गर्न उचित हुने देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल कार्तिक १४ गते रोज ०२ शुभम्।

इजलास नं. ५

२२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-CR-०८७६, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामकुमार विश्वकर्मा*

गाउँमा भएको विवाहमा निम्तो मान्न आएका दुई पक्षबिच विवाद उत्पन्न भई एकआपसमा झगडा हुँदा कुटाकुटसमेत भई धारिलो हातहतियारसमेतको प्रयोग हुन गइ अप्रिय घटना हुन गएको र सोही घटनाको बदला लिन अर्को अप्रिय घटना हुन गइ मृतक हेमन्त राईको ज्यान गएको देखिन आए पनि यी प्रतिवादीले नै मृतक हेमन्त राईलाइ काटी मारेका हुन् भन्ने तथ्ययुक्त सबुद प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा तथ्ययुक्त सबुत प्रमाणको अभावमा कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी अपराधमा शंकाको भरमा कसुरदार कायम गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तले मिल्ने नदेखिने।

तसर्थ, अर्को मुद्दामा बयान गर्ने प्रदिप राई र सुक्रबहादुर ठटाललाई वादी पक्षले गवाहको रूपमा प्रस्तुत मुद्दाको अभियोग पत्रमा उल्लेख नगरेको, निजहरू प्रस्तुत मुद्दामा सहअभियुक्त पनि नदेखिएको र अदालतमा उपस्थित भई बकपत्रसमेत नगरेको स्थितिमा २०६२ सालको स.फौ.पु.नं. ३२ को कर्तव्य ज्यान मुद्दामा प्रदिप राई र शुक्रबहादुर ठटालले अदालतसमेतमा बयान गर्दा प्रतिवादी रामकुमार वि.क.को नाम उल्लेख गरेको तथ्यलाई कसुर ठहर गर्ने आधार बनाई सुरू इलाम जिल्ला अदालतले प्रतिवादी रामकुमार वि.क.ले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम कसुर गरेको हुँदा सोही महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहऱ्याई मिति २०७३।०५।०७ मा गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई आरोपित कसुरबाट प्रतिवादी रामकुमार वि.क.ले सफाइ पाउने ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४/९/१६ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार १७ गते रोज ५ शुभम्।

२३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री प्रकाशकुमार ढुङ्गाना, *०७५-CR-१०९९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. ओमशंकर चौधरीसमेत*

प्रतिवादीहरू विरूद्ध परेको किटानी जाहेरी, जाहेरीसाथ पेस भएका प्रतिवादीहरूले जाहेरवालाहरूलाई गरिदिएका वैदेशिक रोजगारसम्बन्धी लिखतहरू, जाहेरी बेहोरा समर्थन हुने गरी जाहेरवालाहरूले मौकामा तथा न्यायाधिकरणमा गरेको बकपत्रसमेतका कागज प्रमाणबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिम जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि दुबई पठाइदिने भनी रकम लिएको तथ्य पुष्टि भएकै देखिने।

प्रतिवादीहरू बाबुराम उपाध्याय र मित्र कुमार चिदीले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दा निजहरूले पाउनुपर्ने रकम मिति २०७४।११।१६ मा निज प्रतिवादीहरूबाट फिर्ता पाइसकेको भनी उल्लेख गरेको देखियो भने अर्का जाहेरवाला नन्दलाल

घिमिरेले दाबीबमोजिमको रकम फिर्ता पाएको भन्ने कुरा मिसिलबाट नदेखिएकोले जाहेरवाला नन्दलाल घिमिरेले मात्र दाबीबमोजिमको बिगो र सोको ५० प्रतिशत हर्जाना प्रतिवादीहरूबाट भराइपाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिने। जाहेरवालाहरूले दुबई पठाउने भनी भारतको कलकत्तासम्म पुऱ्याएको भनी भने तापनि कलकत्तासम्म पुऱ्याएको वा कलकत्ताबाट फर्केको बेहोरा पुष्टि हुने कुनै टिकट वा कागजपत्र पेस गरी पुष्टि हुनसकेको देखिँदैन । प्रतिवादीहरूले जाहेरवालालाई कलकत्तासम्म पुऱ्याएको भन्ने जिकिर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिँदा उक्त जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीहरू नारायण बहादुर गाहा र ओम शंकर चौधरीले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको देखिँदा निजहरूलाई ऐ. ऐनको दफा ४३ बमोजिम जनही एक वर्ष छ महिना कैद तथा एक लाख पचास हजार रूपियाँ जरिवाना हुने तथा बिगोको हकमा जाहेरवालाहरू बाबुराम उपाध्याय र मित्र कुमार चिदीले रकम फिर्ता पाइसकेको भनी बकपत्र गरेको देखिँदा निजहरूको तर्फको बिगोको दाबी पुग्न नसक्ने र जाहेरवाला नन्दलाल घिमिरेले दाबीबमोजिमको बिगो र हर्जाना प्रतिवादीहरूबाट दामासाहीले भरिपाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७५/१/११ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार १७ गते रोज ५ शुभम्।

२४

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, *०७०-CR-०४७१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. ओभरसिजका कन्सल्टेन्सी प्रा.लि. का प्रबन्ध निर्देशक शिव पुनसमेत*

जाहेरवालामध्येका अर्जुनकुमार राईले मौकामा जाहेरी दिँदा र अदालतमा बकपत्र गर्दासमेत आफूलाई इराकमा पठाइदिने भनी रकम लिएको बेहोरा उल्लेख गरेको भए पनि सुरुमा आफूलाई दुबई पठाउने भनी रकम लिएको बेहोरा लेखाएको पाइन्छ । दुबई जाने भनी रकम दिएकोमा पुन: इराक पठाइदिने भनी रकम लिएको भनी बेहोरा लेखाएकोमा सो बेहोरा अन्य प्रमाणबाट समर्थित भएको देखिँदैन। इराक पठाइदिने भनी रकम लिएको विषयलाई प्रतिवादीले इन्कार गरेको देखिन्छ । यो स्थितिमा प्रतिवादी शिव पुन सितारा ओभरसिज कन्सल्टेन्सी प्रा.लि. को जिम्मेवार पदाधिकारी भई आफूले वैदेशिक रोजगारको अनुमति लिई कारोबार गरेको तर रकम लिए तापनि वैदेशिक रोजगारमा नपठाएको तथ्यहरू स्वीकार गरी बसेबाट ऐ. ऐनको दफा ४४ को कसुर गरेको स्थापित भएको हुँदा मूल कारणीसरह सजाय हुनुपर्ने देखिन्छ। तर दफा ४६ बमोजिमको कसुर गरेको नदेखिएको हुँदा सोतर्फ कसुर नठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला सो हदसम्म मिलेकै देखिने।

अब, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजाय गर्दा पनि त्रूटि गरेको भनी लिइएको जिकिरतर्फ विचार गर्दा दफा ४४ मा सजायको हद उल्लेख गर्दा रू.३ लाखदेखि ५ लाखसम्म जरिवाना र ३ वर्षदेखि ७ वर्षसम्म कैदका साथै वैदेशिक रोजगार व्यवसायका लागि प्राप्त इजाजत पत्र पनि रद्द हुने व्यवस्था भएको देखिन्छ । वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला हुँदा भने निज प्रतिवादीका हकमा उक्त दफा ४४ बमोजिम हुनसक्ने न्यूनतम सजायको हदभन्दा पनि कम सजाय हुने गरी फैसला भएको देखिन्छ । साथै निजले प्राप्त गरेको इजाजत पत्र रद्द हुनेतर्फ पनि केही नबोली फैसला भएको पाइन्छ । कानूनले तोकेको सजायको न्यूनतम हद तथा बाध्यात्मक रूपमा गर्नुपर्ने कारबाही नगरिएको अवस्थामा सो हदसम्म वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको देखिन आएन।

प्रतिवादी शेरबहादुर यावाका हकमा अभियोग मागदाबी लिँदा निज प्रतिवादी सितारा ओभरसिज

कन्सल्टेन्सी प्रा.लि.का मार्केटिङ्ग डारेक्टर रहेको भन्ने अवस्था देखाई दफा ४४ र ४६ बमोजिमको सजायको मागदाबी लिइएको देखिन्छ। प्रतिवादी शिव पुनका हकमा जस्तै दफा ४६ बमोजिमको कसुर यी प्रतिवादीका हकमा पनि कसुर स्थापित हुन सक्ने कुनै आधार प्रमाण रहेको देखिँदैन। दफा ४४ बमोजिमको सजाय हुनुपर्ने हो कि भन्नलाई यी प्रतिवादी हाजिर भई आफ्नो प्रतिवाद गरेको अवस्था नभए पनि पीडित जाहेरवालाहरूले यी प्रतिवादीलाई मार्केटिङ्ग डाइरेक्टर मानी निजको पदीय हैसियतलाई विश्वास गरी रकम दिएको उल्लेख गरेको भए पनि उक्त प्रा. लि. का प्रबन्ध निर्देशकले बयान गर्दा निज पार्टनर बन्छु भनी भनेको तथ्यसम्म लेखाएको तर वास्तविक पार्टनर नभएको र मार्केटिङ्ग डाइरेक्टर पनि नभएको भनी बयान गरिदिएको देखिन्छ। यो स्थितिमा पीडित जाहेरवालाहरूले मार्केटिङ्ग डाइरेक्टर भनिदिएकै भरमा मात्र निजहरूको भनाइमा विश्वास गरी निज शेरबहादुर यावालाई मार्केटिङ्ग डाइरेक्टर मान्न मिलेन। तथापि निजले पनि पीडित जाहेरवालाहरूबाट वैदेशिक रोजगारमा पठाइदिने भनी रकम लिई वैदेशिक रोजगारमा पठाउन नसकेको स्थितिलाई ध्यानमा राख्दा दफा १० र ४३ बमोजिमको कसुर गरेको मान्नुपर्ने।

अब, निज शेरबहादुर यावाका हकमा हुने ठहरेको सजायको मात्राका सम्बन्धमा विचार गर्दा दफा ४३ मा उल्लेख भएको सजायको हद हेर्दा ३ लाखदेखि ५ लाखसम्म जरिवाना र ३ वर्षदेखि ७ वर्ष कैद सजाय हुने व्यवस्था भएको देखिन्छ। निज प्रतिवादीका हकमा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला हुँदा उक्त दफा ४३ बमोजिम हुनसक्ने न्यूनतम सजायको मात्राभन्दा पनि कम सजाय हुने गरी फैसला भएको देखिँदा सो हदसम्म वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई मिलेको मान्न नमिल्ने।

तसर्थ, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।१२ को फैसला सजायको हकमा सम्म केही उल्टी भई प्रतिवादी शेरबहादुर यावाको हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम ३ वर्ष कैद र तीन लाख रूपियाँ जरिवाना हुने। त्यस्तै अर्का प्रतिवादी शिव पुनको हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम ५ वर्ष कैद र चार लाख रूपियाँ जरिवाना हुनुको साथै वैदेशिक रोजगार व्यवसायका लागि निज कम्पनीको आधिकारिक व्यक्ति भई मूल कारणीको रूपमा देखिएको अवस्थामा निजको सितार ओभरसिज कन्सल्टेन् प्रा.लि.ले प्राप्त गरेको इजाजत पत्रसमेत रद्द हुने। बिगोको हकमा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसला सदर हुने। अन्यका हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: चन्द्रदेव भारती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल वैशाख १४ गते रोज ४ शुभम्।

इजलास नं. ६

२५

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७६-CR-०१०१, वैदेशिक रोजगार कसुर, छेनाम तामाङ वि. नेपाल सरकार*

जाहेरीसाथ पेस भएको लिखत कागजको बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पुनरावेदक प्रतिवादीले पेस गर्न नसकेको अवस्थामा किटानी जाहेरी र सोसाथ संलग्न लिखत कागज तथा जाहेरी समर्थित जाहेरवालीको बकपत्रलाई अन्यथा मान्नुपर्ने अवस्था देखिएन। यस दृष्टिकोणबाट यी प्रतिवादीले वैदेशिक रोजगारमा पठाउने प्रयोजनका लागि नै जाहेरवालाहरूसँग रकम लिएको तथ्य पुष्टि हुन आएकोले अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्ने प्रतिवादी छेनाम तामाङको पुनरावेदन जिकिर र पुनरावेदनपत्रमा प्रेषित सिद्धान्तहरूसँग प्रस्तुत मुद्दाको तथ्य र प्रकृतिको कारण मेल नखाने देखिँदा सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी छेनाम तामाङलाई वैदेशिक

रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने र जाहेरवालाहरूले अभियोग दाबीबमोजिमको बिगो र सोको ५०% ले हुन आउने हर्जानासमेत प्रतिवादीबाट भरिपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।८।१६ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम्।

२६

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७७-CR-०८७८, कर्तव्य ज्यान, लफे भन्ने पिरमकुमार साउद वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादीको मौका र अदालतमा भएको साबिती बयानलाई मौकाको लास प्रकृति मुचुल्कामा उल्लेख भएको मृतकहरूको टाउकोमा भएका घाउचोटको विवरण, शव परीक्षण प्रतिवेदनमा निजहरूको मृत्यको कारणमा "Due to Blunt Force Injury in Head and Chest" भन्ने उल्लेख भएको बेहोरा, मौकामा किटानी जाहेरी दिने निज पुनरावेदक/प्रतिवादीका बाबु भक्ते साउद र मौकामा कागज गर्ने धउली साउद, राम साउद र टीकाराम साउदले अदालतमा बकपत्र गर्दा प्रतिवादीले दाउराले हिर्काई मृतकहरूको ज्यान गएको बेहोराको बकपत्र र किटानी जाहेरीलगायतका मिसिल संलग्न प्रमाण कागजहरूबाट पुष्टि भएको देखिन्छ। यी पुनरावेदक/प्रतिवादी लफे भन्ने पिरमकुमार साउदले मृतकहरूलाई मार्नुपर्नेसम्मको कुनै पूर्वइवी वा कुनै तात्कालिक कारण रहेको अवस्था खुलेको देखिँदैन । घटनाको प्रत्यक्षदर्शी वादीतर्फका साक्षी तथा यी पुनरावेदक/प्रतिवादीकी श्रीमती धउली साउदले राति सुतिरहेको समयमा प्रतिवादी उठी भित्र बाहिर गरेको देखी के, कसो भएको भनी सोधखोज गर्दाको अवस्थामा दाउराले प्रहार गरेको भन्ने बेहोरा खुलाएबाट समेत कुनै पूर्वरिसइवी नभएको भए पनि तत्काल कुनै आवेगको वशीभूत भई यी पुनरावेदक/प्रतिवादी लफे भन्ने पिरमकुमार साउदले मृतकहरूलाई दाउराले हिर्काई मृतकहरूको ज्यान मारेको पुष्टि भएको अवस्था देखिँदा यी पुनरावेदक/प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुर गरेकोले निजलाई ऐ.को दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुने गरी सुरू अछाम जिल्ला अदालतले गरेको फैसला सदर गरेको उच्च अदालत दिपायलको मिति २०७७।०४।२७ को फैसला मिलेकै देखिने।

मिसिल संलग्न प्रतिवादीको स्वास्थ्य रिपोर्ट हेर्दा, He is Patient of Seizure भन्ने उल्लेख भएको देखिएबाट यी पुनरावेदक/प्रतिवादी Seizure नामको रोगबाट पीडित रहेको देखिएको, प्रतिवादीले आफ्नो कसुर स्वीकार गरी अदालतमा साबित भई बयान दिई न्यायिक प्रक्रियालाई सहयोग गरेकोसमेत देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ को उपदफा (१क) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १०(दश) वर्ष कैद सजाय गर्दासमेत कानूनको मनसाय पूरा हुने देखिएको अवस्थामा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई यी पुनरावेदक/प्रतिवादी लफे भन्ने पिरमकुमार साउदलाई उच्च अदालत दिपायलले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ को उपदफा (१क) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १०(दश) वर्ष मात्र कैद सजाय हुन व्यक्त गरेको घटी सजाय गर्ने रायसमेतलाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, पुनरावेदक/प्रतिवादी लफे भन्ने पिरमकुमार साउदलाई अभियोग मागदाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) विपरीत आफ्नै ठुलोबुबा देवसिंह साउद, आफ्नो ससुरा वीरभान थापालाई कर्तव्य गरी मारेको

कसुरमा सोही संहिताको दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैद सजाय गर्ने ठहर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ को उपदफा (१क) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने राय व्यक्त गरी भएको उच्च अदालत दिपायलको मिति २०७७।४।२७ को फैसला मिलेको देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृत (उपसचिव): शिवप्रसाद पराजुली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल माघ १६ गते रोज १ शुभम्।

२७

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७२-CR-०४८५, बहुविवाह, नेपाल सरकार वि. शेषकान्त अधिकारीसमेत*

प्रतिवादीहरू शेषकान्त अधिकारी र भगवती अधिकारीले २०६२ सालमा विवाह गरी २०६३ साल र २०६७ सालमा गरी दुई छोराहरूको जन्म भइसकेको र सरकारी निकायमा जन्म दर्तासमेत भएको देखिँदा जाहेरवालीलाई मिति २०६९।१२।२७ मा मात्र बहुविवाह गरेको जानकारी भएको आधारमानी सोही मितिबाट हदम्याद कायम हुनुपर्ने जिकिर यस अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तसँग मेल खाएको देखिएन। यस स्थितिमा हदम्याद नाघी दायर भएको प्रस्तुत अभियोग दाबी खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसला मिलेकै देखिन्छ । जाहेरवालीकै सल्लाहमा छोरा नपाएकोले बहुविवाह गरी सँगै चाडपर्व मनाई छोरो पाई हुर्काई पालन पोषण गरी आएको लामो समयपश्चात् जाहेरी दिई मुद्दाको उठान भएको प्रस्तुत मुद्दामा जाहेरवाली जेठी श्रीमतीले बहुविवाह भएको कुरा पछि मात्र थाहा पाएको भनी भनेको बेहोरा स्वाभाविक रूपमा पत्यारलाग्दोसमेत नदेखिँदा पुनरावेदन अदालत पोखराबाट भएको फैसलालाई उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीहरू शेषकान्त अधिकारी र भगवती ढुंगाना अधिकारीबिच मिति २०६२।८।१ गते विवाह भएको भनी मिति २०६४।५।४ गते विवाह दर्ता भएको र निजहरूबाट मिति २०६३।७।२१ गते एक छोरा इन्द्रप्रसाद अधिकारी र मिति २०६७।१०।१३ गते अर्को छोरा आयुष अधिकारीको जन्म भएको भनी क्रमशः मिति २०६४।३।५ र २०७०।१।८ गते जन्म दर्ता गराएको देखिएको अवस्थामा हदम्याद नाघी दायर भएको प्रस्तुत अभियोग दाबी खारेज गर्नुपर्नेमा प्रतिवादी शेषकान्त अधिकारीलाई कसुरदार ठहऱ्याई १ वर्ष कैद र रू.५,०००।– जरिवाना गरेको सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०७०।१२।२६ को फैसला नमिलेकोले उल्टी भई हदम्याद नाघी दायर भएको प्रस्तुत अभियोग दाबी खारेज हुने र प्रत्यर्थी प्रतिवादी भगवती अधिकारीलाई समेत सजाय हुनुपर्ने भन्नेसमेत वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याएको मिति २०७१।१२।१२ को पुनरावेदन अदालत पोखराको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः ताराप्रसाद जोशी

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल मंसिर २१ गते रोज ३ शुभम्।

२८

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७३-CI-१५२३, निषेधाज्ञा, शशिकान्त झा वि. विन्दालाल साह तेली*

निवेदनमा दाबी गरेको पोखरी निवेदकको हकभोगभित्रको पोखरी होइन । उक्त पोखरी आफ्नो हकभोग स्रोतको पोखरी हो भन्ने कुरालाई निवेदकले निर्वाध रूपमा प्रमाणित गर्नसकेको अवस्था छैन । उक्त पोखरीमा गा.वि.स.ले लिलाम बढाबढ गरी ठेक्का बन्दोबस्त गर्दै आएकोले गा.वि.स.को कायम गर्न निषेधाज्ञाको आदेश खारेज गरिपाउँ भन्ने रहेको देखिन्छ । रिट निवेदकले उक्त जग्गा २०२४

सालमा सर्भे नापी हुँदा वडा नं. ५ ब्लक नं. ३१६ को गाउँब्लकमा परी सर्भे नापी नभएको, साबिकमा कि.नं. २६९ मा निवेदकको हजुरबुबा रामबिलास साह तेलीको नाउँमा पोखरी रहेको भन्ने कुरा वि.सं. १९९४ सालमा तयार गरिएको ८ नम्बर मौजा सुखचैनको कायम रैती जग्गा किताबमा उल्लेख गरेको देखिन्छ भने निवेदकको हजुरबुबाको शेषपछि निवेदकको बुबा नन्दीलाल साहले १ नं. मोही लगत फाराम भरी सो अनुसार तत्कालीन भूमि प्रशासन कार्यालयबाट प्रकाशित २ नं. लगत फाराममा पनि कि.नं. २६९ को ०-१४-० क्षेत्रफलमा रहेको पोखरी नन्दीलालको नाउँमा रहेको कुरा रिट निवेदनसाथ पेस गरेको वि.सं. १९९४ सालको रैती जग्गा नम्बरी किताब, १ नं. मोही लगत तथा २ नं लगत फारामबाट उक्त कि.नं २६९ मा रहेको पोखरी निज निवेदकको हकभोगभित्र रहेको देखिने।

पुनरावेदक लिखितजबाफकर्ताले लिएको अर्को जिकिर पोखरीको ठेक्का बन्दोबस्तको हकमा गा.वि.स.ले लिलाम बढाबढ गरी गराई ठेक्कामा दिएको भनी भने पनि ठेक्कामा दिँदा गा.वि.स.ले गर्ने निर्णयको माइन्युट पेस गर्न नसकेको र जसले ठेक्का प्राप्त गरेको हो उसले ठेक्का कायम राखिपाउँ भनी उजुरी वा मुद्दा लिई आएकोसमेत देखिँदैन। पोखरीको ठेक्का लगाएको भए गा.वि.स.लाई अग्रिम रूपमा पैसा बुझाउने ठेकेदारले आफूले बुझाएको रकमको सुरक्षाको लागिसमेत केही गर्नुपर्नेमा केही गरेको देखिँदैन । फेरि कसैको हकभोग स्रेस्ताको जग्गा वा पोखरीमा कसैले जबरजस्ती ठेक्का बन्दोबस्त गर्दैमा उसैको हुने पनि होइन । अचल सम्पत्तिको हैसियत स्रेस्ताबाट प्रमाणित हुने हुँदा पुनरावेदकको उक्त पुनरावेदन जिकिरसँगसमेत सहमत हुन सकिएन। प्रत्यर्थी निवेदकले दाबी गरेको पोखरीको क्षेत्रफल र चार किल्ला एवम् के कस्को भोग छ सोसमेत खुल्ने गरी नाप नक्सा मुचुल्का गर्न अदालतबाट भएको आदेशबमोजिम मिति २०७३।३।३० मा नाप नक्सा मुचुल्का गर्दा न.नं. २ को पोखरीको क्षेत्रफल ०-१४-० भई अधिकांश स्थानीय सँधियारहरूले उक्त पोखरी निवेदक विन्दालाल साह तेलीले भोग गरी आएको भनी खुलाइदिएको पाइन्छ । यस दृष्टिकोणबाट समेत उक्त पोखरी प्रत्यर्थी निवेदककै हक भोगमा रहेको देखिने।

तसर्थ, नाप नक्सा सर्जमिनबाट समेत निवेदनमा उल्लिखित पोखरी निवेदकको हक भोगमा रहेको देखिएको भनी निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको उच्च अदालत जनकपुरको मिति २०७३।८।१४ को आदेश कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार कुशवाहा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७७ साल चैत्र ११ गते रोज ४ शुभम्।

२९

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-CI-१०९७, परमादेश, रविन्द्रनाथ श्रेष्ठसमेत वि. उडहिल लामा संयुक्त उपक्रम महाराजगन्ज*

प्रत्यर्थीका कानून व्यवसायीले बहसको क्रममा पेस गरेको मुद्दा नं. ०७६-DP-०७३९ को मुद्दाको फैसलाको प्रतिलिपिबाट प्रस्तुत विवादमा Dispute Board ले गरेको मिति २०७५।५।८ अर्थात् २४ अगस्त, २०१८ को निर्णयमा असहमति जनाई पुनरावेदकले विवाद समाधानका लागि मध्यस्थसमक्ष दाबी पेस गरेकोमा सोउपर मध्यस्थ ट्राइबुनलबाट मिति २०७६।५।३० मा निर्णय भएको देखिन्छ । मध्यस्थ ट्राइबुनलको उक्त निर्णयमा समेत पुनरावेदकले चित्त नबुझाई उक्त निर्णय बदर गराउन निज उच्च अदालत पाटन गएकोमा उच्च अदालत पाटनले मध्यस्थले प्रचलित कानून तथा सम्झौताको सर्तविपरीत निर्णय गरेको नदेखिएको भनी मध्यस्थबाट भएको मिति २०७६।५।३० को निर्णय बदर गर्नुपर्ने अवस्था नदेखिएको भनी पुनरावेदकको निवेदन खारेज गरेको देखिन्छ । यसरी पुनरावेदक र प्रत्यर्थीबिच भएको सम्झौताबमोजिम उत्पन्न विवाद प्रथमत: Dispute Board बाट र तत्पश्चात् मध्यस्थता ट्राइबुनलबाट र मध्यस्थता ट्राइबुनलको निर्णयसमेत उच्च अदालत पाटनबाट मिति २०७६।९।२९ मा टुंगिसकेको

वर्तमान अवस्थामा Dispute Board को निर्णय मध्यस्थताबाट टुंगो लगाउन माग गरी परेको प्रस्तुत पुनरावेदनको औचित्य समाप्त भइसकेको देखिँदा प्रस्तुत पुनरावेदनतर्फ थप विवेचना गरिरहनु नपर्ने ।

तसर्थ, Dispute Board को मिति २०७५।५।८ - (सन् २०१८ August २४) को निर्णय कार्यान्वयन गर्नु भनी निवेदन मागबमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।९।२५ मा भएको आदेश कानूनसम्मत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा
कम्प्युटर: सुप्रभा अर्याल
इति संवत् २०७७ साल चैत्र ११ गते रोज ४ शुभम्।

३०

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७३-CI-१२४६, परमादेश, जमदार मियाँ वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज, पर्सासमेत*

निवेदक जमदार मियाँले दाबी लिएको आ.व. ०७१।०७२ को अवधिको तलब भत्ता पाउनुपर्ने भए निवेदकले सुरू निवेदन गर्दा आफू आ.व. ०७१।०७२ मासमेत कार्यरत रहेको देखिने हाजिरको प्रमाणित प्रतिलिपि पेस गर्न सक्नुपर्नेमा सो पेस गर्न सकेको नदेखिएबाट निवेदक सो अवधिमा अध्यापन कार्यमा नरहेकोले निजको हकमा तलब भत्ता निकासा माग नभएको र निकासा नगरिएको भन्ने विपक्षी जिल्ला शिक्षा कार्यालयको लिखित जबाफ बेहोरा पुष्टि हुन आएबाट मागबमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सैद्धान्तिकरूपले आफूले काम गरेको तलब भत्ता पाउनुपर्ने कुरामा कुनै विवाद देखिँदैन । निवेदकले आफूले श्रम बेचेर पाउने तलब भत्ता कसैले अनायास दिन्न भन्न कानूनी रूपले मिल्ने पनि होइन । तर तलब भत्ता पाउनुपर्छ भन्नेले यथासमयमा काम गरेको कुराको हाजिर प्रमाणित गराई माग गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा निज निवेदकको अस्थायी शिक्षक अध्यापनको अध्यावधिक अनुमतिपत्र एकातिर देखिँदैन भने अध्यापन गराएको कुराको विश्वास गर्न सक्ने हाजिरीको प्रमाणित बेहोरासमेत सुरू निवेदनसाथ पेस गर्न सकेको देखिँदैन । आफूले काम गरेको कार्यको तलब पाउनुपर्नेमा नपाउँदा तत्कालै माग गर्नुपर्नेमा पूरै आर्थिक वर्ष समाप्त भएपछि झण्डै दुई वर्षपश्चात् माग गर्नुको औचित्यसमेत पुष्टि गर्न नसकेको कारण विलम्बको सिद्धान्तसमेतको कारण देखाई निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने भनी निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको आदेश तथ्य, कानून र प्रमाण अनुसार मिलेकै देखिने।

तसर्थ, निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७३।५।१ को आदेश कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७७ साल चैत्र ११ गते रोज ४ शुभम्।

३१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७३-CI-१२४२, परमादेश, रेणुकुमारी बस्नेत वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज पर्सासमेत*

पुनरावेदक निवेदिका रेणुकुमारी बस्नेतले दाबी लिएको आ.व ०७१।०७२ को अवधिको तलब भत्ता पाउनुपर्ने भए निवेदिकाले सुरू निवेदन गर्दा आफू आ.व.०७१।०७२ मा समेत कार्यरत रहेको देखिने हाजिरको प्रमाणित प्रतिलिपि पेस गर्न सक्नुपर्नेमा सो पेस गर्न सकेको नदेखिएबाट निवेदिका सो अवधिमा अध्यापन कार्यमा नरहेकोले निजको हकमा तलब भत्ता निकासा माग नभएको र निकासा नगरिएको भन्ने विपक्षी जिल्ला शिक्षा कार्यालय पर्साको लिखित जवाफको बेहोरा पुष्टि हुन आएबाट मागबमोजिम परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सैद्धान्तिक रूपले आफूले काम

गरेको तलब भत्ता पाउनुपर्ने कुरामा कुनै विवाद देखिँदैन । निवेदिकाले आफूले श्रम बेचेर पाउने तलब भत्ता कसैले अनायास दिन्न भन्न कानूनीरूपले मिल्ने पनि होइन तर तलब भत्ता पाउनुपर्छ भन्नेले यथासमयमा काम गरेको कुराको हाजिर प्रमाणित गराई माग गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा निज निवेदिकाको अस्थायी शिक्षक अध्यापनको अध्यावधिक अनुमतिपत्र एकातिर देखिँदैन भने अध्यापन गराएको कुराको विश्वास गर्न सक्ने हाजिरीको प्रमाणित बेहोरासमेत सुरू निवेदनसाथ पेस गर्न सकेको देखिँदैन । आफूले काम गरेको कार्यको तलब पाउनुपर्नेमा नपाउँदा तत्कालै माग गर्नुपर्नेमा पूरै आर्थिक वर्ष समाप्त भएपछि झण्डै दुई वर्षपश्चात् माग गर्नुको औचित्यसमेत पुष्टि गर्न नसकेको कारण विलम्बको सिद्धान्तसमेतको कारण देखाई निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने भनी निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको आदेश तथ्य कानून र प्रमाण अनुसार मिलेकै देखिने ।

तसर्थ, निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।५।१ को आदेश कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल चैत ११ गते रोज ४ शुभम् ।

३२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७६-CR-०५३१, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. रजित भण्डारी*

प्रतिवादीले अदालतमा गरेको बयान निजका साक्षीको बकपत्रबाट पुष्टि भएको, प्रतिवादीले अभियोग दाबीबमोजिमको लागु औषध (ब्राउनसुगर) सञ्चय ओसार पसार र बिक्रीवितरणसमेत गरेको भन्ने तथ्य वादी पक्षबाट प्रमाणित हुन नसकेको, लागु औषधको परिमाणसमेत प्रतिवेदनमा उल्लेख भएअनुसार २ ग्राम २०० मिलिग्राम नै थियो भनी वादी पक्षले पुष्टि गर्न नसकेको एवं प्रतिवादीले सेवन गर्नका लागि ल्याएको १ ग्रामभन्दा कम थियो भनी आंशिक रूपमा कसुर स्वीकार गरेको अवस्था हुँदा सुरू जिल्ला अदालतले गरेको फैसला केही उल्टी गरी प्रतिवादी रजित भण्डारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ङ) बमोजिम सेवनमा एक वर्ष कैद हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ, प्रतिवादीलाई अभियोग दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ), (ङ) र च) बमोजिमको कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५(पाँच) वर्ष कैद र रू.५,५५०।- (पाँच हजार पाँच सय पचास रुपियाँ) जरिवाना हुने ठहऱ्याई भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी रजित भण्डारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ङ) बमोजिम सेवनमा एक वर्ष कैद हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।१२।२५ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७७ साल जेठ १६ गते रोज ४ शुभम् ।

३३

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, *०७३-MS-०००६, अदालतको अवहेलना, विजय श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय रामेछापसमेत*

प्रस्तुत निवेदनमा कुनै पदाधिकारी विशेषलाई किटान नगरी केवल सरकारी कार्यालयहरूलाई सम्म विपक्षी बनाएको देखिएको छ । सरकारी कार्यालयलाई अदालतको अवहेलना गरेको भनी कैद वा जरिवाना गर्न सकिने अवस्था रहेको देखिँदैन । यो स्थितिले गर्दा प्रस्तुत निवेदन मागदाबीबमोजिम विपक्षी कार्यालयहरूलाई अदालतको अवहेलनामा सजाय

गर्न मिल्ने अवस्था देखिन आएन । तसर्थ, अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने हदसम्मको निवेदकको मागदाबी पुग्न सक्दैन । तथापि, न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) मा भएको व्यवस्था हेर्दा अदालतको अवहेलनाको स्थितिमा सजाय मात्र गर्न सकिने व्यवस्था रहेको नदेखिई सजायका साथमा अन्य उपयुक्त आदेश पनि जारी गर्न सकिने अवस्था रहेको देखिन्छ । प्रस्तुत निवेदन मागदाबीबमोजिम विपक्षी कार्यालयहरूलाई सजाय गर्नसम्म मिल्ने अवस्था नदेखिएको भए पनि निवेदनमा उठाइएको विषयवस्तुको गम्भीरतालाई ध्यानमा राख्दा निवेदक पक्षबाट जाहेरी परेबमोजिम त्यस्तो जाहेरीमा कानूनबमोजिम अनुसन्धान तहकिकात सम्पन्न भई अनुसन्धानलाई उचित निष्कर्षमा पुर्‍याउनु विपक्षीहरूको कर्तव्य मात्र नभई फौजदारी कसुरको अनुसन्धान प्रणालीप्रति आम जनसाधारणमा विश्वास कायम गर्ने मान्यताको हिसाबले पनि आवश्यक रहेको देखिँदा प्रस्तुत मुद्दामा राजकुमार श्रेष्ठले दिएको जाहेरीको सम्बन्धमा यथाशीघ्र अनुसन्धान सम्पन्न गरी मुद्दा चल्ने हो वा होइन ? निर्णय गरी मुद्दा चल्ने भए कानूनबमोजिम मुद्दा दायर गर्नु र मुद्दा नचल्ने निर्णय भए सोही बेहोराको सूचना जाहेरवालालाई दिनु भनी विपक्षी कार्यालयहरूका नाममा पुन: आदेश जारी गरिएको ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ साल वैशाख २३ गते रोज ६ शुभम् ।

३४

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, *०७२-CR-००५९, ०७२-CR-००६०, विना इजाजत वन हानि नोक्सानी, शर्माराज पुरीसमेत वि. नेपाल सरकार, देउमान राईसमेत वि. नेपाल सरकार*

प्रतिवादी जीतमान राई देउराली सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष रहेको र सो वन क्षेत्रबाट रूखहरू काटी टुना टुक्रा पारेको अवस्थामा काठ बरामद भएको देखिन्छ । बरामदी काठको परिमाण हेर्दा एक दुई जनाबाट सो काम हुन सक्ने प्रकृतिको देखिँदैन र सो सामुदायिक वन क्षेत्रभन्दा बाहिरको व्यक्ति आई सो कटान गर्न सक्ने अवस्थासमेत देखिँदैन । आफ्नो वन क्षेत्रभित्र यति ठुलो परिमाणमा रूख कटान हुँदा पनि सो वनका पदाधिकारीहरूलाई थाहा नभएको भन्ने कुरा यी प्रतिवादीले वस्तुनिष्ठ प्रमाणहरूबाट विश्वसनीय ढङ्गबाट पुष्टि गर्न सकेको अवस्था देखिँदैन । बरू अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बरामद भएका रूखहरू आफैँले कटाएको हुँ भनी स्वीकार गरेको देखिन्छ । यी रूखहरू कटाउँदा अरू कसैको सहमति लिएको थिएन भन्ने बेहोराको पनि बयान गरेको देखिन्छ । अनुसन्धान अधिकारीसमक्ष भएको निजको बयान बेहोरालाई अन्यथा हो भनी प्रमाणित गर्न सकेको देखिँदैन । प्रतिवादी जीतमान राईले मौकामा गरेको बयान तथा ततिम्बा बयानमा आफू अध्यक्ष भएको सामुदायिक वन क्षेत्रमा रूख काटेको नभई राष्ट्रिय वन क्षेत्रमा सडक निर्माणको क्रममा उक्त रूखहरू काटेको हो भनी बयान गरेकोमा रेन्जर दिपक पोखरेलको प्रतिवेदन र प्रतिवेदक नविनराज दाहालको अदालतमा भएको बकपत्रबाट रूख कटान भएको क्षेत्र राष्ट्रिय वन क्षेत्रभित्र नपरी सामुदायिक वन क्षेत्रभित्र नै पर्ने देखिएको छ । यी प्रमाणहरूको रोहमा विचार गर्दा निज प्रतिवादी जीतमान राईको उक्त घटनामा संलग्नता थिएन भन्न सकिने अवस्था नदेखिने ।

प्रतिवादी शर्माराज पुरीलाई आफैँ घटनास्थलमा उपस्थित भई बरामदी काठ काटेको भन्ने अभियोग दाबी नभई निजको मिलेमतो र दुरूत्साहनमा अन्य प्रतिवादीहरूले काठ काट्ने काम गरेको भन्ने अभियोग दाबी रहेको अवस्थामा निजको वारदातस्थलमा उपस्थिति रहेको वा नरहेको कुराले पनि खासै महत्त्व राख्ने देखिँदैन । निज कसुरमा इन्कार रही अदालतमा बयान गरे पनि सो बयान पुष्टि हुने अन्य विश्वसनीय प्रमाण नदेखिएकोले निजको प्रस्तुत वारदातमा संलग्नता थिएन भन्न नसकिने ।

प्रतिवादीहरू देउमान राई र टेकबहादुर राईको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरको सन्दर्भमा विचार गर्दा कसुरदार ठहर भएका सहप्रतिवादी दिपक भन्ने उदिप राईले मौकामा बयान गर्दा यी पुनरावेदक प्रतिवादीहरूलाई समेत पोल गरेको पाइन्छ । सर्जमिनका व्यक्ति गोविन्दप्रसाद पराजुली तथा प्रतिवेदकहरू नविनराज दाहालसमेतको बकपत्रबाट निज प्रतिवादीहरूसमेतले देउराली सामुदायिक वन क्षेत्रको रूख काटेको हो भनी पोल गरेको देखिन्छ । सामुदायिक वन उपभोक्ता समूहका सचिव तिर्थवाला राईले पनि यी प्रतिवादीहरूलाई पोल गरी कागज गरिदिएको देखिन्छ । निज प्रतिवादीहरू अदालतमा बयान गर्दा अभियोग दाबीबमोजिमको कसुर गरेकोमा इन्कार रही बयान गरे पनि निजहरूको इन्कारी बयानलाई समर्थन हुने कुनै वस्तुनिष्ठ प्रमाण निजहरूले पेस गर्न सकेको देखिँदैन । प्रमाणविनाको इन्कारी बयानको आधारमा मात्र यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउन सक्ने नदेखिने ।

तसर्थ, प्रतिवादीहरूले अभियोग मागदाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि भएको हुँदा इलाम जिल्ला अदालतको मिति २०७०।३।२५ को फैसला केही उल्टी गरी बरामद काठको बिगो रू.५,३९,०४०।- (पाँच लाख उनन्चालिस हजार चालिस रूपियाँ) कायम गरी पुनरावेदक प्रतिवादी जितमान राई र शर्माराज पुरीलाई वन ऐन, २०४९ को दफा ५४ को कसुरमा सोही दफा ५४ बमोजिम जनही १ महिना कैद र बिगोको दोब्बरले हुने रकमको दामासाहीले जरिवाना हुने तथा प्रतिवादीहरू देउमान राई र टेकबहादुर राईलाई वन ऐन, २०४९ को दफा ४९(घ) को कसुरमा ऐ. ऐनको दफा ५०(१) (घ) (४) बमोजिम जनही ६ महिना कैद र बिगोको दोब्बरले हुने रकमको दामासाहीले जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत इलामको मिति २०७१।३।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

इति संवत् २०७९ साल वैशाख २३ गते रोज ६ शुभम् ।

३५

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, *०७७-CR-०५६२, भ्रष्टाचार (घुस/रिसवत), सुशोभन श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी राष्ट्रसेवक पदमा कार्यरत कर्मचारी रहेको भन्नेमा विवाद देखिँदैन । निजलाई घुस/रिसवतका लागि रू.१,०००।- का दरले १५ थान नोट निवेदक/उजुरवाला नेपाल रिगल सुनारलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट उपलब्ध गराइएको र सोही रकम प्रतिवादीको निर्देशनबमोजिम उजुरकर्तासँग घुस रिसवतबापत लिएको भनिएको तिलक लामिछानेबाट बरामद भएको भन्ने आरोपपत्रबाट देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट उपलब्ध गराएको रकमबाहेक अन्य कुनै रकमलाई घुस/रिसवत मानी बिगो कायम गरेकोसमेत आरोपपत्रलगायत मिसिल संलग्न कागजातबाट देखिँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट उपलब्ध गराएको रूपियाँ रकमलाई यसै अदालतको संवैधानिक इजलासले प्रमाणको लागि ग्रहणयोग्य नहुने भनी प्रमाण सङ्कलन गर्ने कानूनी व्यवस्थालाई अमान्य र बदर घोषित गरिसकेको अवस्था छ । त्यसैले सोही कानूनी व्यवस्थाको आधारमा सङ्कलित एवं सिर्जित रङ्गेहात नमुना सङ्कलन मुचुल्का, उजुरकर्ता र प्रतिवादीबिच भएको फोन संवादको स्क्रिप्ट, बरामदी मुचुल्कालगायतका प्रमाणको आधारमा विशेष अदालत काठमाडौंबाट यी प्रतिवादीलाई कसुरदार ठहर्‍याई भएको फैसला संवैधानिक इजलासको उल्लिखित व्याख्याको रोहमा कानूनसम्मत मान्न नमिल्ने ।

साथै, उजुरीकर्ता रिगल सुनारले आफ्नो सुन चाँदी पसलमा भएको चोरीको घटनामा सहयोग र सहजीकरण गरेबापत प्रतिवादीले घुस रिसवत मागेको हो भनी किटानी उजुरी दिएको पाइन्छ । तर आफूलाई अख्तियारको कर्मचारी जन्म अधिकारीले बेहोरा नै पढ्न नदिई कागजमा सहीछाप गर्न लगाएको हो । प्रतिवादी सुशोभन श्रेष्ठसँग मोबाइलमा कुराकानी

भएको आफूलाई थाहा नभएको भनी उजुरी बेहोरालाई खण्डित हुने गरी अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । प्रतिवादीको साथबाट रकम बरामद भएको देखिँदैन भने निजले मौकामा तथा अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । त्यस्तै प्रतिवादी निर्दोष हुन् भनी निजका साक्षीहरू रामजन्म प्रसाद यादव, शिवचन्द्र रायसमेतले अदालतसमक्ष बकपत्र गरिदिएका छन् । उल्लिखित सबुत प्रमाणबाट समेत प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको मान्न मिल्ने नदेखिँदा निजलाई कसुरदार ठहऱ्याई विशेष अदालतबाट भएको फैसलासँग सहमत हुन नसकिने ।

अत: प्रतिवादी सुशोभन श्रेष्ठको निर्देशनबमोजिम उजुरकर्तासँग लिएको भनिएको तिलक लामिछानेबाट बरामद भएको रकम तथा बरामदी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेकका अन्य कुनै स्वतन्त्र, भरपर्दो एवं विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिँदा पुनरावेदक प्रतिवादी सुशोभन श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१५,००० (पन्ध्र हजार रूपियाँ) जरिवाना र दफा ३(१) (क) बमोजिम ३५(पैँतिस) दिन कैदको सजाय हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७६।९।९ मा भएको फैसला त्रूटिपूर्ण देखिएकोले सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी सुशोभन श्रेष्ठले आरोपपत्रबाट सफाइ पाउने । पुनरावेदक प्रतिवादी आरोपित कसुरबाट सफाइ पाउने ठहरेकाले निलम्बित भएको मितिदेखि गणना हुने गरी निज कानूनबमोजिम सेवामा पुनर्वहाली भई सोही मितिदेखि नियमानुसारको तलबभत्तालगायतका सम्पूर्ण सेवा सुविधासमेत पाउने ।

इजलास अधिकृतद्वयः कुमार खतिवडा र गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ साल वैशाख २२ गते रोज १ शुभम् ।

इजलास नं. ७

३६

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा. श्री मनोजकुमार शर्मा, *०७५-CR-००३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. जय चन्द भन्ने जै चन्द*

वादी पक्षका साक्षीहरूले अदालतसमक्ष गरेको बकपत्रबाट प्रतिवादी जानकीदेवी चन्दको मृतक गुनी चन्दसँग निजलाई मार्नुपर्नेसम्मको रिसइवी रहे भएको थियो भन्ने तथ्य पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादी जानकीदेवी चन्दले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानको बेहोराबाट वारदात मितिमा बुहारी रिसाएर तल्लो घरमा गएकी र निजकी दुई महिनाकी छोरी रून थालेपछि म तल्लो घरमा जाँदा निज बुहारीसँग झगडा हुँदा सोही कोठामा रहेको काठको बिँड भएको फलामको फरूवाको पछाडिको भागले मृतक गुनी चन्दको टाउकोमा हानेकी हुँ । मैले फरूवाले हानेपछि निज बुहारीको सोही कोठामा रहेको जाँतोमा टाउको लागी भुइँमा लडेकी थिइन् भनेबाट तत्काल उठेको रिस थाम्न नसकी बुहारीलाई फरूवाले टाउकोमा प्रहार गरेको कारण लडी जाँतोमा समेत ठोक्किई तत्कालै निजको मृत्यु भएको देखिन्छ । मृतकसँग प्रतिवादी जानकीदेवी चन्दको मनमुटाव र झैँगडा हुने गरेको भने पनि ज्यानै लिनुपर्नेसम्मको रिसइवी, योजना रहेको र सोही रिसइवीका कारण मार्ने मनसायले प्रतिवादी जानकीदेवी चन्दले मृतक गुनी चन्दलाई प्रहार गरेको भन्ने प्रमाणित हुन सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार दाबी प्रमाणित गर्ने दायित्व वादीको भएकोमा वादीले प्रतिवादीको मनसाय प्रमाणित गर्न सक्नुपर्दछ । प्रस्तुत मुद्दामा वादीले ठोस सबुद प्रमाणद्वारा प्रतिवादीको मनसाय प्रमाणित गर्न सकेको देखिँदैन । प्रतिवादी र मृतकबिच ज्यान मार्नुपर्नेसम्मको रिसइवी रहेको नदेखिएको, प्रतिवादीले मृतकलाई

मार्नेसम्मको षड्यन्त्रसहितको तयारी गरेकोसमेत नदेखिएको र वारदातमा धारिलो जोखिमी हतियारको प्रयोग गरेको पनि नदेखिएबाट प्रस्तुत वारदातमा प्रतिवादी जानकीदेवी चन्दको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुन सक्ने देखिएन । निज प्रतिवादी जानकीदेवी चन्दको हकमा के सजाय हुने हो भनी हेर्दा, प्रतिवादी जानकीदेवी चन्दले मृतक गुनी चन्दलाई ज्यानै लिनुपर्नेसम्मको इवी राखी, मनसायपूर्वक, लुकीचोरी हानी मारेको नभई उसै मौकामा उठेको रिस थाम्न नसकी आवेशमा आई फरूवाले टाउकोमा प्रहार गरी मृतक गुनी चन्दको मृत्यु भएको देखिएकोले निज प्रतिवादी जानकीदेवी चन्दले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी जानकीदेवी चन्दलाई सोही महलको सोही १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर गरी सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन नआउने ।

प्रतिवादी धनी चन्द र जय चन्द भन्ने जै चन्दको सन्दर्भमा हेर्दा यी प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि मृतकका पति प्रतिवादी धनी चन्दले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आमाले हामी दुई जनाबिच झगडा भएकोले मलाई तत्कालै रिस उठी फरूवाले निजको टाउकोमा हिर्काउँदा निज लडी निजको टाउको जाँतोमा लागी मरेकी हुन् भनेपछि बुवा जय चन्द र मैले कुटपिट गरी मारेमा कारबाही हुन्छ । झुण्डिएर मरेमा कारबाही हुँदैन भनी सोची आमा, बुवा र मसमेत तीनै जनाले मिली सोही कोठामा रहेको प्लाष्टिकको डोरीले घाँटीमा बाँधी सोही कोठाको धुरीमा झुण्ड्याएका हौँ। पछि झुण्ड्याएको मानिसको रगत कसरी आयो भन्ने शङ्का गर्छन् भनी पासो काट्दा जाँतोमा लागी रगत निस्किएको हो भन्ने बहाना बनाउनको लागि आमाले निज मृतक झुण्डिएको डोरी काटेकी हुन् भनी बेहोरा लेखाएको देखिन्छ भने मौकाको बयानमा मृतकका ससुरा प्रतिवादी जय चन्द भन्ने जै चन्दले समेत सोही बेहोरा मिलानकै बेहोरा उल्लेख गरेको देखिन्छ। मौकामा बुझिएका व्यक्तिहरू प्रत्यक्षदर्शी रहे भएको देखिँदैन । यी प्रतिवादीहरूसमेत संलग्न भई मृतक गुनी चन्दलाई मारेको शङ्का व्यक्त गरी बेहोरा लेखाइदिएकोसम्म देखिन्छ । प्रतिवादी जानकीदेवी चन्दले अनुसन्धानको क्रममा गरेको बयानमा घटना भएपश्चात् छोरा धनी चन्द र पति जय चन्द भन्ने जै चन्द आएको र गुनी चन्दलाई मृत अवस्थामा देखेपछि घटनालाई ढाक छोप गर्ने हेतुले झुण्डिएर मरेको हो भन्ने बनाई लास जलाउन लगी जलाएको भन्ने देखिएबाट यी प्रतिवादीहरू धनी चन्द र जय चन्द भन्ने जै चन्दको हकमा समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुने नदेखिने ।

प्रतिवादीहरू रमेश चन्द र उदकी चन्दलाई सफाइ दिने गरी भएको फैसला बदर गरी निजहरूलाई समेत अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, प्रतिवादी रमेश चन्दले अदालतसमक्ष बयान गर्दा मृतक मरी भनी सबै गाउँले मलामी जाँदा म पनि मलामी गएको हुँ । बिहानै रक्सी पिएको थिएँ। मलामी जाँदै गर्दा रक्सीको नसाले मसानघाटसम्म पुग्न नसकी आधा बाटोमा रहेँ। मृतकको लास दबाउने मनसायले मलामी गएको होइन । मृतकको मृत्यु के कसरी भयो मलाई थाहा भएन भनी बेहोरा लेखाएको देखिन्छ । अर्का प्रतिवादी उदकी चन्दले लासमा भएको कपडा जै चन्दका पक्षले खोली टाउकोसम्म देखाएको हो, मैले चितामा नै लासको टाउकोको फोटो खिचेको हुँ। म मलामी गएको होइन। फोटोसम्म खिची जाहेरवालालाई दिएको हुँ । मृतकको मृत्यु के कसरी भयो मलाई थाहा छैन भनी आरोपित कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको देखिन्छ । निजहरूको इन्कारी बयानलाई समर्थन हुने गरी यी प्रतिवादीहरूका साक्षी टेपी चन्द र धनबहादुर चन्दले अदालतसमक्ष बकपत्र गरेको देखिन्छ। अनुसन्धानको

क्रममा घटना विवरण कागज गर्ने व्यक्तिहरूले मृतकको लास दबाउने छिपाउने कार्यमा यी प्रतिवादीहरू रमेश चन्द र उदकी चन्दको संलग्नता रहेको भनी कहीँकतै खुलाएको देखिँदैन। प्रतिवादीहरू रमेश चन्द र उदकी चन्दले लास दबाउने छिपाउने कार्यमा सहयोग गरेको पुष्टि हुने ठोस सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन। यस स्थितिमा निज प्रतिवादीहरूलाई शङ्का र अनुमानको आधारमा कसुरदार कायम गरी सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुने देखिएकोले प्रतिवादीहरू रमेश चन्द र उदकी चन्दले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू बैतडी जिल्ला अदालत तथा उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन नआउने।

प्रतिवादी जानकीदेवी चन्दले मृतक गुनी चन्दलाई ज्यानै लिनुपर्नेसम्मको इवी राखी, मनसायपूर्वक र लुकीचोरी हानी मारेको नभई उसै मौकामा उठेको रिस थाम्न नसकी आवेशमा आई फरूवाले टाउकोमा प्रहार गरी मृतक गुनी चन्दको मृत्यु भएको देखिएकोले निज प्रतिवादी जानकीदेवी चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुर अपराधमा सोही महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद सजाय हुने, प्रतिवादी जानकीदेवी चन्दको फरूवा प्रहारको चोटबाट मृतक गुनी चन्दको मृत्यु भएपश्चात् उक्त घटनालाई ढाकछोप गर्ने हेतुले झुण्डिएर मरेको हो भन्ने बनाई लास जलाउन लगी जलाएको भन्ने देखिएकोले प्रतिवादीहरू जय चन्द भन्ने जै चन्द र धनी चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (३) नं. अनुसार १ (एक) वर्ष कैद सजाय हुने र प्रतिवादीहरू रमेश चन्द तथा उदकी चन्दले लास दबाउने छिपाउने कार्यमा सहयोग गरेको पुष्टि हुने ठोस सबुद प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिएको स्थितिमा निज प्रतिवादीहरूलाई शङ्का र अनुमानको आधारमा कसुरदार कायम गरी सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुने देखिएकोले प्रतिवादीहरू रमेश चन्द र उदकी चन्दले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन आएन। प्रतिवादीहरू जानकीदेवी चन्द, जय चन्द भन्ने जै चन्द, धनी चन्द, रमेश चन्द र उदकी चन्दलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी जानकीदेवी चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुरमा सोही महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद सजाय हुने, प्रतिवादीहरू जय चन्द भन्ने जै चन्द र धनी चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (३) नं. अनुसार १ (एक) वर्ष कैद सजाय हुने र प्रतिवादीद्वय रमेश चन्द र उदकी चन्दले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू बैतडी जिल्ला अदालतबाट मिति २०७३।०३।१५ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७४।०९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): इन्द्रकुमार श्रेष्ठ
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम्।

३७

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा. श्री कुमार चुडाल, *०७४-CI-१२९२, दूषित लिलाम बदरसमेत, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय वि. विश्वास लोहनीसमेत*

प्रस्तुत पुनरावेदन नं. ०७४-CI-१२९२ को सन्दर्भमा विचार गर्दा यसै लगाउमा रहेको रिट नं. ०६६-WO-०१७४ को उत्प्रेषण मुद्दामा हरिचन्द्र लामिछाने र देवराज पौडेललाई रू. १,३५,०४,३२१।- (अक्षरेपी एक करोड पैँतिस लाख चार हजार तीन सय एक्काइस रुपियाँ) मा सुरक्षणमा उल्लिखित सम्पत्ति दिने निर्णय भएको हुँदा तहाँको र. नं. १०३३२ मिति

२०५२।०१।११मा काठमाडौं बैंकिङ अफिसको नाममा दृष्टिबन्धक पारित भएको सुरक्षणको लगत कट्टा गरी रोक्का फुकुवा गरी निज लिलाम सकारकर्ता हरिचन्द्र लामिछाने र देवराज पौडेलको संयुक्त नाममा हक हस्तान्तरण गरिदिनु हुन भनी नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको प. सं. प्रका१/जोव्यडि/७१/२७० मिति २०६५।०१।१३ को पत्रबाट मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंलाई पठाएको पत्रानुसार रोक्का रहेको कि. नं. १०२० को घरजग्गा निवेदकहरू हरिचन्द्र लामिछाने र देवराज पौडेलको नाउँमा दाखिल खारेज गरिदिनु भनी विपक्षी मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंका नाउँमा परमादेश जारी हुने ठहरी आज यसै इजलासबाट आदेश भइसकेको, यसै अदालतमा उल्लिखित दूषित लिलाम बदर मुद्दामा यिनै पक्षमध्ये हरिचन्द्र लामिछाने एवं देवराज पौडेल र प्रत्यर्थीहरूबिच मिति २०७६।०२।११ मा मिलापत्र भइसकेकोले सो मुद्दामा विश्लेषण गरिएका आधार, कारण एवं प्रमाणहरू साथै उक्त मिलापत्रबमोजिम ऋणी विश्वास गार्मेन्ट इण्डष्ट्रिज प्रा.लि.का प्रोपराइटर विजय प्रसाद लोहनीले कानूनबमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण राजस्व कर रकमसमेत आन्तरिक राजस्व कार्यालयमा बुझाई चुक्ता गरी आन्तरिक राजस्व कार्यालय कोटेश्वरको च. नं. ६५२ मिति २०७७।०६।२७ को पत्रबाट कर चुक्ता प्रमाणपत्र प्राप्त गरिसकेको देखिएको अवस्थामा कानूनसम्मत भएको लिलामसम्बन्धी काम कारबाहीलाई दूषित ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।०८।०९ को फैसला सदर गर्ने गरी उच्च अदालत, पाटनबाट २०७४।०६।०१ मा भएको फैसला मिलेको नदेखिने।

तसर्थ, फिराद दाबीबमोजिम लिलाम बिक्री गर्ने नेपाल बैंक लिमिटेडको मिति २०६३।०९।२४ को सूचनालगायतका सम्पूर्ण कार्यहरू बदर गर्ने गरी काठमाडौं जिल्ला अदालतको मिति २०७०।०८।०९ को फैसला सदर गर्ने गरी उच्च अदालत, पाटनबाट २०७४।०६।०१ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्र कुमार श्रेष्ठ

कम्प्युटर: चन्द्राबती तिमल्सेना

इति संवत् २०७८ साल भाद्र ९ गते रोज ४ शुभम्।

३८

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा. श्री कुमार चुडाल, *०७६-CR-०५८९, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), धर्मराज यादव वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी धर्मराज यादवले आफूले २०७१ सालमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सही, साँचो र सक्कली नै हो भनी वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन भने वादी नेपाल सरकारले पेस गरेको प्रमाणलाई खण्डन गर्न सकेको पनि देखिँदैन । निज प्रतिवादीले झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी अध्यक्ष पदमा बहाल रही समाजमा एउटा हैसियत प्राप्त गरेको देखिन्छ । त्यसरी झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्ने कार्यमा आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) समेत दुबै समावेश हुने हुँदा प्रतिवादीको उक्त कार्यलाई भ्रष्टाचारजन्य कसुर होइन भन्न मिलेन। कुनै पनि व्यक्तिले आफूले हासिल नगरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नु पनि आपराधिक कार्य नै हुन जान्छ। त्यस्तो कार्यका पछाडि आफ्नो वास्तविक शैक्षिक योग्यताको भन्दा बढी लाभ लिने वा तत्काल लाभ नहुने भए पनि आफ्नो हैसियत तुलनात्मकरूपमा अरूभन्दा बढी अनुकूल अवस्था बनाइराख्ने मनसाय पनि स्वतः रहे भएको हुन्छ। लाभ वा फाइदा नलिएको भन्ने कारणले मात्र कसैले पनि सजायबाट उन्मुक्ति पाउन नसक्ने।

पुनरावेदक प्रतिवादी धर्मराज यादवले मिति २०७१।०९।०२ देखि २०७३।०१।०१ सम्म पोखरभिण्डी मा.वि. को विद्यालय व्यवस्थापन समितको अध्यक्ष पदमा बहाल हुन झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी बहाल रही लाभ

लिएको देखिई प्रतिवादी धर्मराज यादवले आरोप दाबीअनुरूप भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको पुष्टि भएको देखिन आयो। निज प्रतिवादी धर्मराज यादवले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी पोखरभिण्डी मा.वि. को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा बहाल रहेकोले सो पदको स्तर एवं प्रकृति र कसुरको मात्रानुसार सोही ऐनको दफा १६(१) बमोजिम ६ (छ) महिना कैद र रू.१०,०००।– (दश हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७६।०२।०३ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिन नआएकोले आरोप दाबीबाट सफाइ पाउन भनी प्रतिवादीको प्रत्यर्थी झिकाइपाउँ भन्ने प्रतिवादीका कानून व्यवसायीको बहससँग यो इजलास सहमत हुन नसक्ने।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी धर्मराज यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६(१) बमोजिम ६ (छ) महिना कैद र रू.१०,०००।– (दश हजार रूपियाँ) जरिवाना हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७६।०२।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न

इजलास अधिकृतः इन्द्र कुमार श्रेष्ठ

कम्प्युटर: चन्द्राबती तिमल्सेना

इति संवत् २०७८ साल असोज १२ गते रोज ३ शुभम्।

३९

मा.न्या.श्री सपना प्रधान मल्ल, मा.न्या. डा. श्री कुमार चुडाल, *०६९-CI-१०४९, गैरकानूनी निर्माण भत्काई कारबाही गरिपाऊँ, तारकेश्वरी प्रधान वि. प्रमिलादेवी श्रेष्ठसमेत*

पुनरावेदक वादीले सार्वजनिक ढल मिची टहरा निर्माण गरेको जिकिर लिएकोमा उल्लिखित कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको विवादलाई विश्लेषण गरी हेर्दा यस अदालतको आदेशानुसार भइआएको नक्सा मुचुल्काबाट प्रतिवादी प्रमिलादेवी श्रेष्ठको स्वामित्वमा रहेको कि. नं. २०८८, २०८७, १५७४ र १३३८ समेतको जग्गाको पश्चिमतर्फ कि.नं. ९०९ को जग्गा रहेको देखिन्छ । प्रतिवादीको नाउँको उक्त जग्गाको पश्चिमतर्फ सार्वजनिक ढल रहेको भनी उल्लेख भएको देखिँदैन । प्रतिवादीको उल्लिखित कि.नं.का जग्गाहरूको कुल क्षेत्रफल ०-५-२-२- रहेकोमा उक्त नक्सा मुचुल्का अध्ययन गरी हेर्दा न.नं.२, ३ र ५ को ०-५-२-१ क्षेत्रफल भई प्रतिवादीको भोगमा ०-०-०-१ क्षेत्रफल घटी रहेको देखिन्छ भने वादीको कि. नं. १९८१ मा ०-५-०-० क्षेत्रफल रहेकोमा उक्त नक्सा मुचुल्काको न. नं. ५, ८, ९ र १० मा कुल क्षेत्रफल ०-५-०-२ रहेको देखिन्छ। प्रतिवादीले आफ्नो कि.नं. २०८८, २०८७, १५७४ र १३३८ का जग्गामा टहरा निर्माण गरेको देखिन्छ। टहरा निर्माण गर्दा प्रतिवादीले सडक ढल मिची बनाएको भन्ने पनि देखिँदैन। प्रतिवादीले डि.पि.सि. लेभलसम्म नक्सा पास गरेकोमा सोभन्दा माथि अनुमति नलिई टहरा निर्माण गरेको टहराको हकमा नक्सा पास गरिपाउँ भनी प्रतिवादीले काठमाडौं महानगरपालिकामा निवेदन दिएको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिन्छ। नक्सा पास नगरी गरिएको निर्माणको हकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) मा भएको कानूनी व्यवस्थाको विपरीत हुने गरी प्रतिवादीले सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको तथ्य मिसिल संलग्न नक्सा मुचुल्काबाट पुष्टि हुन सकेको देखिँदैन। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(५) मा भएको कानूनी व्यवस्थाबमोजिम महानगरपालिका प्रमुखलाई नक्सा पास नगरी बनाइएका संरचनाहरूको हकमा जरिवाना गरी सो संरचनालाई नियमित गर्नसक्ने अधिकार कानूनले नै प्रदान गरेको देखिन्छ । काठमाडौं महानगरपालिकाबाट डि.पि.सि. लेभलभन्दा माथि संरचना निर्माणका लागि स्वीकृति प्राप्त नगरी प्रतिवादीले आफ्नो जग्गामा डि.पि.सि. लेभल भन्दा माथि टहरा निर्माण गरेको कारण स्थानीय

स्वायत्त शासन ऐन, २०५५ को १६१(५) बमोजिम रू. ५,०००।- जरिवाना हुने ठहर गरी काठमाडौं महानगरपालिकाबाट मिति २०६७।०९।१४ मा भएको निर्णय सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०२।२९ मा भएको फैसलालाई अन्यथा मान्न मिल्ने देखिँदैन । मुद्दा दोहोऱ्याई हेर्ने गरी यस अदालतबाट निस्सा प्रदान भएको आदेशमा प्रयुक्त नजिरमा उल्लिखित तथ्य हेर्दा एकाको स्वामित्वमा रहेको जग्गामा निजको सहमति वा स्वीकृति नलिई स्वामित्व नै नरहेको उनाउ व्यक्तिले टहरा निर्माण गरेको अवस्था रहेको देखिएको र प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नै नाउँमा स्वामित्व रहेको जग्गामा टहरा निर्माण गरेको भई विवादित तथ्यमा समानता एवं एकरूपता रहे भएको नदेखिएको साथै नक्सा स्वीकृतिबिना निर्माण गरिएको ठहरेमा दरखास्त दिन पाउने र वैकल्पिक ससर्त निर्माण गर्न स्वीकृति दिन पाउने कानूनी व्यवस्था रहे भएकै देखिएको स्थितिमा उक्त नजिर प्रस्तुत मुद्दाको सन्दर्भमा ग्रहणयोग्य नभएको हुँदा यस अदालतबाट मिति २०६९।१२।२३ मा निस्सा प्रदान गर्दा लिइएको आधार र विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

प्रतिवादीलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(५) बमोजिम रू.५,०००।- (पाँच हजार) जरिवाना हुने र प्रेषित नक्सा मापदण्ड अनुसार पास गरिदिन सहरी विकास विभागमा पठाइदिनु र बाँकी वादी दाबी नपुग्ने ठहर गरी काठमाडौं महानगरपालिकाबाट मिति २०६७।०९।१४ मा भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल भदौ २७ गते रोज १ शुभम्।

- यसै लगाउका ०६९-CI-१०४८, गैरकानूनी निर्माण, तारकेश्वरी प्रधान वि. प्रमिलादेवी श्रेष्ठसमेत मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. ८

४०

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-CR-०६९८, कर्तव्य ज्यान, नेपाल सरकार वि. करण भन्ने मानबहादुर दुरैली वि.क.*

फलामको हम्मरले हानी भुइँमा लडाएपछि खुट्टामा डोरीले बाँधेको हो भनी गरेको बयान बेहोराबाट यी प्रतिवादी करण भन्ने मानबहादुर दुरैली वि.क. समेतले मार्ने नियतका साथ उल्लिखित घटना भएको पुष्टि अवस्था छाफलामको हम्मरजस्तो हतियारले टाउकोमा हान्दा जो कोही पनि मर्न सक्दछ भनी सहजै अनुमान गर्न सकिने हुँदा प्रतिवादीको उल्लिखित प्रहार हुनु र सोपछि डोरीले बाँध्नुसमेतले प्रतिवादीहरूको क्षणिक उत्तेजनाकै कारणले मात्र सो घटना भएको भनी अनुमान गर्न सकिने अवस्था छैन । यसरी ५ जना मिलेर १ जनालाई पटक-पटक प्रहार गर्नुसमेतले निजहरूले मनसायपूर्वक उल्लिखित वारदात भएको मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि हुन आएको देखिँदा यी प्रतिवादी करण भन्ने मान बहादुर दुरैली वि.क.लाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद र अन्य प्रतिवादीहरूको हकमा मुलुकी ऐन, अ.वं. १९० नं. बमोजिम मुलतबीमा रहने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला यी प्रतिवादी करण भन्ने मानबहादुर दुरैली वि.क.को हकमा कानूनसम्मत नदेखिएकोले यी प्रतिवादीको उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. अन्तर्गतको कसुर अपराध नै देखिँदा निज प्रतिवादीलाई ऐ. १३(१) नं. बमोजिम जन्म कैदको सजाय हुने देखिने।

यी प्रतिवादी करण भन्ने मानबहादुर दुरैली बि.क.लाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने गरी सुरू काठमाडौं जिल्ला

अदालतबाट भएको फैसला सदर ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४।०४।३१ को फैसला सो हदसम्म उल्टी भई निज प्रतिवादी करण भन्ने मानबहादुर दुरैली बि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अन्तर्गतको कसुर अपराधमा सोही ऐनको १३(१) नं. बमोजिम जन्म कैदको सजाय हुने।

प्रतिवादी करण भन्ने मानबहादुर दुरैली बि.क.लाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. अन्तर्गतको कसुर अपराधमा सोही ऐनको १३(१) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहरी फैसला भए तापनि वारदात हुँदाको तत्कालीन परिस्थितिजन्य अवस्था र प्रतिवादीहरूको संलग्न, मृतक आशिष राईलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी र पूर्वतयारी यी प्रतिवादीसँग भएको मिसिलबाट नदेखिएको अवस्था रहनुका साथै यी प्रतिवादीले यसै अदालतमा दिएको पुनरावेदन पुनः फिर्ता लिई न्यायिक प्रक्रियामा अदालतलाई गरेको सहयोगसमेतलाई विचार गर्दा यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय गर्दा पनि ऐनको मकसद पुग्ने हुँदा यी प्रतिवादी मानबहादुर दुरैली बि.क.लाई १२ (बार) वर्षको कैद सजाय हुने

इजलास अधिकृतः मधु सुदन पन्थी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७७ साल मंसिर १५ गते रोज २ शुभम्।

४१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-CI-१५८१, मोही दर्ता नामसारी, सुमित्रा देवी यादवनी वि. घाना देवी यादवनी*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार "...मोहीले कमाइआएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, आमा, बाबु, धर्मपुत्र, पैँतिस वर्ष पुगेकी अविवाहिता छोरी, छोरा बुहारी, नाति, नातिनी बुहारी वा दाजुभाइहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने छ" भन्ने व्यवस्थासमेत रहेकोमा उक्त कानूनी व्यवस्थाले मोहीले कमाइआएको जग्गा मोहीको मृत्युपश्चात् मोहीका हकवालाहरूमा सर्ने कुरालाई प्रस्ट पार्न खोजेको देखिन्छ । अत: निर्विवाद मोहीको मृत्यु भई निजको मोहियानी हक हकदारहरूमा सर्ने कुरालाई सुनिश्चितसमेत गरिदिएको देखिन्छ। प्रस्तुत मुद्दामा दर्तावाला स्व. फौदी यादव अर्थात् मोहिको मृत्यु भई हकवाला जीवितै रहेको अवस्थामा मोही नामसारी नभएकै आधारमा हकदारलाई मोहीयानी हकबाट बञ्चित गर्ने परिकल्पना भूमिसम्बन्धी ऐन, २०२१ ले गरेको पाइँदैन। यसै सन्दर्भमा विष्णुप्रसाद स्वगमिखा विरूद्ध सिराराम पक्कासमेत (ने.का.प. २०७२,अङ्क-६, नि.नं. ९४१९) मोही नमसारी मुद्दामा "मोहीको मृत्युपश्चात् मोहीले कमाइआएको जग्गाको मोहियानी हक प्राप्त गर्नको लागि निजपछि निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जो मोहीसँगै एकासगोलमै रहेबसेका छन् त्यस्तो व्यक्तिलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने र सोही व्यक्तिले नै मोहीले कमाइआएको जग्गाको मोहियानी हक प्राप्त गर्ने कुरामा दुविधा नदेखिने" भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ। यसरी मोहीको मृत्युपश्चात् मोहीले कमाइआएको जग्गाको मोहियानी हक प्राप्त गर्नको लागि निजपछि निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जो मोहीसँगै एकासगोलमै रहेबसेका छन्, त्यस्तो व्यक्तिलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने र सोही व्यक्तिले नै मोहीले कमाइआएको जग्गाको मोहियानी हक प्राप्त गर्ने कुरामा दुविधा नदेखिने।

उक्त जग्गाको निर्विवाद मोही वादीका ससुरा देखिएको, निजको मृत्युपश्चात् जग्गा वादी सुमित्रादेवी यादवनीले जोतभोग गरी आएको देखिएको र हकवालाहरूमा यी पुनरावेदिका वादी मात्र जीवित रहेको अवस्थामा दर्तावाला मोहीका नाममा मोही नामसारी नभएकै आधारमा हकदारलाई मोही हकबाट

वञ्चित गर्न कानूनत: मिल्ने नदेखिँदा वादी दाबी पुग्न नसक्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला न्यायोचित नदेखिने।

निज निवेदिकाले पेस गरेको मिसिल संलग्न कागजातहरूबाट निवेदकको स्व.ससुरा फौदी यादवले मोहीको १ नं. लगत भरी २ नं. अनुसूचीमा प्रकाशित भई ४ नं अनुसार जोताहा अस्थायी निस्सासमेत प्राप्त गरी जग्गा जोत कमोत गर्दै आएको देखिन आउँछ । दर्तावाला मोही स्व. फौदी यादवको मृत्युपछि सगोलमा रहेका परिवारसहित यी निवेदिका दर्तावाला मोहीकी बुहारी सुमित्रादेवी यादवनीले उक्त जग्गा कमाउँदै आएको तथ्य निजले साबिक जग्गा धनी कुलदीप साहको नाममा मिति २०६२।११।१९, २०६३।११।३०, २०६४।११।२७ लगायत विभिन्न मितिमा भूमि सुधार कार्यालय सप्तरीमा कुत र तिरो तिरेको रसिदसमेतबाट पुष्टि हुन आउने।

पुनरावेदिका वादीले मोही नामसारी गरिपाउँ भनी दाबी लिएकोमा प्रत्यर्थीले सुमित्रादेवी यादवनीका ससुरा नै मोही नभएको भन्ने जिकिर लिएकोमा विवादमा आएको मोही नामसारी गरिपाउँ भन्ने कि.नं. ४३४ को जग्गाको साबिक जग्गाधनी लखन साहुको नामबाट नामसारी भएको भन्ने देखिएको छ । प्रस्तुत मुद्दामा प्रत्यर्थी यी वादी निवेदिकाबाहेक अन्य उल्लिखित क्रमका हकवाला नरहेबाट यी पुनरावेदिकाबाहेक अन्य व्यक्तिका नाममा नामसारी हुन सक्ने स्थिति रहेको देखिँदैन । साबिक जग्गाधनी लखन साहुको नाममा दर्ता रहेको साबिक जग्गा धनीले वादीका ससुरा फौदी यादवलाई मोही स्वीकार गरेको देखिन्छ । यी प्रत्यर्थी /प्रतिवादी जग्गाधनीका दाताले पुनरावेदिकाका ससुरालाई मोही पत्याइसकेको र उक्त जग्गाको फिल्डबुक र यी जग्गाधनीले नामसारी गरिलिएको जग्गाधनी दर्ता प्रमाण पुर्जासमेतमा पुनरावेदिकाका ससुरा मोही जनिइसकेको अवस्थामा अब आएर प्रत्यर्थी प्रतिवादीले पुनरावेदिका वादीका ससुरा मोही होइनन् भनी लिएको जिकिर कानूनसङ्गत देखिन नआउने।

जिल्ला सप्तरी, गा.वि.स. इनर्वा, वडा नं ८(क) को गाउँ ब्लक नं. १४६ अन्तर्गत सा.कि.नं. ४३४ को जग्गा मोही फौदी यादवको नामबाट निजकी बुहारी वादी/पुनरावेदिका सुमित्रादेवी यादवनीका नाउँमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही दर्ता नामसारी गरिदिने ठहऱ्याई भूमि सुधार कार्यालय, सप्तरी, राजविराजबाट मिति २०६८।१०।१२ मा भएको निर्णय उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।०९।१४ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई विवादित जग्गा यी पुनरावेदिका वादी सुमित्रादेवी यादवनीका नाममा मोही हक नामसारी गरी सोको मोहियानी हकको प्रमाणपत्रसमेत दिने।

इजलास अधिकृतः सदिक्षा नेपाल

इति संवत् २०७६ साल फाल्गुण २८ गते रोज ४ शुभम्।

४२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०६८-CR-१०९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. डिकु भन्ने अमृता राईसमेत*

प्रतिवादी अमृता राईले अनुसन्धानको क्रममा र अदालतमा समेत आई गरेको इन्कारी बयानबाट मृतकलाई मारेको भन्ने तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएको नदेखिएको र मृतक धिलु राईलाई प्रतिवादी अमृता राईले मारेको देखेको भन्ने वादीका साक्षीहरूले किटानीसाथ भन्न र लेखाउन नसकेकोसमेतको आधारमा वादीको ठोस एवं भरपर्दो प्रमाण मिसिलसंलग्न रहेको देखिन नआएबाट मृतक धिलु राईलाई प्रतिवादी अमृता राईले मारेको र सुनको गहना चोरी गरेको नदेखिँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।०३।२४ मा प्रतिवादी डिकु भन्ने अमृता राईले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अर्का प्रतिवादी नारायण राईको हकमा विचार गर्दा, प्रस्तुत वारदातमा मृतक धिलु राईको मृत्युको कारण भनेको मृतकले लगाएको सुनको बटारे

रिङ (गहना) रहेको र सो गहनाका लागि यी प्रतिवादी नारायण राईले अदालतमा बयान गर्दा कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिए पनि प्रतिवादी अमृता राईले मृतक धिलु राईलाई मारी निज मृतकले लगाएको सुनका गहना आफूलाई दिएको भनी प्रतिवादी नारायण राईउपर पोल गरी बयान गरेको देखिन्छ। वस्तुस्थिति मुचुल्काका वादी पक्षका साक्षीहरू राजन राई र मित्रकुमार राईसमेतका मानिसहरूले यी प्रतिवादी नारायण राईसमेतले मृतक धिलु राईलाई धारिलो हतियारले घाँटी जस्तो संवेदनशील अंगमा काटी, छिनाई कर्तव्य गरी मारी निज मृतकले कानमा लगाएको सुनको गहना (बटारे रिङ) लुछी जबरजस्ती रूपमा झिकी लगेको भनी लेखाइदिएको तथ्य मिसिलबाट देखिन्छ। मृतक धिलु राईको घाँटी गर्धनमा धारिलो हतियारले काटी टाउको र शरीर अलगअलग पारी छुट्टै अवस्थामा रहेको भन्ने मृतकको लासजाँच प्रकृति मुचुल्काबाट समेत देखिन्छ भने मृतकको मृत्यु धारिलो हतियारको चोटको कारण भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन्छ। प्रतिवादी नारायण राईले अदालतमा कसुर गरेकोमा इन्कार रही बयान गरेको भए पनि सो इन्कारी बयान मिसिलसंलग्न अन्य प्रमाण कागजातहरूबाट पुष्टि हुन आएको अवस्था देखिँदैन। निज प्रतिवादीका साक्षीहरू धिरज राई तथा विश्वास साम्पाङसमेतले प्रतिवादीले मृतक धिलु राईलाई कर्तव्य गरी मारेको र निजले लगाएको गहना चोरी गरेको होइन भनी निजहरूले आफ्नो बकपत्रमा उल्लेख गरेको भए पनि सो कुराको विश्वासलाग्दो आधार र प्रमाण मिसिलबाट स्थापित हुनसकेको नपाइने।

प्रतिवादी अमृता राईले अदालतसमक्षको आफ्नो बयानमा उनीले उक्त सुनको रिङ्ग गणेश अधिकारीकहाँ जाकडी (धरौटी) मा राखेपछि मृतक धिलु राईको जंगलमा कर्तव्यबाट मारिएको र उक्त जाकडी (धरौटी) राखेको सुनको रिङ्ग मृतकको भएको थाहा पाएको भनेकी छिन्। सो बखतमा प्रतिवादी अमृताले प्रतिवादी नारायण राईको सर्टमा रगत लागेको देखेकोसम्म भनेकी छिन्। प्रतिवादी अमृता राई अदालतसमक्षको बयानमा आफू कसुरप्रति इन्कार रहेकी छिन् तथापि निजले वारदात र कसुरको अवस्थाबारे आफूलाई जानकारी भएको अवस्थासम्म व्यक्त गरेकी छिन्। यो वारदातको पृष्ठभूमि, एवं अवस्था र परिस्थितिले उक्त वारदातलाई प्रतिवादी अमृता राईको अदालतसमक्षको सिंगो बयानबाहेक अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्न सक्ने अवस्था देखिँदैन। स्वतन्त्र प्रमाणको रूपमा देखा परेको मृतक धिलु राईको कानमा लगाएको सुनको गहना गणेश अधिकारीको पसलबाट बरामद हुँदा त्यससँग प्रत्यक्षतः जोडिन पुगेकी प्रतिवादी अमृताराईले अदालतसमक्ष प्रतिवादी नारायण राईलाई साङ्केतिक र लाक्षणिक रूपमा पोल गरी गरेको बयान नै प्रत्यक्ष प्रमाण हुनुको साथै निजको बयानबाट प्रमाणको कडीको रूपमा रहेको सुनको रिङ्गलाई नै स्वतन्त्र प्रमाणको रूपमा लिनुपर्ने हुन्छ। वारदातको प्रकृति र अवस्थाबाट परिस्थितिजन्य र मालाकार कडीको रूपमा जोडिएका प्रमाणहरूले पनि स्वतन्त्र प्रमाणको स्थान लिएका हुन्छन्। प्रस्तुत वारदातमा दसीको रूपमा बरामद भएको मृतकको कानको सुनको रिङ्ग नै सहअभियुक्त अमृता राईले प्रतिवादी नारायण राईलाई उक्त कर्तव्य ज्यान मुद्दाका कसुरदार हुन् भनी गर्न खोजेको पोललाई पुष्टि गर्ने स्वतन्त्र प्रमाणको रूपमा देखा परेको छ । मृतक धिलु राईले लगाएको सुनको रिङ्ग प्रतिवादी नारायण राईले प्रतिवादी अमृता राईलाई दिएको तथ्य पुष्टि भई सो स्वतन्त्र प्रमाणको रूपमा बरामद भएको तथ्यले नै प्रतिवादी नारायण राई उक्त वारदातका कसुरदार भएको पुष्टि हुने।

अब, चोरीको पुनरावेदन जिकिरतर्फ हेर्दा, मुलुकी ऐनको, चोरीको महलको १ नं. मा "आफ्नो हक नपुग्ने अचल भइरहेकोलाई चलको हिसाब गराई वा चल धनमालसमेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जुरी नलिई धनीको हक मेटाई आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ," र त्यसैगरी सोही महलको ५ नं. मा "बाटो घाटो वा

जङ्गलमा ढुकी जबरजस्ती चोरी गरेको रहजनी चोरी ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत वारदातमा यी प्रतिवादी नारायण राईले मृतक धिलु राईलाई जङ्गलमा कर्तव्य गरी मारी मृतकले कानमा लगाएको सुनको बटारे रिङ जबरजस्ती तरिकाले चोरी गरी लिएको तथ्य मिसिल प्रमाणबाट देखिन आएको छ।निजले माथि उल्लेख गरेबमोजिम जङ्गलमा रहजनी चोरी गरेकोले बिगोको हकमा सहप्रतिवादी अमृता राईले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा प्रतिवादी नारायण राई र आफूबिच भएको अवैध यौन सम्पर्कबाट रहन गएको गर्भपतन गराउनको लागि नारायण राईले मलाई सुनको एक जोर रिङ दिएको र त्यो सुन मैले बाक्सिला बजारमा रहेको गणेशबहादुर अधिकारीको पसलमा लगी रू.१७,०००।– (सत्र हजार रूपियाँ) मा जाकडी (धरौटी) राखेको हुँ भनी लेखाइदिएको अवस्था देखिँदा निजले रू.१७,०००।– (सत्र हजार रूपियाँ) बिगो बराबरको धनमाल जबरजस्ती रहजनीको रोहबाट चोरी गरेको देखिने।

प्रस्तुत विवादमा प्रतिवादी अमृता राईको प्रतिवादी नारायण राईउपरको किटानी पोलको प्रामाणिक महत्त्वको हकमा विचार गर्दा, यस अदालतबाट ने.का.प. २०७६ अङ्क १ निर्णय नं. १०१८४ नेपाल सरकार विरूद्ध खेम खड्कासमेत भएको मुद्दामा "अनुसन्धान अधिकारीसमक्ष र अदालतमा भएको बयानमा कसुरमा आफ्नो संलग्नता रहेको भनी साबित रही अन्य प्रतिवादीहरूलाई पनि पोल गरेको अवस्था छ र त्यसलाई अन्य भौतिक एवम् स्वतन्त्र प्रमाणबाट समेत समर्थित भइरहेको अवस्था छ भने त्यस्तो पोललाई प्रमाणमा लिन हुने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । यस स्थितिमा प्रतिवादीमध्येका नारायण राईले मृतक धिलु राईलाई कर्तव्य गरी मारेको र मृतकले लगाएको सुनका गहना चोरी गरेको हो भनी निज प्रतिवादीउपर उक्त कसुर अपराध गरेको भनी प्रतिवादी अमृता राईले अदालतसमक्ष नै पोल गरी बयान गरेको र सो पोल बयानलाई दसीको सामान बरामद भएको उक्त सुनको गहना र सो गहनालाई धरौटी राखी गर्भपतन गराउन पैसाको जोहो गरी गर्भपतनसमेत गराएको भनी व्यक्त गरेको कुरा प्रतिवादी अमृता राईको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पुष्टि भएको देखिन्छ । प्रतिवादी अमृता राईले आफ्नो इज्जतको पर्वाह नगरी प्रतिवादी नारायण राईसँगको अवैध सम्बन्ध, निजबाट रहेको अवैध गर्भ र निजलाई आफूले घरमा लुकाएर राखेको कुरा निसङ्कोच रूपमा एउटी अवोध महिलाले स्वाभाविक रूपमा अदालतमा गरेको बयानबाट समेत यी प्रतिवादी नारायण राईले नै मृतक धिलु राईलाई कर्तव्य गरी मारेको भन्ने तथ्य स्थापित हुन गएको भनी मान्नुपर्ने देखिने।

यसरी प्रतिवादी नारायण राईउपर प्रतिवादी अमृता राईले मृतक धिलु राईलाई मारी निजले लगाएको सुनका गहना चोरी गरी आफूलाई दिएको भन्ने पोल बयानलाई दशीको रूपमा बरामद भएको सुनको रिङ्गबाट मृतकको हत्या यिनै प्रतिवादीले गरेको भन्ने तथ्य खुल्न आई पुष्टि भएको देखिएको छ। मृतक धिलु राईलाई प्रतिवादी अमृता राई र को कसले धारिलो हतियार प्रयोग गरी मारेको र मृतकले लगाएको गहना चोरी गरी लगेको हुँदा कानूनबमोजिम सजाय गरिपाउँ भन्ने जाहेरी दरखास्त, धारिलो हतियारको चोटका कारण मृतकको मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्ट, राजन राई र मित्रकुमार राईसमेतले प्रतिवादी अमृता राई र नारायण राईले धारिलो हतियारको प्रयोग गरी मृतक धिलु राईको घाँटी काटी टाउको र शरीर अलगअलग पारी मारी निज मृतकले लगाएको सुनका गहना चोरी गरी लगेको हो भनी मौकाको कागजमा उल्लेख गरेको बेहोरा र सहअभियुक्त अमृता राईले अदालतमा प्रतिवादी नारायण राईलाई कसुरदार भनी गरेको पोललाई स्वतन्त्र प्रमाणको रूपमा रहेको र बरामद भएको सुनको रिङ्गले समर्थन गरेको आधारबाट समेत तत्कालीन पुनरावेदन अदालत राजविराजबाट यी प्रतिवादी नारायण राईलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला मिलेको देखिन नआउने।

प्रतिवादी डिकु भन्ने अमृता राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(१) नं. बमोजिम

१० वर्ष कैद तथा चोरीको कसुरमा २ महिना थप कैद र बिगोसमेत भराइदिने ठहऱ्याई सुरू खोटाङ जिल्ला अदालतबाट भएको फैसलालाई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट उल्टी गरी निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०६८।०३।२४ मा भएको फैसला मिलेको देखिँदा सो हदसम्म सदर हुने ठहर्छ । यी प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. तथा मुलुकी ऐन, चोरीको महलको १ र ५ नं. को कसुर अपराधमा सोही महलको १२ र १४(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । त्यसैगरी अर्का प्रतिवादी नारायण राईले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको तथ्य मिसिलसंलग्न प्रमाणबाट स्थापित हुन आएकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्नुपर्नेमा आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६८।०३।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने भई निज प्रतिवादीलाई ऐ. को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ । सो ठहर्दा यी प्रतिवादी वारदात हुँदाका बखत १६ वर्षभन्दा कम उमेरका नाबालक भएकाले उक्त कानूनी व्यवस्थाबमोजिम जन्मकैदमा २० वर्ष हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा सजाय १० (दश) वर्ष कैद हुने ठहर्छ । साथै यी प्रतिवादी नारायण राईले मुलुकी ऐनको चोरीको महलको १ र ५ नं. बमोजिम मृतकले लगाएको सुनको गहना (बटारे रिङ) समेत रहजनी चोरीको रोहबाट चोरी गरी लिएको कसुर पुष्टि हुन आएकाले निजलाई चोरीको १ र ५ नं. विपरीतको रहजनी चोरीको कसुरमा ऐ. को १२ नं. र १४(३) नं. बमोजिम २ (दुई) महिना कैद र बिगोबमोजिम जरिवाना गरी उक्त बिगो रू. १७,०००।– (सत्र हजार रूपियाँ) यी प्रतिवादीबाट मृतकको हकवालाले भराइलिन पाउने तथा जरिवानाबापत कैदसमेत गर्नुपर्ने हुँदा एक दिनको रू. ३००।- का दरले हुन आउने १ (एक) महिना २७ (सत्ताइस) दिन कैदसमेत गरी जम्मा चोरीतर्फ कैद ३ (तीन) महिना २७ (सत्ताइस) दिन कैद सजाय हुने भएकोले चोरीको १४(३) नं. अनुसार ६(छ) महिना कैद सजाय गर्नुपर्ने कानूनी प्रावधान अनुसार यी प्रतिवादी १६ वर्षभन्दा कम उमेरको नाबालक भएको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम निजलाई लागेको रहजनी चोरीतर्फको आधा कैद सजाय ३ (तीन) महिना कैद हुने ठहर्छ । यी प्रतिवादीलाई प्रस्तुत मुद्दामा जन्मकैदतर्फको १० (दश) वर्षको ठुलो कैद सजायमा रहजनीतर्फको सानो कैद सजाय ३ (तीन) महिना खापिने हुँदा निजलाई ठुलो कैदको रूपमा रहेको जन्मकैदको १० (दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम् ।

४३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CR-१९३९, ०७२-CR-२०३५ र ०७३-CR-००४४, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. खम्बी वि.क., मिठुकुमारी शाह वि. नेपाल सरकार, नेपाल सरकार वि. रामचन्द्र वि.क.*

पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रत्यर्थी प्रतिवादी पर्से कामी र खम्बी वि.क.ले अधिकार प्राप्त अधिकारी र सुरू अदालतसमक्ष बयान गर्दासमेत पीडित बिरेन्द्रा वि.क.लाई बेचबिखन गरेकोसमेत होइन भनी आरोपित कसुर अपराधमा इन्कारी बयान गरेको पाइन्छ भने निज प्रतिवादीहरूले पीडित बिरेन्द्रा वि.क.लाई बेचबिखन गरेका होइनन् भनी निजका साक्षीहरू दिपा वि.क. र ललिता महताराले सुरू अदालतमा बकपत्र गरी प्रतिवादीहरूको इन्कारी बयानलाई समर्थन गरेको पाइन्छ । त्यस्तै प्रतिवादीहरूमध्येका रामचन्द्र

वि.क. र मिठुकुमारी शाहले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत यी प्रतिवादी पर्से कामी र खम्बि वि.क. समेतको मिलेमतो वा संलग्नतामा निज पीडित बिरेन्द्रा वि.क.लाई भारत तथा साउदी अरबमा पठाएको भनेको पाइँदैन। प्रतिवादी पर्से कामी र खम्बि वि.क. समेतको मिलेमतोमा पीडित बिरेन्द्रा वि.क. लाई बेचबिखनसमेत गरेको हो भनी गीता कार्कीसमेतका ५ जनाले प्रहरीमा कागज गरे पनि निजहरूले अदालतमा उपस्थित भई बकपत्र नगरेबाट निजहरूको प्रहरीको उक्त कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्ने देखिएन । प्रतिवादी पर्से कामी र खम्बि वि.क. समेतले आफ्नी छोरी पीडित बिरेन्द्रा वि.क.लाई बेचबिखन गरेकाले कारबाही गरिपाउँ भनी जाहेरी दरखास्त दिई सोही जाहेरी दरखास्त समर्थन गरी बकपत्र गरेको भए तापनि निज पीडितले अदालतमा गरेको बयानमा प्रतिवादीहरू पर्से कामी र खम्बि वि.क.ले आफूलाई बेचबिखन गरेका हुन् वा बेचबिखन गर्न सहयोग वा मिलेमतो गरेका हुन् भनी यी प्रतिवादीहरूको नाम उल्लेख गरेको देखिँदैन । स्वयं पीडितले निज प्रत्यर्थी प्रतिवादीहरूलाई किटानी पोल गर्न नसकेको अवस्थामा यी प्रतिवादीहरू पर्से कामी र खम्बि वि.क.समेतले छोरी पीडित बिरेन्द्रा वि.क.लाई बेचबिखन गरेका हुन् भन्ने सर्वजित बिश्वकर्माको जाहेरी दरखास्त खण्डित भइरहेको पाइयो । निजहरूको हकमा कसुर प्रमाणित हुने ठोस र खम्बिर प्रमाणबेगर मानव बेचबिखन जस्तो गम्भीर फौजदारी कसुरमा कसुरदार ठहऱ्याउन कानूनसङ्गत नहुने हुँदा प्रत्यर्थी प्रतिवादीहरू पर्से कामी र खम्बि वि.क.लाई अभियोग माग दाबीबाट सफाइ दिने ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला सो हदसम्म मनासिब नै देखिने।

साथै, अर्का प्रतिवादी मिठु हमाल भन्ने मिठुकुमारी शाह मौकामा बयान गर्दा रामचन्द्र वि.क.ले आफू भारतको मुम्बैमा रहेको अवस्थामा नेपालबाट पीडित बिरेन्द्रा वि.क. लाई साथै लिई आई विदेश पठाइदिनुस् भनेकोले कागजात बनाई साउदी पठाएको हो आफ्नो रामचन्द्र वि.क.लाई ३०००/- दिएको हो भनी बयान गरेका छन् भने सुरू अदालतमा बयान गर्दा पीडित बिरेन्द्रा वि.क.लाई चिनेकी छैन र निजलाई बेचबिखन गरेको पनि होइन छैन भनी आरोपित कसुर अपराध गरेकोमा इन्कारी भई बयान गरेका छन्। यी प्रतिवादीले उक्त आफ्नो इन्कारी बयान प्रमाणित गराउन १ जना साक्षी ईन्द्रबहादुर चन्दलाई बकपत्र गराएको पाइन्छ । यी प्रतिवादीका साक्षी ईन्द्रबहादुर चन्दले बकपत्र गर्दा प्रतिवादी मिठुकुमारी शाहको चालचलन राम्रो भएको हुँदा निजले पीडित बिरेन्द्रा वि.क.लाई विदेश पठाई बेचबिखन गरेकी होइनन् भन्नेसम्म लेखाइदिएको पाइन्छ। निजले केवल अनुमानको भरमा निज प्रतिवादी मिठुकुमारी शाहले पीडित बिरेन्द्रा वि.क.लाई विदेश पठाई बेचबिखनसमेत गरेकी होइनन् भनी बकपत्र गरेको देखियो । अर्कोतर्फ सहप्रतिवादी रामचन्द्र वि.क.ले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडित बिरेन्द्रा वि.क.लाई आफूसमेतले प्रतिवादी मिठु हमाल भन्ने मिठुकुमारी शाहसमेतलाई मिति २०६७/१/२७ मा जिम्मा लगाई भारततर्फ पठाएको हो भनी निज पीडित बिरेन्द्रा वि.क.लाई प्रतिवादी मिठु हमाल भन्ने मिठुकुमारी शाहको जिम्मा दिएकोमा साबिती भई बयान गरेको पाइन्छ। त्यस्तै प्रतिवादी रामचन्द्र वि.क. समेतलाई मेरो छोरी बिरेन्द्रा वि.क.लाई बिक्री गरेकाले सजायसमेत गरिपाउँ भनी सर्वजित बिश्वकर्माले जाहेरी दरखास्त दिई सोही जाहेरी दरखास्तलाई समर्थन गरी बकपत्र गरेको तथा प्रतिवादी रामचन्द्र वि.क.ले विदेश गए राम्रो कमाई हुन्छ भनी बम्बै लगी २ महिनासम्म कोठामा बन्धक बनाइराखेपछि मैले विदेश जान्न घर जान्छु भन्दा मलाई धम्क्याइयो । १०, १२ दिनपछि रामचन्द्र घर फर्केपछि २ महिनापछि प्रतिवादी मिठु हमाल भन्ने मिठुकुमारी शाहले साउदी अरब पठाइन त्यहाँ पुगेपछि ममाथि व्यापक यौन दुर्व्यवहार हुन्थियो नमान्दा कुटपिट गरिन्थ्यो र हामीले तँलाई किनेर ल्याएको होसमेत भनेका थिए। प्रतिवादीहरूले मलाई गफलतमा पारी विदेश पठाई बेचबिखन गरेका हुन् भनी पीडित बिरेन्द्रा वि.क.ले अदालतमा गरेको बकपत्रसमेत

गरेको आधार प्रमाणबाट पीडित बिरेन्द्रा वि.क.लाई यी प्रतिवादीहरू रामचन्द्र वि.क. र मिठु हमाल भन्ने मिठुकुमारी शाहसमेतले बेचबिखन गर्ने उद्देश्यले यी पीडितलाई विदेशसम्म पुऱ्याउने प्रबन्ध गरेको देखिने।

यसरी पुनरावेदक प्रतिवादीमध्येकी मिठु हमाल भन्ने मिठुकुमारी शाह अदालतमा आई कसुरमा इन्कार रहेको भए तापनि मौकामा भारत बम्बैको आफ्नो कोठामा रामचन्द्र वि.क.ले ल्याएकी बिरेन्द्रा वि.क.लाई साउदी पठाएको र रामचन्द्रलाई ३०००।- रूपियाँसमेत दिएकोमा साबित रहेका छन् भने अर्को पुनरावेदक प्रतिवादी रामचन्द्र वि.क. अदालतमा समेत मिठुकुमारीले आफ्नो घरबाट बिरेन्द्रा वि.क.लाई लगी ६/७ दिनपछि मेडिकल भइसकेको केही दिनपछि उडान हुन्छ भनी खबर गरेको भनी बयान गरी मिठुकुमारीको सम्पर्क र सरसल्लाहबाट विदेश पठाएकोमा साबित रहेका छन् । निजहरू २ जनाको बयानमा पीडित विरेन्द्र वि.क.लाई रामचन्द्रले कहाँसम्म पुऱ्याएको भन्ने तथ्यमा समान बेहोरा नभए तापनि पीडितालाई विदेश पठाउनेमा दुवैको मत सल्लाह रहेकोमा विवाद देखिँदैन । निजहरू मतसल्लाह नभएको भए पुनरावेदक प्रतिवादी मिठुकुमारी शाहले अर्का प्रतिवादी रामचन्द्रलाई रकम दिनुपर्ने कारण पनि रहेको देखिँदैन। पुनरावेदक रामचन्द्र वि.क.ले मौकामा बयान गर्दा आफू कोहलपुरसम्म पुऱ्याउन गएको भने तापनि सहप्रतिवादी मिठुकुमारीले निजले नै पीडितलाई बम्बै पुऱ्याएको भनी मौकामा बयान गरेको र उक्त बेहोरा पीडित विरेन्द्र वि.क. को बकपत्रबाट समेत पुष्टि भइरहेको हुँदा निजहरू दुवैजना पुनरावेदक प्रतिवादीहरूको कसुरमा संलग्नता देखिने।

उपर्युक्तबमोजिम पुनरावेदक प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसार पसार ऐन, २०६४ अन्तर्गतको कसुर गरेको देखिएको अवस्थामा निजहरूका हकमा सो ऐनअन्तर्गत कुन कसुर कायम हुने भन्ने सम्बन्धमा हेर्दा अभियोगपत्रमा माग दाबी गरेबमोजिम निजहरूले यस किसिमले यसरी रकम लिनुदिनु गरी मानिस बेच्ने र किन्ने कार्य गरेको भनी वादी नेपाल सरकारको तर्फबाट स्पष्ट प्रमाणसहितको दाबी लिनसकेको देखिएन । पीडित बिरेन्द्रा वि.क.ले पनि आफूलाई निज प्रतिवादीहरूले अरब पठाएको र त्यहीँ आफूले दुःख पाएको तथा त्यहाँ आफूलाई किनेर काम लगाएको भनी १८ घण्टासम्म काम गराउने गरेको भन्नेसम्म बकपत्र गरेको पाइन्छ । कसले को सँग कति रकममा किनेको भन्ने उल्लेख गर्न सकेको छैन । यस्तो अवस्थामा निजहरूलाई सपठित ऐनको दफा ४(१) (क) को कसुरमा दफा १५ (१) (क) बमोजिम सजाय गर्ने गरेको हदसम्म पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेको देखिएन । निजहरूले उक्त ऐनको दफा १५(१) (ङ) (१) बमोजिम पीडितलाई बेचबिखन गर्ने उद्देश्यले विदेशसम्म पुऱ्याएको देखिन आएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम जनही दश वर्ष कैद र रू. १,००,०००।- जरिवाना तथा दफा १७ बमोजिम जरिवानाको आधा रकम जनही रू.५०,०००।- पीडितले क्षतिपूर्तिसमेत भराइपाउने देखिने।

तसर्थ, प्रतिवादी पर्से कामी र खम्बी वि.क.लाई अभियोग मागदाबीबाट सफाइ दिने ठहऱ्याई सुरू सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै, अर्का प्रतिवादीहरू राम चन्द्र वि.क. र मिठु हमाल भन्ने मिठुकुमारी शाहले जाहेरवाला सर्वजित वि.क.की छोरी बिरेन्द्रा वि.क.लाई बेचबिखन गर्ने उद्देश्यले विदेश लगेकोसम्म पुष्टि हुँदा निज प्रतिवादीहरू रामचन्द्र वि.क. र मिठु हमाल भन्ने मिठुकुमारी शाहलाई अभियोग दाबी अनुसार जनही २० (बिस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख रूपियाँ) जरिवाना तथा पीडित बिरेन्द्रा वि.क.ले उक्त जरिवानाको आधा रू.१,००,०००।- (एक लाख रूपियाँ) क्षतिपूर्तिसमेत पाउने ठहर गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।९।६ को फैसला यी प्रतिवादीहरू रामचन्द्र वि.क. र मिठु हमाल भन्ने मिठुकुमारी शाहको हकमा केही उल्टी भई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,

२०६४ को दफा ३, को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम जनही १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना तथा सोही ऐनको दफा १७ नं. बमोजिम पीडित बिरेन्द्रा वि.क.ले उक्त जरिवानाको आधा जनही रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत पाउने । पुनरावेदक वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल असोज १५ गते रोज ५ शुभम् ।

४४

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा, *०७४-CR-००४६, ०७४-CR-००४७, ०७४-CR-००४८, ०७४-CR-००४९, ०७४-CR-००५१, ०७४-CR-१३०३, कर्तव्य ज्यान, अर्जुन धिमाल वि. नेपाल सरकार, पुजन राई वि. नेपाल सरकार, निमन राई वि. नेपाल सरकार, लण्डन भन्ने इच्छाकुमार राई वि. नेपाल सरकार, अमीर राईसमेत वि. नेपाल सरकार*

वारदात भएको तथ्य स्थापित हुनु र कुनै पनि प्रतिवादीको विरूद्धमा निर्विवाद रूपले कसुर प्रमाणित हुनु भनेको अलग अलग विषय भएकाले वारदात भएको तथ्यमा विवाद नभए तापनि उक्त वारदातमा को कसको ? के कस्तो ? भूमिका र कार्यले उक्त घटना हुन गई ज्यान मर्नेसम्मको कर्तव्य भएको हो भन्ने कुराको वस्तुनिष्ट प्रमाण वादी पक्षले पेस गर्न सक्नुपर्दछ । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूको सम्बन्धमा वादी पक्षबाट निजहरूको कसुर पुष्टि हुने स्वतन्त्र एवं शङ्कारहित प्रमाण पेस हुन नआएसमेतबाट मृतक र संगम राई (ख) बिच भएको कुटाकुटको झगडामा प्रतिवादीहरू संगम राई (क) र निमन राई उक्त कुटपिटको वारदातमा संलग्न नभई निजहरूले झगडा छुट्याउने कार्यसम्म गरेको भन्ने नै देखिन आउँछ । त्यसैगरी प्रतिवादी अर्जुन धिमाल र पुजन राई वारदात हुनुपूर्व नै भोज खाई घर गइसकेको अवस्थामा निजहरू वारदातको समयमा उपस्थित रहेका र निज मृतक रविन राईलाई कुटपिट गर्ने कार्यमा संलग्न थिए भनी कुनै पनि वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । यसै सन्दर्भमा पुनरावेदक वादी नेपाल सरकार विरूद्ध प्रत्यर्थी प्रतिवादी विष्णुकुमार याख्खा राईसमेत भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतको ने.का.प. २०७६, अङ्क ४, निर्णय नं. १०२४६ मा "... अनुमानको आधारमा फौजदारी कानून एवं न्यायको प्रमाण मूल्याङ्कनका सिद्धान्त र अवधारणाबाट पर गएर अदालतले जबरजस्ती रूपमा प्रमाणहरू जोडेर कसैलाई पनि सजाय गर्न नसक्ने । घटना र वारदातसँग प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयं वा निजका परिवारले कसुरदारलाई नै उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन/अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने ।" त्यसै गरी पुनरावेदक वादी नेपाल सरकार विरूद्ध प्रत्यर्थी/ प्रतिवादी यज्ञबहादुर थापासमेत भएको कर्तव्य ज्यान मुद्दामा यस अदालतबाट ने.का.प. २०६९, अङ्क २, निर्णय नं.८७६४ मा "अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्त केवल अपराध अनुसन्धानको क्रममा मात्र सहयोगी हुन सक्तछ । जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनुपर्दछ । अन्यथा कुनै पनि जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने ।" भनी प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा यी प्रतिवादीहरू मृतक रविन राईलाई कुटपिट गर्ने कार्यमा संलग्न थिए भनी सुरूमा दिएको जाहेरी र मौकाको बयानको बेहोरालाई अन्य भौतिक एवं स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकेको अवस्थामा अदालतले केवल शंका

र अनुमानको भरमा कसुरदार कायम गरी सजाय गर्नु फौजदारी न्याय र कानूनको रोहमा तर्कसङ्गत नदेखिँदा प्रतिवादीहरू अर्जुन धिमाल, पुजन राई, निमन राई र संगम राई (क) लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय हुने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला कानूनबमोजिम मिलेको देखिन नआउने।

फुटबल खेलको पुरानो रिसइवीका कारण विवाह भोजमा संगम राई (ख) र मृतक रबिन राईबिचको झगडामा संगम राई (ख) ले मृतक रविन राईलाई बाँसको डण्डाले टाउकोमा प्रहार गरी लडाएपछि अन्य प्रतिवादीहरू इच्छाकुमार राईले टर्चले, अमिर राईले फलामको रडले तथा सुरज राईले भाटा तथा नकले मृतकलाई हिर्काएबाट निज प्रतिवादीहरूले छोडेको चोटको कारणबाट नै मृतक रविन राईको मृत्यु भएको पुष्टि हुन आएकाले यी प्रतिवादीहरू लण्डन भन्ने इच्छाकुमार राई, अमिर राई र सुरज राईलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय गरी प्रतिवादीमध्येका सुरज राई नाबालक देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम उमेर पुगेका प्रतिवादीलाई भएको सजायको आधा सजाय हुने ठहऱ्याई सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मनासिब नै देखिन आउँछ । अत: यी पुनरावेदक प्रतिवादीहरू लण्डन भन्ने इच्छाकुमार राई, अमिर राई र सुरज राईको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन र निजहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूले स्कुलको फुटबल ग्राउन्डमा भएको झगडाको विषयको पूर्वरिसइवी राखी मृतक रविन राईलाई विवाहको भोजको अवसरमा कुटपिट गरेको चोटका कारण उपचारको लागि लैजाने क्रममा बाटामै मृत्यु भएको भन्ने वारदातको कसुरमा यी प्रतिवादीहरू अर्जुन धिमाल, पुजन राई, निमन राई, संगम राई (क), लन्डन भन्न इच्छाकुमार राई र अमिर राईलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय गरी प्रतिवादीमध्ये सुरज राई नाबालक भएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम उमेर पुगेका प्रतिवादीलाई भएको सजायको आधा सजाय हुने ठहऱ्याई अर्का प्रतिवादी संगम राई(ख) को हकमा मुद्दा तामेलीमा राख्ने गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर ठहऱ्याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।९।२८ को फैसलामा प्रतिवादीहरू अर्जुन धिमाल, पुजन राई, निमन राई र संगम राई (क) को उक्त वारदातमा संलग्नता र भूमिका पुष्टि हुन नसकेकोले निजहरूको हकमा उक्त फैसला केही उल्टी भई यी प्रतिवादीहरू अर्जुन धिमाल, पुजन राई, निमन राई र संगम राई (क) ले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ तथा अन्य प्रतिवादीहरू लन्डन भन्ने इच्छाकुमार राई, अमिर राई र सुरज राईको हकमा मृतक रविन राईलाई कर्तव्य गरी मारेको भन्ने वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम जन्म कैद हुने गरी सुरू अदालतबाट भएको मिति २०७१।१२।१७ को फैसलालाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।९।२८ फैसला मिलेकै देखिँदा सदर हुने। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने यी पुनरावेदक प्रतिवादीहरू लन्डन भन्न इच्छाकुमार राई, अमिर राई र सुरज राईको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल असोज १६ गते रोज ६ मा शुभम्।

इजलास नं. १०

४५

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी, *०७६-RB-००७४ (०७८-FN-१११५), बैंकिङ कसुर, निर्मल तामाङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेकोमा इन्कार रही अधिकारप्राप्त अधिकारी एवं उच्च अदालत पाटनको वाणिज्य इजलाससमक्ष बयान गरे तापनि मिसिल संलग्न यी प्रतिवादीसमेतले जाहेरवालालाई जारी गरेको चेकको सक्कल प्रति हेर्दा एभरेष्ट बैंक लिमिटेड, कालीमाटी शाखाको खाता नं. ०३७००५०१२०५५७० को ००३४२६६९६१ नम्बरको चेक पुनरावेदक प्रतिवादी निर्मल तामाङ र अर्का प्रतिवादी खुश्बु बर्तौलाको संयुक्त नामको देखिन्छ । सोही चेकबाट भुक्तानी लिनु भनी यी प्रतिवादीसमेतले मिति २०७५।३।३१ मा रू.२,००,०००।- को चेक काटिदिएकोमा सो चेक भुक्तानीका लागि मिति २०७५।४।३१ मा सिभिल बैंक लिमिटेड, कीर्तिपुर शाखामा पेस भएकोमा खातामा पर्याप्त रकम नभएको (Insufficient Fund) भनी उक्त चेकको भुक्तानी हुन नसकेको मिसिल संलग्न सिभिल बैंक लिमिटेडको Cheque Information Report बाट देखिन्छ । त्यस्तै प्रतिवादीले मौकामा आफ्नो हस्ताक्षर किर्ते गरी आफ्नोसमेत नामको चेक जारी गरेको भनी कसैउपर कुनै कानूनी कारबाही चलाएको पनि देखिँदैन । अपितु जाहेरवालाले सुरू उच्च अदालत पाटनमा उपस्थित भई जाहेरी बेहोरा समर्थित हुने गरी यी प्रतिवादीले चेक जारी गरेको भनी बकपत्र गरेकोसमेतका मिसिल प्रमाणबाट यी प्रतिवादीले आफ्नो खातामा पर्याप्त मौज्दात छैन भन्ने जानकारी हुँदाहुँदै जाहेरवालालाई चेक काटी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले सोही ऐनको दफा १५ बमोजिम ५ (पाँच) दिन कैद, रू. १,००,०००।- (एक लाख रूपियाँ) जरिवाना र प्रतिवादीबाट जाहेरवालाले बिगो भराइलिन पाउने ठहराएको सुरू उच्च अदालत पाटनको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

पुनरावेदक प्रतिवादीले सर्वोच्च अदालतबाट चेक अनादर मुद्दा दुनियाँवादी भई चल्न सक्ने र फिरादबाटै न्यायिक उपचार प्राप्त हुन सक्ने प्रकृतिको भई त्यस्तो विवादलाई सरकारवादी फौजदारी बनाई चलाउनु हुँदैन भनी नजिर सिद्धान्त प्रतिपादन भएकोमा उच्च अदालत पाटनको फैसला उक्त सिद्धान्त विपरीत भएको भन्ने जिकिर छ, त्यसतर्फ हेर्दा पुनरावेदक प्रतिवादीले पुनरावेदनपत्रमा उल्लेख गरेको निर्मला सोडारी विरूद्ध गणेशकुमार रावलको जाहेरीले नेपाल सरकार भएको उक्त बैंकिङ कसुर मुद्दामा भएको फैसला यस अदालतको पूर्ण इजलासबाट उल्टी भई अदालतसमक्ष बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधिभित्रै रही निरूपण गर्नुपर्ने हुँदा चेक अनादर भएको दिन लागु रहेको कानूनहरूमध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादित भइसकेको अवस्था हुँदा (०७६-NF-००११, फैसला मिति २०७९।१।२२) उल्लिखित नजिर सिद्धान्तको आधारमा यी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउन सक्ने अवस्था देखिन नआउने।

प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरमा बैंकिङ कसुर र सजाय ऐन, २०६४ को दफा १५ बमोजिम ५ (पाँच) दिन कैद, रू. १,००,०००।- (एक लाख रूपियाँ) जरिवाना र जाहेरवालाले प्रतिवादीबाट बिगो भराइपाउने ठहर गरेको उच्च अदालत पाटनबाट मिति २०७५।१२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गम्भीर घिमिरे

इति संवत् २०७९ साल असार १३ गते रोज २ शुभम्।

४६

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी, *०७८-WH-०१३९, बन्दीप्रत्यक्षीकरण, रविन पाख्रिनको नाउँमा निमा पाख्रिन वि. राजश्व अनुसन्धान विभाग, ललितपुर*

नेपालको संविधानको धारा १३३ (२) र (३) अनुसार यस अदालतले व्यक्तिको मौलिक हकको उल्लङ्घन वा वैकल्पिक कानूनी उपचारको व्यवस्था नभएको वा त्यस्तो उपचार पर्याप्त र प्रभावकारी नभएको कुनै कानूनी हकको उल्लङ्घन भएको अवस्थामा मात्र यस अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी उपर्युक्त आदेश जारी गर्न सक्ने अवस्था रहन्छ । व्यक्तिलाई गैरकानूनी ढङ्गले प्रकाउ गरेको, अधिकार क्षेत्रको अभाव, प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन, अनिवार्य रूपमा पालन गर्नुपर्ने कार्यविधिको पालना नगरेको वा प्रवृत्त धारणाले पक्राउ गरेको जस्ता पूर्वावस्थाको विद्यमानता देखिएमा यस अदालतले सो क्षेत्राधिकार ग्रहण गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दछ । प्रस्तुत निवेदनको हकमा यी निवेदकलाई अख्तियारप्राप्त निकायले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरेको तथा प्रमाणको मूल्याङ्कन गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा (११)(१)(ग) बमोजिम धरौट माग गरेको र मागबमोजिमको धरौटी रकम दाखिल गर्न नसकी सम्बन्धित अदालतबाट म्याद थप गरी गराई अनुसन्धान तहकिकातका क्रममा प्रहरी हिरासतमा राखेको देखिएको र निवेदक विरूद्धको कसुरको सम्बन्धमा अनुसन्धान कार्य समाप्त भई उच्च सरकारी वकिलको कार्यालय, पाटनमा अभियोजन रायको निमित्त पेस भइसकेको एवम् पेस भएबमोजिम अभियोग दायर भएमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १८ बमोजिम सम्बन्धित अदालतमा थुनछेक बहसको क्रममा प्रत्यर्थी विभागले धरौट माग गर्ने गरी गरेको आदेश पुनरावलोकन हुनसक्ने अवस्था देखिन्छ । उच्च अदालतबाट हुने सो आदेशमा मिसिल प्रमाणको उचित मूल्याङ्कन गरी धरौट रकममा पुनर्विचार हुनसक्ने नै हुन्छ । त्यस अवस्थामा निवेदकले बदर गर्न माग गरेको राजस्व अनुसन्धान विभागको उपर्युक्त आदेशउपर पर्याप्त र प्रभावकारी कानूनी उपचारको उपलब्धता नरहेको भन्न मिलेन । निवेदकले उपचार माग गरेको विषयमा साधारण अधिकार क्षेत्रअन्तर्गत नै उपचारको उपलब्धता रहेको देखियो । यस प्रकार कानूनबमोजिम अधिकारप्राप्त निकायले कानूनको प्रक्रिया अवलम्बन गरी भएको आदेशबाट थुनामा रहेको कार्यबाट निवेदकको संविधान प्रदत्त मौलिक हक एवम् कानूनी हकको उल्लङ्घन भएको भनी मान्न र निवेदकको थुनालाई समेत गैरकानूनी भन्न मिल्ने अवस्था देखिन नआउने । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बासुदेव पाण्डे

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति सम्बत् २०७८ साल फागुन ९ गते रोज २ शुभम् ।

४७

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी, *०७६-RB-०१७१ (०७८-FN-०७००), बैंकिङ कसुर, निर्मला तामाङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले सुरू उच्च अदालत पाटनको वाणिज्य इजलाससमक्ष बयान गर्दा चेकमा लेखिएको मिति र हस्ताक्षर मात्र आफ्नो भएको, जाहेरवाला विजनेश पाटनर भएको हुँदा निजलाई मिति लेखी हस्ताक्षर गरिदिएको र खातामा रकम छैन भन्ने कुरा जाहेरवालालाई चेक लिने समयमा थाहा जानकारी भएको भन्ने उल्लेख गरेको देखिन्छ भने मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवाला कविर भट्टराईलाई कारोबारको सिलसिलामा आफ्नो सनराइज बैंक लि. कालीमाटी शाखाको खाता नं. ००८०४५५१०९२०५००१ को चेक नं. ०००६०३०३१२ बाट रू. १५,००,०००।- को चेक जारी गरेको, उक्त खातामा चेकमा उल्लिखित रकम मौज्दात नभएको कारण बैंकद्वारा सो चेक बाउन्स भएको र आफ्नो गल्ती भएको भनी आरोपित कसुर स्वीकार गरेको देखिन्छ । मिसिल

संलग्न यी प्रतिवादीले जाहेरवालालाई जारी गरेको चेकको सक्कल प्रति हेर्दा सनराइज बैंक लिमिटेड, कालीमाटी शाखाको ०००६०३०३१२ नम्बरको चेक पुनरावेदक प्रतिवादी निर्मल तामाङको नामको देखिन्छ । सोही चेकबाट भुक्तानी लिनु भनी यी प्रतिवादीले मिति २०७५।३।१ मा रू. १५,००,०००।- लाखको चेक काटिदिएकोमा सो चेक भुक्तानीको लागि मिति २०७५।३।१४ र २०७५।३।१७ मा एभरेष्ट बैंक लिमिटेड, कालीमाटी शाखामा पेस भएकोमा खातामा पर्याप्त मौज्दात नभएको (Insufficient Fund) भनी उक्त चेकको भुक्तानी हुन नसकेको मिसिल संलग्न एभरेष्ट बैंक लिमिटेड, कालीमाटी शाखाको Cheque Information Report बाट देखिन्छ । जाहेरवालाले सुरू उच्च अदालत पाटनमा उपस्थित भई जाहेरी बेहोरा समर्थित हुने गरी यी प्रतिवादीले चेक जारी गरेको भनी बकपत्र गरेकोसमेतका मिसिल प्रमाणबाट यी प्रतिवादीले आफ्नो खातामा पर्याप्त मौज्दात छैन भन्ने जानकारी हुँदाहुँदै जाहेरवालालाई चेक काटी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले सोही ऐनको दफा १५ बमोजिम १५ (पन्ध्र) दिन कैद, रू. १५,००,०००।- (पन्ध्र लाख रूपियाँ) जरिवाना र प्रतिवादीबाट जाहेरवालाले बिगो भराइलिन पाउने ठहराएको सुरू उच्च अदालत पाटनको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

पुनरावेदक प्रतिवादीले सर्वोच्च अदालतबाट चेक अनादर मुद्दा दुनियाँवादी भई चल्न सक्ने र फिरादबाटै न्यायिक उपचार प्राप्त हुन सक्ने प्रकृतिको भई त्यस्तो विवादलाई सरकारवादी फौजदारी बनाई चलाउनु हुँदैन भनी नजिर सिद्धान्त प्रतिपादन भएकोमा उच्च अदालत पाटनको फैसला उक्त सिद्धान्तविपरीत भएको भन्ने जिकिर छ, त्यसतर्फ हेर्दा पुनरावेदक प्रतिवादीले पुनरावेदनपत्रमा उल्लेख गरेको निर्मला सोडारी विरूद्ध गणेशकुमार रावलको जाहेरीले नेपाल सरकार भएको उक्त बैंकिङ कसुर मुद्दामा भएको फैसला यस अदालतको पूर्ण इजलासबाट उल्टी भई अदालतसमक्ष बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधिभित्रै रही निरूपण गर्नुपर्ने हुँदा चेक अनादर भएको दिन लागु रहेको कानूनहरूमध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादित भइसकेको अवस्था हुँदा (०७६-NF-००११, फैसला मिति २०७९।१।२२) उल्लिखित नजिर सिद्धान्तको आधारमा यी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउन सक्ने अवस्था देखिन नआउने ।

प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरमा बैंकिङ कसुर र सजाय ऐन, २०६४ को दफा १५ बमोजिम १५ (पन्ध्र) दिन कैद, रू. १५,००,०००।- (पन्ध्र लाख रूपियाँ) जरिवाना र जाहेरवालाले प्रतिवादीबाट बिगो भराइपाउने ठहराई गरेको उच्च अदालत पाटनबाट मिति २०७५।९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : गम्भीर घिमिरे

इति संवत् २०७९ साल असार १३ गते रोज २ शुभम् ।

इजलास नं. १४

४८

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी, *०७०-CI-१२९४, निर्णय बदरसमेत, बालचन्द्र पाण्डेसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय, काठमाडौंसमेत*

पुनरावेदन अदालत तुलसीपुरको मिति २०७०।५।३० को आदेशबमोजिम सम्बन्धित स्थानबाट मिति २०७०।९।२१ मा भइआएको नक्शा सर्जमिन मुचुल्का हेर्दा, विवादित जग्गा न.नं. ७, सोको पूर्वमा न.नं. ५ को चुरे खोला, पश्चिममा न.नं. ४ को कमिरे खोला, दक्षिणमा न.नं. २ को कमिरे र चुरे

खोलाको दोभान तथा उत्तरमा चरिङ्गे दह सामुदायिक वन रहेको देखिन्छ भने सो जग्गामा पिपलका रूख, मसला, खयर, सिसौ, रोहिनी, वैदारो जस्ता जातका रूखहरू, बुट्यानहरू, बनमारा घाँस भई हाल चरिङ्गे दह सामुदायिक वनले उपभोग गरेको भन्ने उल्लेख भएको देखिन्छ । यसैगरी विवादित स्थानमा २५/२६ सालतिर घनघोर जङ्गल भई स्यानी वन दमार नामले चिनिन्थ्यो ।०३५/३६ सालतिर वन बिनास हुन गई ०४४/४५ सालमा पुनः नयाँ बोट बिरूवा रोपी २०५१ सालदेखि यहाँको समूहलाई वन हस्तान्तरण गरेको हो । यो जग्गा वनको नक्साभित्र पर्ने जग्गा हो भनी सर्जमीनका सबै मानिसहरूले एकै मिलानको बेहोरा लेखाएको पाइन्छ । यसबाट विवादित जग्गामा कोही कसैले कुनै समयमा खेत जोत गरी खेतीपाती लगाई जग्गा भोग गरेको भन्ने पनि देखिन आउँदैन । साथै उक्त विवादित न.नं. ७ को चार किल्ला पुनरावेदक वादीले फिरादमा उल्लेख गरेको चार किल्लासँग मिले भिडेको पनि देखिन नआउने ।

अदालतको फैसलाबाट समेत हक हुन आएको जग्गा विपक्षी वन कार्यालयले डिमार्केसनभित्र पार्‍यो भनी २०२६ सालदेखि समय समयमा वन कार्यालयलगायतको विभिन्न निकायहरूमा निवेदन दिई विभिन्न किसिमका कारबाही भइरहेको र यस अदालतको परमादेशको आदेशबमोजिम प्रतिवादी वन तथा भू-संरक्षण मन्त्रालयले २०५९।२।२० मा निवेदकको नाममा नामसारी गर्न नमिल्ने भनी गरेको निर्णयपश्चात् अदालतमा प्रवेश गरेको देखियो । यसरी सर्भे नापीका समयमा आफ्नो २२ बिगाहा १ कट्ठा १ धुरमध्ये विवादित ३-१५-० बाहेक अरू जग्गा दर्ता भइसकेको भनी स्वीकारेको अवस्था छ । सो दर्ता भएको भनिएको जग्गा र यस विवादित जग्गा एकै ठाउँमा नभई विवादित जग्गाको पूर्व पश्चिमतर्फ विभिन्न व्यक्तिहरूको घर र आवादी जग्गाहरू रहेको नाप नक्सा मुचुल्काबाट देखिएबाट पनि सो जग्गा एकै चक्लाभित्रको एउटै स्रोतको जग्गा भनी मान्न मिल्ने अवस्था देखिएन । त्यसरी अन्य जग्गा दर्ता भई विवादित जग्गा मात्र वादीका नाममा नाप नक्शा हुन नसकेको स्पष्ट कारण खुलाएको पनि पाइएन भने विवादित जग्गाको सर्भे नापी हुँदा यी पुनरावेदक वादीले विवाद पनि उठान गर्न सकेको देखिएन । यसरी नै विवादित जग्गामा पहिलेदेखि नै घनाजङ्गलको रूपमा रहेको भई सो जग्गामा यी पुनरावेदकको भोग रहेको भन्ने पनि नदेखिएको अवस्थामा बहसको क्रममा उठाउनु भएको प्रतिपादित नजिर सिद्धान्त, विद्वान् कानूनी व्यवसायीको बहस जिकिर एवं यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने ।

अतः जग्गासम्बन्धी हक स्वामित्वको विषयवस्तु भएकोले आफ्नो स्वामित्व कायम गराउन पुनरावेदकले धेरै अगाडिदेखि नै विभिन्न कारबाही अघि बढाएको भने पनि वन तथा भू-संरक्षण मन्त्रालयले गरिदिएको निर्णयपश्चात् मात्र सरकारले जग्गा अपहरण गरेको दाबी लिई अदालतमा प्रवेश गरेको अवस्थामा दाबीको जग्गा दर्ता नै हुन नसकेको एकातिर देखिन्छ भने अर्कोतर्फ दर्ता नै नभएको जग्गा के कसरी अपहरण भएको हो भनी स्थापित गर्न सकेको देखिन आउँदैन । यसै गरी विवादित जग्गामा यी पुनरावेदकले खनजोत गरी खेतीपाती लगाएको वा कुनै किसिमले भोगचलन गरेको भन्ने मिसिल संलग्न नक्सा सर्जमिन मुचुल्काबाट देखिन आउँदैन । यसरी नागरिक अधिकार ऐन, २०१२ को दफा १८ अनुरूप प्रत्यर्थी वन कार्यालय, दाङसमेतले पुनरावेदकको विवादित ३-१५-० जग्गा अपहरण गरेको भन्ने दाबी पुष्टि हुने स्पष्ट आधार प्रमाण पेस हुन सकेको छैन भने उक्त जग्गाबाहेक अरू जग्गा दर्ता गरिसकेकोसमेत अवस्थामा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा पुनरावेदक वादीको दाबी जिकिर पुग्न सक्ने अवस्था देखिएन । वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।२।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने ।

इजलास अधिकृत: गम्भीर घिमिरे

इति संवत् २०७९ साल कार्तिक २९ गते रोज ३ शुभम् ।

४९

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CI-०४५५, नापी दर्ता बदर, अमर बहादुर पाल वि. मानबहादुर पाल*

मिसिल संलग्न नक्सा मुचुल्काहरू र जग्गाधनी दर्ता प्रमाणपुर्जासमेतका अनुसार प्रत्यर्थी/वादी मानबहादुर पालको साबिक कित्ता नम्बर ९४ क्षेत्रफल ०-९-१० र कित्ता नम्बर २७० क्षेत्रफल ०-१-१३ गरी ०-११-३ को हिसाबले ३७७५.७२ वर्गमिटर हुनुपर्नेमा हाल कित्ता नम्बर २५८२ को २३९२.५० वर्गमिटर भएको अर्थात् १३८३.२२ वर्गमिटर कम भएको साथै साबिक कित्ता नम्बर ५७१ को ०-५-४ र कित्ता नम्बर ५५८ को क्षेत्रफल ०-१-११ गरी ०-६-१५ को हिसाबले वर्गमिटर २२८५.७५ हुनेमा हालको कित्ता नम्बर ८१४७ को क्षेत्रफल १९७२.५० अर्थात् ३१३.२५ वर्गमिटर कम हुन गएको देखिन्छ। अर्कोतिर, पुनरावेदक/प्रतिवादी अमरबहादुर पालको साबिक कित्ता नम्बर ५७० को ०-२-२ को हिसाबले वर्गमिटर ७११.१२ हुनेमा हालको कित्ता नम्बर २५७४ मा वर्गमिटर ९७५ रही बढी वर्गमिटर २६३.८८ देखिन आएको साथै साबिक कित्ता नम्बर २७२ को ०-११-१६ को हिसाबले ३९९५.८३ वर्गमिटर हुनेमा कित्ता नम्बर २५८४ को ४१२० वर्गमिटर रहेको पाइन्छ । प्रतिवादी जयमती जोशीको साबिक कित्ता नम्बर ९२ को क्षेत्रफल ०-१-१७ र कित्ता नम्बर २६१ को क्षेत्रफल ०-१५-३ गरी जम्मा ०-१७-० को हिसाबले वर्गमिटर ५७५६.७१ हुनपर्नेमा हालको कित्ता नम्बर २५८० को वर्गमिटर ४८६२.५० रहेको देखिने।

मिति २०७१/०७/२८ मा भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. ३ कि.नं. ८१४७ प्रत्यर्थी/वादी मानबहादुर पालको नाममा दर्ता र भोगचलन रहेको जग्गा हो भने न. नं. ४ कि.नं. २४७५ मध्येकै विवादित जग्गा हो र उक्त जग्गा पुनरावेदक/प्रतिवादी अमर बहादुर पालको भोगचलनमा छ। न.नं ५ कि.नं. २५७४ पुनरावेदक/प्रतिवादी अमर बहादुर पालको नाममा दर्ता रहेको र भोगचलनमा रहेको जग्गा हो। त्यसैगरी न.नं. ८ र ९ कि.नं. २५८० जयमति जोशीको नाममा दर्ता भई निजकै भोगचलनमा रहेको जग्गा हो भने न.नं. १० कि.नं. २५८० भित्रकै विवादित जग्गा हो, त्यसैसँग जोडिएको न.नं. १२ प्रत्यर्थी वादी मानबहादुर पालको नाममा दर्ता र भोग रहेको जग्गा हो। नक्सा मुचुल्काको न.नं. १८ कि.नं. ८१५१ प्रत्यर्थी वादी मानबहादुर पालको जग्गा हो, न.नं. १९ को जग्गा कि.नं. ७५४८ भित्रकै विवादित जग्गा हो भने न.नं. २० कि.नं. ७५४८ पुनरावेदक प्रतिवादी अमरबहादुर पालको नाममा दर्ता कायम भई निजको भोगचलनमा रहेको जग्गा भएको भनी उल्लेख भएको देखिने।

विवादित भनिएको नक्सा नम्बर १० हालको प्रत्यर्थी जयमती जोशीको नामको हाल कित्ता नम्बर २५८० भित्र परेको भए पनि वादीको साबिक कित्ता नम्बर २७० र ९४ मध्येबाट हालको सर्वेमा कायम भएको कित्ता नम्बर २५८० को हाल साबिकबाट देखिएको नापी कार्यालयको चलानी नम्बर ७८३ मिति २०७०/०८/२६ को पत्रले प्रस्ट्याएको हुँदा सो नक्सा नम्बर १० को क्षेत्रफल ४२० वर्गमिटर पनि पुनरावेदक वादीको साबिक कित्ताको भए पनि अन्यथा भएको देखिँदा त्यसमा पनि वादीको हक कायमसमेत हुनुपर्ने देखिन आउँदछ। त्यसै गरी नक्सा नम्बर १९ को १२० वर्गमिटर जग्गा पुनरावेदक वादीको साबिक कित्ता नम्बर २७० र ९४ मध्येको रही कित्ता नम्बर ७५४८ अमरबहादुर पालको नाममा दर्ता रहेको नक्साबाट देखिएको र चलानी नम्बर ७८३ मिति २०७०/०८/२६ को नापी कार्यालयको पत्रले सो भाग पुनरावेदक वादीको साबिक कित्ता नम्बर २७० र ९४ भित्रको देखिएको हुँदा नक्सा नम्बर १९ को १२० वर्गमिटरसमेत वादीको हुनुपर्नेमा अन्यथा रहेको देखिने।

तसर्थ, नक्सा मुचुल्काको न.नं. १० को जग्गाको हदसम्मको हाल नापीको नाप नक्सा र दर्ता भइसकेको भए दर्तासमेत बदर भई सो हदसम्मको जग्गा यी वादीको नाउँमा दर्ता कायम हुने र सोबाहेकको अन्य जग्गासमेत प्रतिवादीहरूले आफ्ना नाउँमा घुसाई नापी

दर्ता गराए भन्नेसमेतको फिराद दाबी सो हदसम्म पुग्न नसक्ने ठहर गरी सुरू कन्चनपुर जिल्ला अदालतबाट मिति २०६९/०६/०३ मा भएको फैसला केही उल्टी भई "यस अदालतबाट भएको नक्सा मुचुल्काको नक्सा नं. ४, १० र १९ को क्षेत्रफल वर्गमिटर क्रमशः २२०, ४२० र १२० जग्गा पुनरावेदक वादीको साबिक दर्तासँग भिडिरहेको देखिएबाट सो नक्सा नम्बरका जग्गाहरू तत् तत् प्रतिवादीको नामको दर्ता बदर भई प्रत्यर्थी वादीको नाममा दर्ता हुने ठहरेको साथै बाटो कायम गरेको सम्बन्धमा प्रत्यर्थी वादीको दाबी पुग्न नसक्ने" ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।१२।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: निराजन शर्मा/हिरा माया अवाल

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम्।

५०

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७६-WO-०४५०, उत्प्रेषण, सुरेश थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

नेपालको संविधानको धारा ११ को उपधारा (२) मा "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएका देहायका व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ" भन्ने व्यवस्था रहेको र उपधारा २ को खण्ड (ख) मा "कुनै व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति" भनी सपठित धारा ११ को उपधारा (२) मा उल्लिखित प्रावधानलाई स्पष्ट गरेको छ । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ" भन्ने उल्लेख भएको पाइन्छ । नेपालको संविधानको धारा १८ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने प्रत्याभूत गरिएको छ भने धारा १८ (२) मा लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा उल्लेख गरिनुका अलावा धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने छ भन्ने व्यवस्था गरिएबाट वंशजको उत्तराधिकार तथा सोका आधारमा पहिचानको समान हकसमेत पर्ने।

कुनै व्यक्ति जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्ता व्यक्तिका सन्तानले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने देखिन आउँछ । साथै यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएका र निजको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता पाउन सक्ने संवैधानिक र कानूनी व्यवस्था रहे भएको पाइयो । यी निवेदक सुरेश थापा जन्म हुँदाका बखत निजको आमा वंशजको आधारमा नेपालको नागरिक रहेको भन्ने बेहोरा निवेदककी आमा रिता कार्कीले वंशजको आधारमा लिएको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट (ना.प्र.नं. १४१०४५/८९७९५, उदयपुर) देखिएको छ। निवेदकका बाबु रमेश थापा भएको भन्ने बेहोरा निवेदकको शैक्षिक प्रमाणपत्र तथा निजको जन्मदर्ताको प्रमाणपत्रबाट खुलेको र निवेदनसाथ पेस भएको सर्जमिन मुचुल्काबाट समेत बाबु रमेश थापा बेपत्ता भएको भन्ने उल्लेख भएबाट समेत निज रमेश थापा विदेशी नागरिक होलान् भनी अनुमान गर्न सकिने अवस्था रहेन । विपक्षीहरूको लिखितजवाफमा समेत सो कुरा कहीँकतै उल्लेख भएको छैन। निवेदकको जन्म दर्ताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र तथा निजको आमा रिता कार्कीको नागरिकताको प्रमाणपत्रबाट निवेदकको जन्म नेपालमा नै भएको र स्थायी ठेगानासमेत उदयपुर जिल्लाअन्तर्गत त्रियुगा नगरपालिका वडा नं. ६ भन्ने देखिन आएको।

नेपाल पक्ष रहेका ICCPR १९६६, CRC १९८९ तथा महिला विरूद्ध सबै प्रकारको भेदभाव

अन्त्य गर्ने महासन्धि,१९७९ जस्ता महासन्धिहरूमा भएका प्रावधान, नेपालको संविधानको धारा ११ को उपधारा (१)(२) धारा १२ तथा धारा ३८(१) मा भएको संवैधानिक व्यवस्था तथा नेपाल नागरिकता ऐन, २०६३ मा रहे भएको कानूनी व्यवस्था अनुसार निवेदकका बाबुको तीनपुस्ते बंशावली नखुलेको अवस्था रहे भएपनि निज नेपालमा जन्मेकोमा विवाद नरेहको र निजको जन्मदर्ता प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्रहरूबाट समेत निजको बाबुको नाम रमेश थापा भन्ने उल्लेख भएको र वंसजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने आमाको नामबाट वंसजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न कुनै बाधा अड्चन नरहे नभएको अवस्थामा पनि तीन पुस्ते विवरण खुल्ने प्रमाण संलग्न भई आएको नदेखिएको हुँदा तीन पुस्ते विवरण खुल्ने प्रमाण पेस भई आएमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रक्रिया अगाडि बढाइने छ भनी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र नदिई सम्मानपूर्वक नेपाली नागरिक भई अन्य नेपाली नागरिकसरह प्राप्त हुने मौलिक हकमा व्यवधान र अड्चन पुऱ्याएको विपक्षी जिल्ला प्रशासन कार्यालय उदयपुरको कार्य कानून विपरीत रहेभएको पाइएकाले त्यस्तो कार्यले वैधता प्राप्त गर्न सक्ने अवस्था नरहने।

तसर्थ, निवेदक सुरेश थापाकी आमा रिता कार्कीले वंसजको नाताले नेपाली नागरिकता प्राप्त गरेकोमा विवाद नरहेको, निजहरू नेपालमा स्थाई रूपमा बसोबास गरेको देखिएको तथा बेपत्ता भएका निजका बाबु रमेश थापा विदेशी नागरिक भएको भन्ने कुरा कहीँकतैबाट प्रमाणित हुन नसकेको र निज १६ वर्ष उमेर पूरा भएको देखिएकाले जिल्ला प्रशासन कार्यालय, उदयपुरको पत्र संख्या ०७६/७७, च.न.२६९ मिति २०७६।०४।१७ को "तीन पुस्ते विवरण खुल्ने प्रमाण संलग्न भई आएको नदेखिएको हुँदा तीन पुस्ते विवरण खुल्ने प्रमाण पेस भई आएमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रक्रिया अगाडि बढाइने बेहोरा निर्णयानुसार जानकारी गराइन्छ" भन्ने निर्णय र सोबाट भए गरिएका कार्यहरूसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब निवेदकले नेपाली नागरिकताको प्रमाणपत्र पाउनका लागि पेस गरेको स्थानीय सर्जमिनसहितको स्थानीय तहको सिफारिस, जन्मदर्ताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्र र निजकी आमाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रसमेतका आधारमा निवेदक सुरेश थापालाई निजका बाबु रमेश थापा रहेको भन्ने विभिन्न प्रमाणबाट खुलेकोसमेत देखिँदा सोही बेहोरा जिल्ला प्रशासन कार्यालयको नागरिकताको ढड्डामा जनाई निजको बाबुको नाम रमेश थापा भन्ने उल्लेख गरी आमाको नामबाट वंसजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु गराउनु भनी जिल्ला प्रशासन कार्यालय, उदयपुरसमेतका विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत(उपसचिव): दामोदर घिमिरे

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम्।

५१

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७९-WH-००२३, बन्दीप्रत्यक्षीकरण, हेमबहादुर थापाको नाउँमा कमलबहादुर थापा वि. जिल्ला प्रहरी परिसर, काठमाडौंसमेत*

निवेदकलाई मिति २०७९।०१।१५ मा पक्राउ गरेपछि अन्य कसुरमा पनि उक्त समयदेखि नै अनुसन्धान गर्नुपर्नेमा नगरी बदनियतपूर्वक साठी दिनभन्दा बढी थुनामा राखिएको भन्ने निवेदन जिकिरका सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ को उपदफा (९) मा एकै वारदातको अनुसन्धान गर्दा चल्न सक्ने सबै मुद्दाको एकैपटक गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। तथापि निवेदकउपरसमेत सुन चोरी पैठारी मुद्दाको अनुसन्धान गर्दा एकआपसमा सङ्गठित भई कसैले दुवईबाट सुन पठाउने, कसैले भन्सार छली गरी विमानस्थलबाट बाहिर सुन पास गर्ने, अर्को व्यक्तिले उक्त सुन सङ्कलन गरी, सुन लिन आउने व्यक्तिबाट नगद लाभ लिई सुन बुझाउने र प्राप्त लाभ सबै मिलेर बाँडेर खाई सुन भन्सार चोरी पैठारीजस्तो आपराधिक

कार्य संगठितरूपमा गर्ने गरेतर्फ अदालतको अनुमति लिई अनुसन्धान गर्न निवेदकलाई हिरासतमा लिएको कार्यलाई बदनियतपूर्वक थुनामा राखिएको मान्न मिल्ने देखिएन। सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १४ बमोजिम सङ्गठित अपराधमा अनुसन्धान गर्नको लागि म्याद थप लागु भएको मितिदेखि मात्र साठी दिन गणना हुने हो। सुन चोरी पैठारीको कसुरमा पक्राउ परेको मिति २०७९।०१।१५ देखि नै साठी दिन गणना गर्नुपर्छ भन्नु कानूनसम्मत नहुने।

अब, काठमाडौं जिल्ला अदालतबाट मिति २०७९।०४।२६ मा निवेदकलाई थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय, डिल्लीबजारलाई पत्राचार गरेकोमा थुनामुक्त नगरी जिल्ला प्रहरी परिसर काठमाडौंले मिति २०७९।०४।२९ मा कारागार कार्यालय डिल्लीबजारलाई पत्राचार गरी सङ्गठित अपराधको कसुरमा निवेदकलाई काठमाडौं जिल्ला अदालतको मिति २०७९।०२।२७ को आदेशानुसार अनुसन्धानको लागि मिति २०७९।०४।३० मा बयान गराउन लैजानुअघिसम्म कारागार कार्यालयले निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्ने निवेदन जिकिरका सम्बन्धमा हेर्दा सुन भन्सार चोरी पैठारी मुद्दामा काठमाडौं जिल्ला अदालतको च.नं. १०५५, मिति २०७९।०४।२६ को पत्र कार्यालय समयपश्चात् प्राप्त भएको, ऐ. २७ र २८ गते सार्वजनिक बिदा परेकोले मिति २०७९।०४।२९ गते उक्त मुद्दाको रोहबाट थुनामुक्त गरी सङ्गठित अपराध मुद्दामा अनुसन्धान गर्ने सम्बन्धमा ऐ. अदालतको च.नं. १६९९४, मिति २०७९।०२।३१ को अनुमति पत्र तथा जिल्ला प्रहरी परिसर टेकु, काठमाडौंको मिति २०७९।०२।२०, च.नं. १०३०५, मिति २०७९।०३।२३ को पत्रबमोजिम निवेदकलाई जिल्ला प्रहरी परिसर, काठमाडौंमा बुझाएको भन्ने कारागार कार्यालयको लिखित जवाफमा उल्लेख भएको र जिल्ला प्रहरी परिसर काठमाडौंको लिखित जवाफमा निवेदकलाई पक्राउ गरी सुन चोरी पैठारीको कसुरमा र आपराधिक समूह नै बनाई सङ्गठित अपराध गरेतर्फ त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर विमानस्थलको मिति २०७९।०२।१६ को पत्रबाट अनुसन्धानको लागि अनुरोध भई आएकोले अदालतको अनुमति लिई मिति २०७९।०४।२९ गतेदेखि लागु हुने गरी सङ्गठित अपराधको कसुरमा म्याद थप गरी बयान गराउनेलगायतका अनुसन्धानको कार्य प्रारम्भ गरेको भन्ने उल्लेख गरेको देखिँदा सुन भन्सार चोरी पैठारी मुद्दाको रोहबाट थुनामुक्त गरिदिनु भनी पत्राचार हुनुअघि नै सङ्गठित मुद्दाको अनुसन्धानको लागि उपस्थित गराउन जिल्ला प्रहरी परिसरबाट कारागार कार्यालयलाई पत्राचार भइरहेको देखिएकोले सो अवधिमा पनि निवेदकलाई गैरकानूनी थुनामा राखिएको भन्ने नदेखिने।

यसरी निवेदकउपर सुन भन्सार चोरी पैठारी मुद्दामा अदालतबाट माग भएको धरौटीबापत निवेदकले बैंक ग्यारेन्टी दाखिला गरेपछि उक्त मुद्दाको रोहबाट थुनामुक्त गरिदिनु भनी अदालतबाट पत्राचार भएकोमा थुना मुक्त नगरी मिति २०७९।०२।२७ मा निवेदकउपर सङ्गठित अपराध मुद्दाको अनुसन्धानको लागि बयानसमेत गर्न अदालतको अनुमति लिई मिति २०७९।०४।२९ गते पत्राचार गरी मिति २०७९।०४।३० गते निवेदकलाई जरूरी पक्राउ पुर्जी दिई कारागार कार्यालय डिल्लीबजारबाट जिल्ला प्रहरी परिसर काठमाडौंमा ल्याई ऐ. ३० गते नै काठमाडौं जिल्ला अदालतबाट जरूरी पक्राउ पुर्जी स्वीकृत तथा म्याद थपसमेत गराई प्रहरी हिरासतमा राखिएको भन्ने बेहोरा जिल्ला प्रहरी परिसर काठमाडौं तथा कारागार कार्यालय डिल्लीबजारको लिखित जवाफ र रिट निवेदन बेहोरासमेतबाट खुल्न आएको।निवेदकलाई उपर्युक्तबमोजिम सुन भन्सार चोरी पैठारी मुद्दामा मिति २०७९।०१।१५ गते पक्राउ गरी हिरासत तथा थुनामा राखिएकोमा मागबमोजिमको धरौटी दाखिला गरेपश्चात् उक्त मुद्दाबाट थुना मुक्त गरी अदालतको अनुमतिले पुनः मिति २०७९।०४।२९ मा पत्राचार गरी सङ्गठित अपराधको कसुरमा अनुसन्धानको लागि कारागार कार्यालय डिल्लीबजारबाट जिल्ला प्रहरी परिसर काठमाडौंमा ल्याई काठमाडौं जिल्ला

अदालतबाट मिति २०७९।०४।२९ देखि लागु हुनेगरी म्याद थप अनुमति लिई हिरासतमा राखेको भन्ने तथ्यमा कुनै विवाद रहेको नदेखिएकाले निवेदकलाई सङ्गठित अपराधको कसुरमा मिति २०७९।०४।२९ देखि अनुसन्धान प्रारम्भ भएको मितिले संगठित अपराध निवारण ऐन, २०७० को दफा १४ अनुसार साठी दिनसम्म हिरासतमा राख्न सकिने कानूनी प्रावधानबमोजिम राखिएको अवस्थामा प्रवृत्त धारणा राखी बदनियतपूर्वक थुनामा राखिएको भन्नु मनासिब नहुने र निवेदकलाई सोही वारदातको सिलसिलामा अन्य कसुरमा पक्राउ गरी अनुसन्धान तथा अभियोजन गर्न नपाइने भनी अर्थ गर्न मिल्ने नदेखिने।

अतः निवेदक हेमबहादुर थापालाई बदनियतपूर्वक गैरकानूनी थुनामा राखिएको अवस्था विद्यमान नभई अदालतको अनुमति लिई सङ्गठित अपराधको कसुरमा अनुसन्धान गर्नको लागि म्याद थप गरी हिरासतमा राखिएको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र ७ गते रोज ३ शुभम्।

५२

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CI-१२९५, अंश, जोगी पासी वि. प्रभौती पासीसमेत*

पुनरावेदक प्रतिवादीले आफ्नो पुस्तेवारीमा सोमई पासीको छोरा घूरन पासी भई घूरनकी श्रीमती गेना पासीन र निजको एक मात्र सन्तान आफू जोगी पासी रहेको र वादीहरूको अर्कै छुट्टै पुस्तेवारी रहेको छ। वंशीको छोरा भदईको दुईवटा श्रीमतीहरूमध्ये जेठी फुला र निजको छोरा चिन्का तथा कान्छी मोती पासी हुन्। त्यस्तै वंशीको नाति भदईको छोरा गंगाराम पासी भएको एउटै जात मात्र भएको पुस्तेवारी खानदान अलग अलग भएको वादीहरू अलग अलग पुस्तेवारीका अलग अलग व्यक्तिलाई एउटै व्यक्ति हो भनी नभए नगरेको झुठा कुरा उल्लेख गरी फिरादपत्र दिएका हुन्। जिल्ला भूमि सुधार कार्यालय, कपिलवस्तुमा यी वादीहरूको हजुरबाजे वंशी पासीले मिति २०२३।५।१४ मा भरेको १ नं. अनुसूची लगत अनुसार छोटकन पासीको छोरा वंशी पासी भई वंशीको छोरा भदई भनी उल्लेख गरेबाटै यी वादीहरू छुटै नाता पुस्तेवारीका रहेको देखिएकोले वादीले दाबी गरेकै भरमा मेरो सम्पत्ति अंशबन्डा गर्नु नपर्ने गरी सुरू कपिलवस्तु जिल्ला अदालतले गरेको फैसला सदर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला बदर होस् भन्ने पुनरावेदक प्रतिवादीको मुख्य जिकिर रहेको देखियो। पुनरावेदक प्रतिवादीले प्रत्यर्थीहरू आफ्नो नाता पुस्तेवारीका नभई छुट्टै नाता पुस्तेवारीका रहेको भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, जोगी पासीले बीरपुर गाउँ पञ्चायत वडा नं. ८ जन्मस्थान र बाबुको नाम घूरन पासी देखाई मिति २०४५।१।१० मा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको साथै भदई पासीले समेत जन्मस्थानमा सोही ठेगाना र बाबुको नाम घूरन पासी देखाई सोही मितिमा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको कुरा प्रत्यर्थीहरूले पेस गरेको नागरिकताको प्रतिलिपिबाट देखिन्छ। मिसिल संलग्न वादीले फिरादसाथ पेस गरेको मालपोत कार्यालय कपिलवस्तुले कि.नं. र क्षेत्रफल प्रमाणित गरेको मिति २०६९।५।१० को प्रमाण कागजमा छोटकनको नाति वंशीको छोरा जोगी पासी भन्ने उल्लेख भएको, त्यसैगरी मालपोत कार्यालय कपिलवस्तुले कि.नं. र क्षेत्रफल प्रमाणित गरेको मिति २०६९।५।१० को अर्को प्रमाण कागजमा सोमईको नाति घूरनको छोरा जोगी पासी भन्ने उल्लेख भएको देखिएको अवस्थामा सोमई र छोटकन एउटै व्यक्ति तथा घुरन र वंशी पनि एउटै व्यक्तिका फरक फरक नाम रहेको देखिन्छ। प्रतिवादीले प्रतिउत्तरसाथ पेस गरेको वंशी पासीले मिति २०२३।५।१४ मा भरेको अनुसूची १ को कैफियत विवरणमा वंशी पासीको मृत्यु भई निजको नाउँको अचल सम्पत्ति निजको एकाघरको छोरा जोगी पासीको नाउँमा मिति २०२८।१।२ मा नामसारी

गरिएको भन्ने उल्लेख भएको र सुरू कपिलवस्तु जिल्ला अदालतको आदेशानुसार भई आएको सर्जमिन मुचुल्काबाट समेत घूरन र वंशी भन्ने व्यक्ति घूरन नै भएको तथा घूरनका दुई छोराहरू भदई पासी र जोगी पासी रहेको देखिएकोले यी भदई पासी र जोगी पासी दुई दाजुभाइ रहेको अवस्थासमेतका प्रमाणहरूको कुनै व्याख्या विश्लेषण र विवेचना नगरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट प्रत्यर्थी/वादीको फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसलालाई बदर गरी पुनः निर्णयको लागि सुरू अदालतमा पठाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अत: कपिलवस्तु जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०७३।०३।२६ मा भएको फैसलालाई बदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हिरा माया अवाल/दामोदर रेग्मी
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम्।
यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-१२८९, जालसाजी, जोगी पासीसमेत वि. प्रभौती पासीसमेत
- ०७२-CI-१२९६, बन्डापत्र लिखत बदर, जोगी पासीसमेत वि. प्रभौती पासीसमेत

५३

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, *०७९-WH-००३३, बन्दीप्रत्यक्षीकरण, प्रमोद भन्ने नन्दु साह वि. पर्सा जिल्ला अदालत तहसिल फाँट, पर्सासमेत*

प्रस्तुत रिट निवेदकले सुरू पर्सा जिल्ला अदालतको मिति २०७०।१०।२७ गतेको फैसलाबमोजिम अपहरण तथा शरीर बन्धक मुद्दामा साबिक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ९(नौ) वर्ष कैद र रू. ५०,०००।- जरिवाना भई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट यी प्रतिवादीका हकमा सुरू फैसला सदर भई निज हिरासतमा बसेको मिति २०६७।१२।३ गतेदेखि लागु हुने गरी कैद तथा जरिवाना नतिरेको हुँदा साबिक मुलुकी ऐन दण्ड सजायको ३८, ३९ र ४० नं. बमोजिम जरिवानाबापत थप चार वर्ष कैद थपगरी मिति २०८०।१२।२ गतेमा कैद भुक्तान गरी मिति २०८०।१२।०३ गतेमा छुट्टी जाने गरी कैदी पुर्जी दिएको देखिन्छ। त्यसै गरी यी प्रतिवादी कैदमा रहेको अवस्थामा रितेश कुमारको जाहेरीले वादी नेपाल सरकार भएको स.फौ.नं. ००८९ को अपहरण तथा शरीर बन्धक एवं सङ्गठित मुद्दा पर्सा जिल्ला अदालतमा दर्ता भई मिति २०७३।९।३ गते फैसला भएको र सो फैसलाउपर पुनरावेदन गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जबाट मिति २०७४।१२।२० मा फैसला हुँदा यी प्रतिवादी प्रमोद भन्ने नन्दु साहलाई साबिक मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको ३नं. बमोजिम ७ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपियाँ) जरिवाना र ऐ.ऐनको ७ नं. बमोजिम थप २ वर्ष कैदसमेत गरी जम्मा ९नौ वर्ष कैद सजाय हुने ठहरी फैसला भएको पाइयो। सुरु पर्सा जिल्ला अदालतको च.नं. १२७५२ मिति २०७१।१।३० गते कारागार कार्यालय पर्सा, वीरगञ्जमा कैदी पुर्जी पठाइएकोमा पुन स.फौ.नं. ००८९ को अपहरण तथा शरीर बन्धक एवं सङ्गठित अपराधमा लागेको कैद वर्ष ९(नौ) र जरिवाना रू.५०,०००।-(पचास हजार रुपियाँ) भुक्तान गरी छुटी जाने मिति २०७६।१२।३ गतेबाट लागू हुने गरी कैद र जरिवाना नतिरे सोबापत मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १६४ बमोजिम थप ०।५।१७ (पाँच महिना सत्र दिन) समेतको मिति २०८६।५।१९ गते सम्म थुनामा बसी ऐ. २० गते छुटी जाने गरी यी प्रतिवादी प्रमोद भन्ने नन्दु साहलाई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७६।१०।२७ गतेको फैसलाबमोजिम लागेको कैद तथा जरिवाना असुल उपर गर्ने प्रयोजनार्थ कैदी पुर्जी

दिएको देखिने।

हाल परिवर्तित अवस्थाका सन्दर्भमा पनि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(१) को व्यवस्थालाई दफा ३६(२) ले छायाँमा पारेको देखिन्छ। उक्त उपदफामा उल्लेख भए जस्तै यी निवेदकले पहिलो कसुरमा कैदको सजाय पाएकोमा सो सजाय भुक्तान नहुँदै अर्को कसुरबापत कैदको सजाय भएको हुँदा पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैद सजाय कार्यान्वयन हुने गरी जारी भएको कैदी पुर्जी कानूनसम्मत नै देखिने।

अतः यी रिट निवेदक सुरू पर्सा जिल्ला अदालत तथा तत्कालीन पुनरावेदन अदालत हेटौंडा एवं उच्च अदालत जनकपुर, वीरगन्जबाट भएको फैसला कार्यान्वयनको क्रममा कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा रहेको देखिएकोले सो थुनालाई गैरकानूनी भन्न मिलेन।निजलाई कानूनबमोजिम नै थुनुवा पुर्जी दिई थुनामा राख्न पठाएको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनु परेन बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

कम्प्युटर: शंकर गुरूङ

इति संवत् २०७९ साल कार्तिक २३ गते रोज ४ शुभम्।

५४

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ, *०७९-WH-००७१, बन्दीप्रत्यक्षीकरण, विजय कुमार यादव वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबारसमेत*

निज परिवर्तित नाम २२ जिल्ला मलंगवा ०७९(।) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) विपरीतको कसुर गरेकोले ऐ. संहिताको दफा २१९ (३)(क) बमोजिम सजाय हुनेमा निज १३ वर्ष ३ महिना ६ दिनको नाबालिग रहेको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम सजाय हुन माग गरी अभियोग पत्र पेस भएको देखिन्छ। उक्त अभियोग पत्रानुसार निजलाई कसुर ठहर भएमा अधिकतम ६ महिनासम्म कैद वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राख्न सकिने अवस्था देखिन्छ । निज नाबालिगको ज्यान जोखिममा रहेको वा निजले कसैलाई हानि नोक्सानी पुऱ्याउने अवस्था रहेको भन्ने पनि नदेखिएको, अभियोग माग दाबीबमोजिम नै सजाय हुँदा पनि निजलाई अधिकतम ६ महिना कैद वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राख्न सकिने अवस्था रहेको सन्दर्भमा निज नाबालिगको हकमा थुनछेक आदेश गर्दा बालबालिकासम्बन्धी ऐन, २०७४ को दफा २४ को उपदफा (२) आकर्षित हुन सक्ने अवस्था देखिएन। यो स्थितिमा निजको थुनछेकको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (१) र (३) आकर्षित हुने देखिन आएको हुँदा निज परिवर्तित नाम थर २२ जिल्ला मलंगवा ०७९ (।) लाई मिति २०७९।०६।२६ को सर्लाही जिल्ला अदालतको आदेशानुसार बाल सुधार गृहमा पठाउने गरी भएको सर्लाही जिल्ला अदालतको आदेश र सो आदेशानुसार निज नाबालिगलाई बाल सुधार गृह हेटौंडामा पठाइएको कार्य कानूनअनुरूप नदेखिने।

अतः निवेदक नाबालिग कानून विपरीत बालसुधार गृहमा रहेको देखिँदा निजलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न पठाउने गरी भएको सर्लाही जिल्ला अदालतको मिति २०७९।०६।२६ को आदेश र उक्त आदेशानुसार सम्पन्न भएका कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। निज नाबालिग परिवर्तित नाम थर २२ जिल्ला मलंगवा ०७९(।) बाल सुधार गृह हेटौंडाबाट बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिमको प्रक्रिया पुऱ्याई तोकिएअनुसार बालकको अभिभावकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः- डिल्लीराम प्रसाई/ईश्वर प्रसाद सुवेदी

इति संवत् २०७९ साल कार्तिक २३ गते रोज ४ शुभम्।